नव

# प्रज्ञापन

साहित्यिक पत्रिका

वर्ष : १३, अङ्क : २, पूर्णाङ्क : ३२, पुस २०६२

सम्पादक/प्रकाशक
नवराज रिजाल

सह-सम्पादक
विश्वराज अधिकारी

व्यवस्थापक
पाण्डवराज कार्की

कानूनी परामर्श
रामकृष्ण काफ्ले

विशेष सहयोगी
ध्रुव घिमिरे
हरि खनाल
गणेश रिजाल

सहयोगी
मधु मल्लिका
बैकुण्ठ नेपाल
लक्ष्मी कणेल

पत्राचार
पो.ब.नं. ९१०९, काठमाडौं

कम्प्युटर
डिजाइन एन्ड डेक्सटप
बागबजार

मुद्रण
डंगोल प्रिन्टर्स
लगनटोल, काठमाडौं

मूल्य : १५।-

## विषय-सूची

### कविता/गीत/गजल/मुक्तक

श्यामप्रसाद शर्मा/२१, गोविन्दराज विनोदी/२१, ज्ञानुवाकर पौडेल/२२, शशी लुमुम्बु/२२, गोबर्द्धनपूजा/२७, प्रमोद स्नेही/२८, रामविनय/३३, चेतनाथ धमला/३३, साम्ब ढकाल/३६, वासुदेव अधिकारी/४०, चन्द्रमान माली/४१, भागवत आचार्य ४४, मणि कोइमी/ ४५ गोविन्द ढकाल 'ढुङ्गेली'/४५, राधा कँडेल/४६, रश्मी असफल/४६, श्रीमती कमल भण्डारी/४७, अच्युत रिजाल/४७, राज 'पाखे'/४८, जरा सुवेदी/४८, लक्ष्मी थापा/४८, प्रमोद पाण्डे/४९, गणेश रिजाल/५०, शोभा थापा/५१

### कथा/लघुकथा

डा. दीनबन्धु शर्मा/७, ललिता दोषी/२३, प्रोल्लास सिन्धुलीय/३७, इन्द्रकुमार श्रेष्ठ 'सरित्'/४१, आर.आर. चौलागाईं/४२, जुनु क्षेत्री/४२, दीपक गौतम/५०, सविता रिमाल/५६

### निबन्ध/हास्यव्यङ्ग्य

माधव काफ्ले/११, विष्णु प्रभात/२९, सम्झना/३१, मधुमल्लिका/३४, प्रतिरोध कार्की/४३

### समालोचना/कृति परिक्रमा

लक्ष्मणप्रसाद गौतम/१६, कृष्णप्रसाद घिमिरे/५४ रमेश मोहन अधिकारी/५५

# अनुरोध

- रचनाका माध्यमबाट भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा योगदान गर्नु नवप्रज्ञापनको उद्देश्य रहेको छ।
- साहित्यका विविध विधा कथा, कविता, नाटक, निबन्ध, संस्मरण, समीक्षा, समालोचना, एकाङ्की, हास्यव्यङ्ग्य, भाषा, संस्कृति, कला, अन्तर्वार्ता आदि विषयहरूलाई पत्रिकामा समावेश गरिने छ।
- स्तरीय, मौलिक र अन्यत्र अप्रकाशित साहित्यिक एवं सिर्जनशील र खोजअनुसन्धानपरक रचनाको 'नवप्रज्ञापन' स्वागत गर्दछ।
- रचना पठाउँदा कागजको एकापट्टि स्पष्टसँग लेखिएको वा टाइप गरिएको हुनुपर्ने छ। कार्बनकपी गरिएका रचनाहरू स्वीकार्य हुनेछैनन्।
- रचनामा आफ्ना नाम, ठेगाना र परिचय समावेश हुनुपर्नेछ।
- आदरणीय स्रष्टाहरूलाई 'नवप्रज्ञापन' मा प्रकाशनार्थ पठाइएका रचनाहरू तीन अङ्कभित्र प्रकाशित नभए मात्र अन्यत्र पठाउन आग्रह गर्दछौं।
- रचना स्वीकृत, अस्वीकृत गर्ने, काँटछाँट गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहीत रहने छ। अस्वीकृत रचना फिर्ता नगरिने हुँदा एकप्रति आफूसँग राखेर मात्र पठाउनु होला।
- प्रकाशित रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुनुपर्ने भएकाले आफ्नो रचनाप्रति लेखक(लाई गम्भीर हुन पत्रिका परिवार आग्रह गर्दछ।
- पुस्तक समीक्षाका लागि आफ्नो दुई प्रति कृति पठाउन पत्रिका परिवार अनुरोध गर्दछ।

# सम्पादकीय

उसका पाइला टक्क अडिए। फुत्काउने प्रयास गर्‍यो तर समर्थ बनेन। ऊभित्र आसन जमाइरहेको आत्मविश्वास ङिच्च हाँस्यो। मन निरूत्तर भयो। बन्धन मुक्त हुन खोज्यो। ओहो! त्यस्तो सोच त कहाँ थियो र? तर भैदियो। अनुहार ऐनामा हेर्‍यो। पहिले जस्तो थियो अलिकति पनि भिन्नता देखेन। ढुक्क भयो। सोच्यो जे थिएँ त्यै र त्यस्तै रहेछु।

यदाकदा सपना देख्छ। आम मान्छेले देख्ने कुरो हो त्यो। सपनाले उचाल्छ। पछार्छ। लडाउँछ। उठाउँछ। उठ्नुपर्छ। हिंड्न पाइला चाल्नुपर्छ। जानेको पनि छ तर कसरी अहँ थाहा छैन। पछि पर्दैन। कर्तव्य र अधिकार दुई पाटा हुन अलग–अलग। त्यो बाँच्ने कला पनि हो। जीवनको सिङ्गो आधारशीला, मन प्रष्ट्याउँछ। स्वीकार्छ। सत्य हो। अन्यथा मानिरहनु आवश्यक नै छैन। कहिलेकाहीं दुविधा उत्पन्न नहुने हैन आफैं छिनोफानो गर्छ। गुहार्दैन कसैलाई। आवश्यक छैन भन्ने ठम्याइ छ छातिभित्र।

सपना धेरै पहिलेदेखि नै देख्थ्यो। हिजो आजको भन्दा अलि बेग्लै हुन त अहिले पनि देख्छ। पहिल्यै प्रसङ्ग आइसक्यो। तात्विक भिन(नता छ ती दुईमा। अनि हराउँथ्यो एकान्तमा। फुल्न खोज्थ्यो तिहारको मौसम जस्तै। हावामा उड्ने कल्पना उमार्थ्यो। चारैतिर छरिन्थ्यो। पानीझैं बग्ने अभिलाषा बोक्थ्यो तर समर्थ बन्थेन। खुब घोरिन्थ्यो। निक्कै समयसम्म हराउँथ्यो। कहाँ पुग्थ्यो? नापो हुन्थेन। सोध्नेहरू नाजवाफ बन्थे। हारथाक हुन्थे तर ऊ हाँसिरहन्थ्यो।

क्षणक्षणमा सपना खोज्थ्यो। हराउँथ्यो। भेट्टाउने सत् प्रयास गरिरहन्थ्यो। भावनाको आस्था उमार्थ्यो। तृष्णाको फुलबारीमा रोप्थ्यो गोडमेलमा सरिक बन्थ्यो। सुन्दरता मुटुमा सजाउँथ्यो। भ्रमण हुन्थ्यो क्षितिजको। निस्सार सम्झन्थेन जीवन। त्यस्तो सोचसम्म थिएन कतै। फूल आस्था हो सोच्थ्यो। तृष्णा उचाइ हो हरदम गम्थ्यो। पलप्रतिपल खोज्थ्यो एउटा शान्ति। सुनिश्चितत(ाको पाटोमा सुत्थ्यो। आँखाभित्र मीठो संसार राख्थ्यो र हिंड्थ्यो। पाइला दर्‍हो टेक्थ्यो। अहँ धरमराउन दिनु हुन्न अठोट बोक्थ्यो।

मीठो सम्भावना थियो छातिमा। उवर मस्तिष्क फल्न र

फुल्न खोज्थ्यो । जहाँ पायो त्यहाँ हुन्न है ऊ सचेत गराउँथ्यो । मुसुक्क हाँसेर धन्यवाद ज्ञापन गर्दै अगाडि लाग्थ्यो । अरूले पदचापअनुसरण गरून् सोच्दैनथ्यो तर आए निषेध गर्दिनँ आफैंलाई शान्त्वना दिन्थ्यो ।

एक हूल भेटिए । कल्पना यथार्थतामा परिणत हुन खोज्दैछ सोच्यो । हात दर्‍होसँग मिलायो । कसम खाए । टक्क अडिए । ऊ एकान्तताभित्र मुस्कुरायो । साँच्चै अब अब त.... एक बसाइमा मुख खोल्यो । पक्का हो, टाउकाहरू क्रमशः हल्लँदै गए । हँ ? उसले सोध्यो । शङ्का गर्नुपर्दैन एउटाले भन्यो । उसले चस्मा फुकालेर हेर्‍यो । अर्कोले समर्थन गर्‍यो । विश्वस्त बन्न करै लाग्यो । होला नै, सकारसात्मक सोच बनायो । नकारात्मक भावलाई पछार्न कम्ती प्रयत्न गर्नु परेन । तर पनि हार मानेन ।

सँगै हिंड्न लागे । चाह थियो । दङ्ग पर्‍यो । ढुक्क पनि भयो । साथ छुट्ला भन्नेमा सयमा सय प्रतिशत विश्वास थिएन । मनको उपज थियो । लामो अन्तरालको इच्छा सिंगो आस्था र भर्भराउँदो विश्वास । जिउँदो विचार अनि दृढ अठोट । परिस्थितिले अकस्मात पल्टा खायो । विश्वास लागेन । कहाँ हुनु त्यस्तो ? धत् नचाहिने कुरा आफैंलाई झपार्न खोज्यो तर समर्थ भएन । अनि असमर्थ पनि भएन । ठिङ्ग उभिएर चारैतिर हेर्‍यो ।

मन, छाति र आँखा भरिभरि प्रतिप्रश्न उठिरहे । वरिपरि आँखा घुमे । लत्तो छाड्नेहरू मस्तीमा थिए । ओहो उघ्राउन व्यस्त । रिस त उठ्यो तर प्रकट गरेन । मुन्टो हल्लायो । तिनीहरूको पाखुरा समाएर तान्न खोज्यो । तर सफल भएन । घुँडा धसेर चपाउँदै थिए । इसारा गरेर डाक्यो । व्यर्थ भयो । अनि अनुनय विनयले पनि काम गरेन ।

एकछिन घोत्लियो । समय माग्यो । एकान्तमा पुर्‍यो । सम्झाइ बुझाइ गर्‍यो । औंला ठाडो पार्‍यो । आँखा राता तुल्याएर रोष जनायो । तर अहँ किन सुन्थे ? मरेकाटे सुन्दै सुनेनन् । अर्कोतिर फर्किएर हात हल्लाए । अनि आफैंमा हराए । पोखिए उठ्नै नसक्ने गरी । सुरुमा पत्यार नभए पनि अन्त्यमा हारथाक बन्नु पर्‍यो । ऊ पनि हात हल्लाएर बिदा भयो । ती हिँहिँ गरेर हाँसे । केही बोलेनन् । आफूसँग राख्न गरेको प्रयास अफल भएपछि खुबै झोक्किएका थिए । यसकारण होला अरू केही बोलेनन् । उसका पाइला निरन्तर गतिशील बनिरहे ।

शिखर पुगेर हेर्‍यो । ती छटपटाउदै रहेछन् । सम्भवतः त्यसैले होला उठ्दै र बस्दै गरिरहेका थिए । देख्यो । तिनीहरूले देखेनन् । एक्लै मुसुक्क हाँस्यो । ध्यान अन्यत्र खिच्न खोज्यो । अनि आँखा चिम्लिन चाह्यो । तर सम्भव भएन । आँखा त्यतै त्यतै केके हो खोजिरहेका थिए ।

अन्त्यमा २०६२ सालको विजयादशमी, दीपावली तथा छठपर्व सबै नेपालीको निम्ति सुखद् बनोस् हार्दिक मङ्गलमय शुभकामना !

# समाचारको समाचार

- **राष्ट्रिय प्रतिभा पुरस्कार वितरण**

श्री ५ को सरकारद्वारा प्रदान गरिने आर्थिक वर्ष २०६१/०६२ को राष्ट्रिय प्रतिभा पुरस्कार यस वर्ष साहित्यतर्फ डा. तारानाथ शर्मा, नाट्यसङ्गीततर्फ हरिप्रसाद रिमाल, संस्कृतितर्फ डा. राजाराम सुवेदी र ललितकलातर्फ राजेश अवालोई प्रदान गरियो ।

- **महाकवि देवकोटा पुरस्कार प्रदान**

नेपाली वाङ्मय प्रतिष्ठान काठमाडौंद्वारा प्रदान गरिने महाकवि देवकोटा पुरस्कारद्वारा भानुभक्त पोखरेल पुरस्कृत हुनुभएको छ ।

- **डा. उपाध्यायलाई भारती खरेल पुरस्कार**

२०६१ सालको भारती खरेल पुरस्कार वरिष्ठ समालोचक डा. केशवप्रसाद उपाध्( ायलाई प्रदान गरिने भएको छ ।

- **राष्ट्रिय कविता महोत्सव २०६२ सम्पन्न**

हरेक वर्षझैं यस वर्ष पनि असार ९ गते नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा आयोजना गरिने राष्ट्रिय कविता महोत्सव-२०६२ सम्पन्न भयो । सो महोत्सवमा मोरङका कवि मनोज न्यौपानेको “वसन्त र फूल” शीर्षकको कविता प्रथम, झापाका कवि भरत भारद्वाजको “यसपाली यस्तै भो” शीर्षकको कविता द्वितीय र सर्लाहीका कवि नारायण निरासीको “पाए हुन्थे शान्ति नै लेख्नेलाई” र सर्लाहीकै अर्काकवि राधाकृष्ण भट्टराईको “म घाम खोजिरहेछु” तथा पाँचथरका कवि विभूति शर्माको “चराहरू” शीर्षकका कविताहरू तृतीय घोषित भए ।

- **साहित्यिक पत्रिकाहरूलाई सहयोग**

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानअन्तर्गत साहित्यिक पत्रिकाहरूलाई आर्थिक सहयोगका लागि २०६१/०६२ देखि स्थापना भएको “साहित्यिक पत्रिका सहयोग कोषबाट” विभिन्न ३६ पत्रपत्रिकाहरूले आर्थिक सहयोग प्राप्त गरेका छन् । सहयोग रासी बढमा ६० हजारदेखि कम्तिमा ५ हजारसम्म थियो ।

- **निर्मोही व्यास पुरस्कृत**

मोफसलमा बसेर लामो समयदेखि साहित्यसाधना गरिरहनु भएका नियात्राकार निर्मोही व्यास मातृभूमि साहित्य समाज हेटौंडाद्वारा प्रदान गरिएको यति फाइनान्स पुरस्कारद्वारा पुरस्कृत हुनुभएको छ ।

- **कवि युद्धप्रसाद मिश्रको प्रतिमा तथा सङ्ग्रहालय भवनको शिलान्यास**

यही २०६२ साल असार १८ गते कवि युद्धप्रसाद मिश्रको जन्मस्थान भक्तपुर जिल्लाको सिरुटार गा.वि.स. वडा नं. ७ स्थित सोमलिङटारमा कवि युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानले एक समारोहको आयोजना गर्‍यो । सो समारोहमा साहित्यकार मोदनाथ प्रश्रितले श्री मिश्रको प्रतिमा तथा सङ्ग्रहालय भवनको शिलान्यास गर्नुभयो ।

- **मदन र जगदम्बाश्री पुरस्कारको घोषणा**

२०६१ सालको मदनपुरस्कार "पल्पसा क्याफे" कृतिका लागि नारायण वाग्लेलाई र जगदम्बाश्री पुरस्कार लामो समयदेखि नेपाली भाषाको श्रीवृद्धिमा योगदान गरेबापत साहित्यकार श्री फणिन्द्रराज खेतालालाई प्रदान गरिने भएको छ ।

- **महजोडी सम्मानित**

ललितपुर कलासंस्कृति प्रतिष्ठानले भाद्र १७ गते नेपालका चर्चित हास्यकलाकार जोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई 'लाका' सम्मान प्रदान गरेको छ । संस्कृतिविद् सत्यमोहन जोशीले सो सम्मान प्रदान गर्नुभएको थियो । उक्त सम्मान कार्यक्रममा ने.रा.प्र.प्र.का उपकुलपति डा. वासुदेव त्रिपाठी र संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव शङ्करप्रसाद कोइरालाले पनि सम्बोधन गर्नुभएको थियो ।

- **कविता मिलन सम्पन्न**

निजामती सेवा दिवसको उपलक्ष्यमा यही भाद्र २२ गते कर्मचारी मिलन केन्द्र दोलखाले कविता महोत्सव कार्यक्रमको आयोजना गर्‍यो । प्रतियोगी र अप्रतियोगी गरी करिब ३ दर्जन कविहरूले आ-आफ्ना रचना वाचन गरेको सो कार्यक्रममा गोविन्द चौलागाईं, सुवर्ण खड्का, अर्जुन गौतम र अजुन पोखरेलले क्रमशः प्रथम द्वितीय, तृतीया शान्त्वना पुरस्कार प्राप्त गरेका थिए । कार्यक्रममा वाचित कविताहरूको समीक्षा साहि(त्यकार हरि खनालले गर्नुभएको थियो ।

- **बालसाहित्यकार र कलाकार सम्मानित**

आनन्दभूमि मा.वि. मैतीदेवीले बालदिवसको उपलक्ष्यमा बालसाहित्यकार शान्तदास मानन्धरलाई सम्मानित गर्‍यो । सोही कार्यक्रममा बालकलाकार राज आचार्यलाई "आनन्दभूमि वर्षबालक सम्मान २०६१" दिइयो । प्याब्सनका राष्ट्रिय अध्यक्ष उमेश श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठीको आतिथ्यतामा सम्पन्न भएको थियो ।

- **नगेन्द्र थापालाई देवकोटा काव्य सम्मान**

लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानले २०६१ सालको काव्य सम्मान नगेन्द्र थापा(लाई प्रदान गर्ने निर्णय गरेको छ । आधा शताब्दीदेखि कविताको विकासमा योगदान पुर्‍याएबापत कवि तथा गीतकार श्री थापालाई सो सम्मान दिने निर्णय प्रतिष्ठानका अध्यक्ष घटराज भट्टराईको अध्यक्षतामा बसेको बैठकले गरेको थियो ।

- **हरिदेवी कोइरालाको सिर्जना सार्वजनिक**

प्रसिद्ध लोकगायिका हरिदेवी कोइरालाका लोकगीतपुस्तक, सिडी, तीजगीतक्यासेट र भिसिडीको लेखनाथ साहित्य प्रतिष्ठानले आयोजनामा भएको कार्यक्रममा प्रा.डा. चुडामणि बन्धु, लोककवि अलिमियाँ र संस्कृतिकर्मी सर्वज्ञमान प्रधानाङ्ग तथा मीनबहादुर गुरुङ (डाँफे गुरुङ) ले सार्वजनिक गर्नुभयो ।





# गोमन अवतारहरू

✍ डा. दीनबन्धु शर्मा

हिजो पूर्णिमाको आनन्द लिन सकिनँ, अब रात गाढा कालो छिप्पिंदै जानेछ ।

शून्यताको आवाज हो यो, सन्न, सनन्न्न, चिराहरू चिरिन्छन् शरीरभरि । उफ् यो उच्छ्वास, के हो यो ? भय ? तिर्खा ? अब कस्तो भय, कस्तो तिर्खा ? उठ्छु, बस्छु, उठ्छु, फेरि बस्छु । रात आफ्ना सहस्र'काला जिब्राहरू फैलाउँछ ।

रातको एक बज्थ्यो, दुई बज्थ्यो, तीन बज्थ्यो । बत्ती निभाउँथें, बत्ती बाल्थें । यही श्रृंगारटेबुलमाथिको दर्पण सामुन्ने हुन्थ्यो । म यहाँ हुन्थें, म दर्पणमा पनि हुन्थें । कुनचाहिँ म हुँ ? यस्तोसम्म प्रश्नले झस्काउँथ्यो । सायद मेरो अस्तित्व दर्पणमा देखिने आइमाईको भन्दा कमजोर लाग्थ्यो । कहिलेकाहीँ मैलाई गिज्याएर बडो निष्ठुरतापूर्वक हाँस्थी त्यो ।

'होइन, तँ पनि मुर्दा उभिएकी छस्', म चिच्याउँथें । साडीको सप्को तल खस्थ्यो । छातीमाथिबाट काँधमा पुर्‍याउँथें । 'छाती' भन्नु तिर्खा उमार्ने पहरो । दर्पणभित्रकी त्यो चलमलाउँथी । ज्युँदै हुन्थी त्यो । गाजल थियो आँखामा, लाली थियो ओठ र गालाहरूमा पोतिएको । हरियो ब्लाउज लगाएकी त्यस आइमाईको भित्र मरुभूमि थियो । त्यसको भित्र के-के थियो सबै मलाई थाहा थियो- उग्रगर्मी, उग्रजाडो, उग्रभोक, उग्रतिर्खा । पश्चिम एसियाका बालुवा फाँटहरू थिए त्यसका छातीमा बेला-कुबेला बम वर्षा हुन्थे त्यहाँ भन्ने मलाई थाहा छ, मलाई सप्पै थाहा छ- मानूँ त्यो म नै थिएँ ।

युद्धहरू, खाली युद्धहरू ।

युद्धहरू मैले लडेको कसैले देख्दैन, सत्तै कसैले देख्दैन- मेरा गोमनयुद्धहरू । आइमाईले लड्ने युद्ध कसैले देख्दैन । कति खस्रा आँखा मान्छेहरूका- कमिलाहरू कुल्चेर क्षेप्यास्त्रयुद्ध मात्र हेर्छन् मान्छेहरू । भित्तामा लोग्नेको तस्वीर अझै छ । खुप सम्वेदनशील छु भन्छ, ई । नापिस्, थुक्क मान्छे ?

केही छैन आज मसँग, भूतले चुसेको छोक्रो वर्तमान-थाँक्रो जीवन । पानी बग्थ्यो, तातो पानी बग्थ्यो- सारा नसाहरू निचोरेर बनेको । नसाहरू गोमनले झैं फणा उठाउँथे र विषवमन गर्दथे, त्यही पानी हो त्यो । पानी होइन बिख । छि ! ऱ्याल सिङानजस्तो लतपतिन्थ्यो काछहरूमा । घीनजस्तो पनि लाग्थ्यो । त्यही घीन रहिदिए हुथ्यो, त्यही शीताङ्ग कमजोरी रहिदिए हुन्थ्यो । कमजोरीको पीडा उन्मादको पीडाभन्दा हजारगुना सैह्य बन्छ । मर्ने इच्छा थिएन, खाना खानुपर्थ्यो बाँच्न । तीब्र भोक लाग्थ्यो, कालो लामो केश हावामा लहराउँथ्यो । खा(नाको तापले निस्केको पसिनाको सक्कली गन्ध आफ्नै प्रश्वासबाट भित्र पस्थ्यो- खै के-कस्तो रासायनिक प्रतिक्रिया हुन्थ्यो- बिख भरिन्थ्यो शरीरभरि रासायनिक घोल ।

खै वर्षा ! कस्तो सुकेको यो फाँट, कस्तो फुटेको पटपटी । ऊ त्यो पानी नभएको खहरेमाथि काकाकुल ठाडो घाँटी

लगाएर त्रिशंकु झैं झुन्डिएको छ ।

उफ् ! गोमनहरू उफ्रिन्थे शरीरभरि । कसैलाई डसेर बिख बगाउन सकेको भए गोमनहरू संतृप्त हुन्थे । खाएर होइन छादेर तृप्त हुने कस्तो विरोधाभास !

केही बेर तन्द्रिन्थैं ।

झ्याम्-झ्याम्-झ्याम्-झ्याम् झम्टेर डसेका सपनाहरू देख्थैं, ब्युँझन्थैं । त्यही सपनामा पुनः फर्कन पाए हुन्थ्यो । कति उत्तेजक, रोमाञ्चक र उन्मादले भरिएको क्रान्तिकारी बन्थ्यो जीवन केही छिन ।

यद्यपि कामदेव मिल्यो भनेथैं ।

भीषण फणाहरू फैलाउने गोमनहरूको मालिक देखेथैं त्यसलाई । गोरो लामो अनुहारमा कलमी गरेका चिल्ला काला केसहरूको छायाँले देदीप्यमान थियो त्यो । विशाल बज्रछाती र सबल भुजाहरू लिएको महारथीजस्तो थियो त्यो । त्यस दुष्यन्तजस्तो अचूक सिकारीको एउटा निसाना मात्र पनि मेरो गोमनहरूको निम्ति विष्फोटक प्रतिद्वन्द्वी हुन्छ भन्ने मलाई लागेथ्यो । अनि त मलाई सौता बनेर यस घरमा भित्रिनु आँखा चिम्लेर गर्न सकिने निर्णय बन्यो ।

म भित्रिएँ, जेठी निक्ली । ढिलोचाँडो यस्तो हुनु स्वाभाविकै थियो । त्यो खोच्याउँदै गई, रुँदै गई । त्यो खोच्याइ र रुवाइ पनि सहानुभूतियोग्य होइन घृणायोग्य लागेथ्यो मलाई । अनि मेरो लोग्ने मेरा निम्ति सग्लो थियो । म त गोमनहरूको युद्ध पर्खिरहेकै थिएँ । युद्धमैदानमा ओर्लेथैं कत्रो उत्तेजना बोकेर । सम्पूर्ण क्षतालाई गोमनमा केन्द्रीकृत गरेर ओर्लेथैं । फणाहरू विद्युतगतिमा उठेथे । शरीर सग्लै ज्वालामुखीको हाइपोसेन्टर भएर उम्लेथ्यो । युद्धका निम्ति आफ्नो प्रिय प्रतिद्वन्द्वलाई ललकारेथैं । आफ्नै उत्तेजनाले विक्षिप्त बहुलाहीझैं हाँसेथैं । तीव्र विस्फोटनको सङ्घारमा थिएँ । स्वाँ-स्वाँ र फ्याँ-फ्याँको आवाज आउँथ्यो रोम-रोमहरूबाट । प्रतिद्वन्द्वी गोमनहरूलाई युद्ध आमन्त्रण थियो यो- चिर-प्रतिक्षित विषयुद्धको आमन्त्रण ।

आफ्नै आवेशले, निकट भविष्यमा घटित हुने गोमनयुद्धको रोमाञ्चक कल्प(नाको आवेशले मूर्च्छितझैं पछारिएथैं । खुला दुर्गबाट मेरा गोमनहरूले युद्ध-आमन्त्रणको शंखघोष गरेथे- स्वाँ ऽऽऽऽऽ ।

परम उत्तेजनाको मूर्च्छाबाट ब्युँझेपछि थाहा भयो- त्यो कामदेव भनेकोसँग, सुन्दरताको प्रतिमूर्तिसँग, सबल बाहुले युक्त लौहपुरुषसँग- विषविहीन, झट्काविहीन गोमनमात्र थियो । त्यो कमलपित्तले खाएको पहेंलो लाछी पानीमरुवाको विषविहीन सर्प मेरा उच्चैश्रवा घोडाजस्ता तीव्रवेग्री, तक्षक नागजस्ता दंशक, ऐरावत हात्तीजस्ता भीषण हुङ्कार गर्ने गोमनहरूलाई युद्धमा जिस्क्याएर आफैं मुर्दाजस्तो चित खाएर छेउमा पल्टिरहेको थियो ।

थुक्क जिन्दगी !

मलाई सम्झना छ त्यो नाङ्गो कमलपित्ते अर्ध नपुंसकको दयनीय वा घृणितरूप। उग्रघृणाले विक्षिप्त बनेर म उसलाई ढोकाबाट बाहिर घोक्र्याइदिन्थैं । ऊ जेठीकहाँ पुग्थ्यो- सायद त्यहाँ गोमनहरूको अवसान भैसकेको थियो । दुई-चारदिन बित्न पाउँदैनथ्यो, म गोमनहरूको सपना देख्थैं । शरीरभरि उत्तेजनाका छालहरू उठ्थे- गोमनहरू सलबलाउँथे, ज्वरो आउँथ्यो, अनि फेरि त्यही कमलपित्ते झुम्रोमा पनि केही निकाल्न सकिन्थ्यो कि भन्ने आशा लाग्थ्यो ।

'हेलो कामदेवजी ।'

'के छ नागकन्या ?'

फेरि बहुलाउँथैं । आउँथ्यो । नाङ्गेझार पारेर मैदानमा उतार्थैं । उही दयनीय



कम्पन दोहोरिन्थ्यो । लुछ्थैं । हकार्थैं त्यस लुते सर्पको टाउको निचोर्थैं । केही झर्दैनथ्यो, बरु मेरो गोमनको त्रासले हक्क(ानिएर भोलिपल्ट बिहानै जेठीकहाँ पुग्थ्यो ।

आश्चर्य लाग्छ, प्रायः अर्धनपुंसकहरू दुई बिहे गर्छन् ।

मलाई लाग्यो होला, अब यदि विकल्प छैन भने जीवन खेरै जाने भयो । मेरो मनोविज्ञान हुनसक्छ कुनै प्रतिद्वन्द्वी गोमनको खोजीमा थियो । तर विचारको त्यस्तो प्रष्ट आकार थिएन, सायद म मेरो अवचेतनको सूक्ष्मयोजनासँग परिचित थिइनँ ।

यस्तैमा आँगनमा एउटा गोमन देखापर्‍यो ।

'तिम्रो नाम के हो ?'

'वीरबहादुर ।'

'साँच्चै तिमी आफ्नो नामझैं वीर छौ त ?'

'काम त सप्पै जानेको छ ।'

'के-के जानेका छौ ?'

'खाना पकाउन, भाँडा माझ्न, कपडा धुन, तर्कारी लगाउन, परिआयो भने अरु पनि ।'

'परिआयो भने अरू पनि ?'

तर प्रत्यक्षतः ममा वैचारिक परिवर्तनहरू हुँदै थिए । छोरी हुर्कंदै थिई । त्यसमा मैले आफ्नो रुप देखेकी थिएँ । आफ्नो जीवन नै देख्न थालेकी थिएँ । लाग्थ्यो छोरी मेरै अवतार हो । यसमा मलजल गर्नुपर्छ । यसका निम्ति आफ्नो घरलाई सभ्य बनाउनुपर्छ । छोरीलाई कडा अनुशासनमा राख्नैपर्छ । ध्यान, योग, तप र साधनामा लगाउनुपर्छ । यसभित्र कुनै गोमनबाट विचलित नहुने जीवन उमार्नुपर्छ । एक्लो-पूर्ण जीवन फलाउनुपर्छ । सग्लो जीवन उठ्नुपर्छ । अर्धाङ्गिनी होइन पूर्णाङ्गिनी बनाउनुपर्छ । महत्वकांक्षाका लाठीहरू बारम्बार प्रहार गर्नुपर्छ यसभित्र उठ्ने गोमनका फणाहरू माथि ।

छोरीको हुर्काइका प्रत्येक गल्छेंडाहरूमा उभिएर मैले भनेँ– 'खबरदार तँ मेरो सग्लो अवतार होस् । यहाँ कुनै गोमन आउने छैन । कुनै गोमनबाट तेरो साधनाको विश्वामित्र च्युत हुनेछैन ।' छोरीले जान्ने भएपछि भनिथी- 'म तपाईंको पूर्णवतार हुँ, म तपाईंका सम्पूर्ण इच्छाहरू पूरा गर्नेछु ।'

यसरी फेरि जीवनको एउटा लामै यात्रा तय भएथ्यो । उफ् ! कति लामो हुन्छ जिन्दगी !

पृथ्वी घुमिरह्यो । वर्षहरू बितिरहे र सन्दर्भहरू बद्लिए ।

तर पोहोर मात्रै हो, अकस्मात् फेरि वीरबहादुरले आँगनमा साँच्चीकै गोमन देखायो- 'बज्यै कत्रो गोमन ?'

मलाई आश्चर्य लाग्यो यतिका वर्षपछि फेरि गोमन ?

गर्मी कस्तो छ ? भित्रबाहिर, गोमनै गोमन ।

बाफ रे, यो उही गोमन हो वा अर्को ? साँच्चै कति वर्षसम्म ज्युँदो रहन्छ यो ? मलाई थाहा छैन । फणा उठाइरहेको थियो । स्वाँ स्वाँ गरी झम्म झम्म वीरेलाई झम्टन खोजिरहेको थियो । वीरे गोमनको पछि लागिरह्यो, त्यो उमेर नै त्यस्तो, केही देख्नुहुँदैन ।

'गोमनलाई मारिस् ?'

'कहाँ बज्यै, दूलो खोजेर दौडिरहेको रहेछ, जातै त्यस्तो । दुलोमा पसेपछि विश्वास गर्नुहुन्छ बज्यै, त्यो पछाडिबाट पुच्छर समातेर न्वारानको बलले ताने पनि आउँदैन । त्यसलाई नमारी कहाँ छोड्छु र हजुर, मैलेचाहिँ छोड्दिनँ ।'

'म त सक्तिनँ वीरु' मैले भनेँ । किन यसो भनेँ मलाई थाहा छैन । वीरे अलमल्ल नै थियो ।

गोमन कता गयो थाहा भएन । तर यतिका वर्षपछि फेरि त्यो मेरो आँगनमा देखापर्‍यो र अब त्यो अन्त कतै नगएर

मेरा नसाहरूमा प्रवेश गरिरहेको छ जस्तो मलाई लाग्न थाल्यो । म डराएँ । डराएर के हुन्छ, मलाई त्यस्तो लाग्यो ।

केही वर्ष पहिले काम गर्न भनी राखेको वीरे अहिले लक्का जवान भएर यसरी गोमनहरूसँग जिस्किने साहसी भइसकेको छ भन्ने पनि मलाई सचेत रूमा थाहा थिएन ।

फेरि घरमा गोमनको त्रास बढ्न थाल्यो ।

बाहिर निस्पट्ट अँध्यारो थियो । गर्मी महिना भएकाले एक खालको उकुसमुकुस बढिरहेको थियो । मूलढोका लगाएको छैन कि भन्ने मलाई लागिरह्यो र उठेर त्यहाँसम्म पुगें । चुक्कुल छामें । लगाएकै थियो । एकचोटि खोलें र फेरि लगाइदिएँ । ओछ्यानमा फर्किहाल्न मन लागेन । त्यसै पसिना छुटिरहेको थियो । गोमन घरभित्रै छ जस्तो पनि लाग्यो । यस मामिलामा वीरेको के विचार थियो कुन्नी । अब मेरा पैंतालाहरू वीरेको कोठातिर घिस्रिरहेका थिए ।

मस्त निदाइरहेको थियो वीरे । त्यसले ओढेको पछ्यौराभित्र शरीरको ठिक्क माझ भागमा कुँडुलो परेर गोमनले नै फणा उठाइरहेको छ जस्तो मलाई लाग्यो । डर थियो । रोमाञ्च थियो । चिटचिट पसिनाहरू थिए । म त्यसको कोठामा पसें । छाती ढुकढुक बजिरहेको थियो । मेरो हात थरथर कामिरहेको थियो । तर पनि मैले त्यसको पछ्यौरा फालिदिएँ ।

हो, त्यहाँ भयानक गोमन थियो । मैले आफ्नो दुर्ग खोलिदिएँ ।

अब त्यहाँ गोमनहरूको आकर्षक युद्ध थियो । गोमन लडाउँदा प्राप्त हुने विस्फोटक आनन्दमा मैले आफूलाई न्यौछावर गरिदिएँ ।

'खै बज्यै हजुरका गोमनहरू त !'

'के भयो ?'

'सबै भूइँमा पसारिएका छन्, हेर्नुस् त मेरा गोमनहरूको उत्पात !'

साँच्चै, महिनौंको युद्धपछिको त्यो रात मलाई लाग्यो मेरा गोमनहरू वृद्ध र शक्तिहीन भइसकेका छन् । वीरेले ओठ लेप्प्यायो मेरो अपमानमा । मलाई रिस उठ्यो, डर लाग्यो र त्यहाँबाट दौडन मन लाग्यो । यसरी वीरे पाजीका गोमनहरूको अगाडि लुते भएर टाउको भूइँमा लतार्ने आफ्ना गोमनहरूप्रतिको उग्रघृणाले म आफैं विचलित भएँ ।

म तीव्र अपमानबोध गरिरहेकी थिएँ । मेरो मस्तिष्क तीव्र वेगले चलिरहेको थियो । मलाई डर लागिरहेको थियो । म वास्तवमा थरथर कामिरहेकी थिएँ ।

'यस वीरे पाजीलाई यस घरबाट घोक्र्याउँछु, न रहे बाँस न बजे बाँसुरी', म आफैसँग बोलिरहेकी थिएँ । मेरा खुट्टाहरू मस्तिष्कसँगै दौडिरहेका थिए । मेरो श्वास बढिरहेको थियो । म वीरेको कोठामा पुगेकी रहिछु । कोठा अँध्यारो थियो । भित्तामा हात पुऱ्याएँ । स्वीच अन भयो । बत्ती बल्यो । वीरे कोठामा थिएन । त्यसका झोला कपडाहरू पनि त्यहाँ थिएनन् ।

म हुत्तिएर बाहिर निस्कें । परको कोठामा बत्ती बलिरहेको थियो । मेरो हड्सले ठाउँ छोड्दै थियो । म दौडेर त्यहाँ पुगें । कोठा उज्यालो थियो । त्यो छोरीको कोठा हो । छोरी पनि त्यहाँ थिइनँ ।

हरे यहाँगोमनहरूले अवतार लिइसकेका थिए !

गोमनहरू भागिसकेका थिए ।

आज लोग्नेले घरबाट निकालिएर मूलद्वारबाहिरबाट भनेको वाक्य रिंगटा बनेर घुमिरहेको छ- 'मलाई डसेर बाहिर निकाल्ने तेरा गोमनहरूसँग तँ सावधान रहनू ।'

– फिलिपिन्स





# इमेज

✍माधव काफ्ले

स्वस्थ भनौं वा अस्वस्थ परम्पराको चक्रव्युहमा बेरिंदैछौं हामी ।

कुनै नयाँ किताब पाएपछि एकजनाले मात्र हैन चारैजना (चार जनाको परिवार छ हाम्रो) ले पढ्छौं र चित्त नबुझ्ना साथ आ-आफ्ना विचार तर्कपूर्ण किसिमले राख्ने संस्कार आजसम्म कायम छ, भोलि के हुन्छ भन्न सकिन्न ।

तर यसपटक त्यसो भएन । पढिसकेको किताब अलि झर्को मानेझैं गरी टेबुलतिर हुत्याउँदै छोरीले भनिन्- "हैन मदन पुरस्कार भनेको गरिमामयी पुरस्कार हो हैन र ? यसले त उत्कृष्ट किताबलाई पो यो पुरस्कार दिन्छ भनेको सुनेकी थिएँ नि !"

तर्क अलि वटारिएर आयो । हेरें- उनको आसय र हाउभाउ देख्दा यस्तो लाग्थ्यो मानौं उनी अन्तरमनले भनिरहेकी छिन्- "मदन पुरसकार गुठीले अरु कुनै किताब नभेटेर यस्तो निकम्मा किताबलाई यसपालिको मदन पुरस्कार कसरी दिएछ हँ ?"

किताब मैले पनि पढेको हुँ । लेखकका राम्रा नराम्रा पक्ष आफ्ना ठाउँमा छन् । तर जतिसुकै पखाला लागेर आउँ पर्ने खालको किताब भए तापनि लेखक आफ्नो हुति र औकात अनुसारको बल प्रयोग गरेरै भए पनि आफ्नो थेचारिएको पुरुषार्थ उकास्न यो पुरस्कार पाउने दौडमा सामेलहुन पुगेको छ र केही छुचुन्द्राहरू त स्वाँइचट पार्न सफल पनि भएका देखिन्छन् । यसमा दोष लेखकको भन्दा पनि जाँचकी टुहुराहरूको हुनुपर्ने हो । जाँचकीहरूको छुद्र प्रवृत्तिले गर्दा पनि यस्तो अस्वस्थ परम्पराको विकास हुन थप टेवा दिइरहेको यथार्थमा पुरस्कारको गरिमा र महिमाको किटानी फिराद गर्न गाह्रो परिरहेको हुनाले उपयुक्त शब्द खोज्दै थिएँ बीचैमा पण्डित्याइँ छाट्तै छोराले भन्यो- एपोलोनिज्म् एण्ड डाइनासिज्म निबन्धमा फेडरिक नित्सेले ईश्वरको मृत्युको घोषणा गरेपश्चात् विश्वका तमाम लेखक चिन्तकहरूले ईश्वरवादी सोच, परम्परा र दैवी शक्तियुक्त उपाख्यानहरूलाई तिलाञ्जलीदिएर नयाँ सोच र सिर्जनाका साथ आफ्ना अभिव्यक्तिहरूलाई सुन्दर र सुललित पार्दै तिखार्ने दिशामा अग्रसर हुँदै गएका छन् । त्यसमा पनि विज्ञानका अकल्प(नीय चमत्कार र आधार श्रृङ्खलाहरूका साथै विश्वमा देखापरेको सञ्चार क्रान्तिले परम्परावादी सोच र चिन्तनको जगलाई गल लगाउँदै धरायसी पार्ने काम गरेको हुँदा ईश्वरको अस्तित्वमाथि नै प्रश्न चिन्ह खडा गरेको छ । त्यसमा पनि हाम्रो सयौं पुस्तालाई पुगने ज्ञान, बुद्धि र विद्या त पौराणिक साहित्यले नै व्याख्या विश्लेषण गरेको परिप्रेक्षमा नयाँ ईश्वरको घोषणा गरेर औतारी बन्न खोज्नु आजको सन्दर्भमा उपहास र तिरस्कारको पात्र हुनु मात्र हो, पर्याय हुनु मात्र हो । तर दुर्भाग्य, हामी त्यसैको खोजमा अमूल्य समयका अनन्त अनन्त साँध सिमाना भत्काउँदै अगाडि बढ्ने प्रयासमा कटिबद्ध हुँदै गइरहेका छौं र त हाम्रो साहित्य र आचरण दिनानुदिन टाक्सिंदै जान थालेको छ । नत्र हामी पनि पूर्ण जोश र जाँगरका साथ छलाङ मार्दै विश्व साहित्यको हाराहारीमा कुम जुधाएर सिंगौटी खेल्न सकिहाल्थ्यौं नि !"

म अलि काँठे स्वभावको मान्छे परें ।

धर्म र अर्धको ठिमाहा सन्तान भएको हुँदा ईश्वरको बारेमा कुरा गर्नुपर्दा जहिले पनि मेरो खुट्टा काम्ने गर्दछन् । नैतिक मूल्य र मान्यताको पर्खालमा चढेर हजुर्वाले धार्मिक आचरणको दीक्षा दिँदै कर्मपथमा अघिबढ्न अभिप्रेरित गर्नुभएको हुँदा सानैदेखि धर्म र कर्मकाण्डलाई छाँद हालेर आफ्नो लक्ष्यको गोरेटाहरू खुर्कन थालेको थिएँ एकातिर भने अर्कोतिर यस अन्ध परम्पराको कुम्भिपाकबाट उकास्न घरमा काम गर्ने अन्तरी नाम गरेकी एकजना तामाङ जातकी महिला क्रियाशील थिइन् । जन्म नदिए पनि नारी जातिका समस्त गुण र गरिमालाई खन्याएर माता सरह ममता दिन सक्ने क्षमता भएकी ती बन्दनीय नारीमा ममताको खै कुन्नि ! कुन किसिमको जादु थियो- उनी अगाडि पर्नासाथ उनको निश्छल स्नेह र हार्दिक आत्मीयत(।को तातोले गर्दा लल्याकलुलुक हुन पुग्दथें । तामाङ बस्तीको बीचमा थियो हाम्रो घर । तामाङ जातिको संस्कारजन्य संसर्गले मेरो मानसिकतालाई हल्लाइरहेको थियो । पँधेरो जाने बाटो मुनि पनि तामाङ जातिकै घर थियो । लोग्ने मरेकी एकजना गुणवती नारी बस्थिन् त्यहाँ । उनको दाहिने हातको बुढी औंलामा हाँगो जस्तै अर्को औंलो पनि भएको हुँदा हाँगे बुढी भन्थ्यौं उनलाई । पँधेरामा ओहोर दोहोर गर्दा भोक लागेको बेलामा त्यहाँ पस्थ्यौं । उनी भए कहिले भुटेका मकै, कहिले कोदाको रोटी, कहिले बासीभातको डल्लो दिन्थिन् । घिन लागे पनि छिमेकीसँगको उठ बसले गर्दा पचाउँदै थियौं । नहुँदा यसो पल्याक पुलुक हेर्‍यो- काँक्रा, केराउ, काफल, आरु, आरुवखडा, मौसम अनुसारका फल जे पाइन्थ्यो टपक्क टिप्दै फू-मन्तर हुन्थ्यौं । देखे पनि उनी गाली गर्दिनथिइन्, तर भन्थिन्- मो.....रा....ले भसक्कै पारेछ....हाँ... ।"

व्रतबन्ध गरिसकेपछि "दमै-कामीले छोएको नखानू, हाँगे बुढीले दिएको नखानू है" भन्ने जंघी फर्मान जारी गर्नुभएको थियो हजुर्बाले । दमाई-कामीको घर नजिक नभएको हुनाले त्यस सन्निपाति सकसले त्यति सताएन तर छरछिमेकको याचनायुक्त आग्रहबाट भने अमलेख हुन सकिन । दुई चार दिन दरैसँग खुट्टा टेके पनि नानीदेखि लागेको बानी छुटाउनै गाह्रो पर्‍यो । पँधेरा लाग्यो कि त धर्खराई हाल्थे खुट्टा र सुटुक्क पस्थें भित्र । एकदिन त अन्तरी पनि त्यहीँ भेट्टिइन् । काँसको कचौरामातीनपानेलाई तहऱ्याएर समाधिम(।लीन रहिछिन् । बानी पारिसकेकी थिइन् । हुँदैन भन्ने थाहा भए पनि नखाने विचार राखे पनि उनले खाएको देखेपछि मन भन्ने जिनिस मुजुक मुजुक गर्न थालेपछि अन्तरीको कानैतिर मुख पुऱ्याएर अन(न्तवेगले बाँकटे हान्दै गरेको औडाहा मुसार्दै भनें- "अन्तरी अलिकति देऊ न !"

उनले मुख अमिलो पारेर डिचिक्क हाँस्दै भनिन्- "अऽहऽहऽहऽऽऽ ! अहँ हुँदैन । बाजेले थापायो भने मार्छा । अँ हँ हँ हुँदैना ।"

उनी पनि नारी जातिकै थिइन् र उनीसँग नारी सुलभ कमलोमन पनि थियो । एकछिन त अररिइन्, तर सकिनन् । माउको मुखमा चारा देखेर बच्चाले आँ.....आँ... गर्न थालेपछि बच्चालाई नखुवाई माउनिठुरी हुँदै अघाउन सक्छ र ? सशंकित नजर चारैतिर पोख्दै पुङबाट अलिकति निकालेर दिइन् । जिनिस गन्हा(उने नै लागेता पनि देहशुद्ध निमित्त हजुर्वाले दिनुहुने पाञ्चायनको पवित्र जुलभन्दा निकै नै स्वादिष्ट र उर्जाशाली लागेको हुँदा आँखा चिम्लेर घुटुक्क निलिदिएँ ।

त्यसपछि भने अपराधबोधले बेस्मारी थिच्दै लग्यो । ब्रतबन्ध गरेको बेला गायत्री सिकाउँदै बेलुका हजुर्वाले- सकेसम्म कुनै पाप नगर्नू, कहिले अन्जानमा या जाना(जानी कुनै पाप गरिस् भने नुहाउनू, जनै फेर्नू र दैनिक बाह्रपटक जप्ने गायत्री मन्त्र सामान्य भए चौबीस पटक, अलि ठूलो



भए अन्ठाउन्न पटक र त्योभन्दा पनि ठूलो भए एकसय आठपटक गर्नू र जघन्य भए एकहजार आठ जप गर्नू । त्यसो गर्दा सबै पाप पखालिन्छ "भन्नू भएको सम्भे पछि दौडदै गएर पँधेरामा खलमल नुहाएँ घर आएँ । बा, हजुर्बा लाखा पाखा लागे पछि आमाको फरियाको फुर्को समाएर बटारिएका खुट्टा स्याहार्दै भनें- "आमा एउटा जनै दिनूस् न !"

आमाले मुसुक्क हाँस्दै तर रोषपूर्ण स्वरमा भन्नुभयो- "हन हाँगेबुढीकाँ पसिस् कि क्या हो ?"

हो भन्न पनि ह्वास्स सास गन्हाउने डर, होइन भनौं भने पनि नदिनु होला भन्ने डर जर्कट भएर मुटु भित्र गाउँदै जान थालेको हुँदा सम्भौताको भाकामा डिचिक्क हाँसे मात्र ।

जनै फेरिदिएपछि फकाउँदै भन्नुभयो- "हेर बाबु, त्यसो गर्नु हुँदैन, जात जान्छ । जात फाल्यो भने सबैले गिल्ला गर्छन् । हेप्छन् । हाम्रो इज्जतको नाक काटिन्छ ।"

वात्सल्यपूर्ण आमाको आदेशलाई शिरोधार्य गर्दै केही समयसम्म त धैर्यधारण गरिरहें । तर पटकपटक पँधेरो जानुपर्दा असल आचरणको अनुष्ठान पारायणका निम्ति आँटलाई अँचेटेर कयसमा राख्न नसकेपछि खुकुलिंदै जानथालेका समस्त ज्ञानेन्द्रिय र कर्मेन्द्रियका कमानी कस्न तीनपानेको सेचन गर्दै थिगिरिन थाल्थें । त्यसको रन्को क्रमशः उग्लिन थालेपछि पश्चाताप भनाउँदो पाजी किलकिलेमा भ्रुण्डिन पुग्थ्यो । नुहाउँथें । यस पाप मोचनबाट पारायणका निम्ति जनै फेर्थे र पूजाचौकी माथि पैंलेटी कस्दै खोपाबाट हजुर्वाले जप्ने रुद्राक्षमाला झिक्दै सुर गर्न थाल्थें- "ॐ भूर्भूवस्वः तत्सवितुर्वरेण्य भर्गो : देवस्य धिमही धियो योन प्रचोदयात !

ॐ भूर्भुवस्व ! तत्स, वितृर्वरेण्य भर्गो ! देवस्य

ॐ भूर्भूवस्व तस्स वितृर्दरेण्य

पैले पैले त मुरापान जघन्य अपराध लागेको हुनाले कनीकुथी हजार आठ जप्थें । पछि एकसय आठमा खुम्चिएँ । झन् झन् पछि त योक्रम अन्ठाउन्न चौबीस हुदै बाह्रमा थन्कियो । पुरानो भएर हो वा युग फेरिएर हो अचेल त्यो क्रमले पनि कुलेलम ठोकिसक्यो । गायत्रीको गरिष्ठ अनुष्ठानले भन्दा पनि सरस्वतीको ....

त्यतिबेला रुद्राक्ष झिक्नासाथ कर्के नजरले काँचै निलुँलाभैं गरेर दपेटेको देख्दा आँखा जुधाएर गायत्री जप्ने ह्याउ नै फु-मन्तर हुने हुनाले आमासँग आँखा नजुधुन् भनेर नै आँखा चिम्लँदै आराधनामा आरोहित हुन पुग्थें । ओछ्यानमा बस्नु हुने हजुर्बा र बा भने मेरो बकुल्लाध्यान देखेर मखख पर्दै भन्नुहुन्थ्यो- "अहो ! केटो त निकै न्यास ध्यानमा तल्लिन हुन थालेछ । पुर्खाको विंडो यसैले थाम्छ क्यारे !"

बा. हजुर्बाको कुरा सुनेपछि मपट्टि फर्केर ओठलेप्याउँदै आमा मुसुक्क हाँस्नु हुन्थ्यो । आमाले पोल खोली पो दिनुहुन्छ कि भनेर डरले लुगलुग काम्दै उहाँहरूको अगाडि नै नपरी कछाडको फुर्को समाल्दै जस्केलाबाट सुइँकुच्चा ठोक्थें ।

अचेल लाग्छ- ईश्वरीय अनुकम्पा जीव, वनस्पति, वायुमण्डल भनौं यो ब्रम्हाण्डमा नै छैन । समयसँगै भनौं समयलाई हाँकेर हिंडेको एउटा गति छ र त्यही गतिको आधारले नै यो चराचर जगत चलेको छ । जल, वायु, आकाश, पृथ्वी, वर्षा, ऋतु, मास, पक्ष, सूर्य, चन्द्रमा गतिको निर्देशित आँकडा अनुसार आ-आफ्नो कक्ष वरिपरि घुमिरहेका छन् ।

भङजाहा स्वभावको सुराप्रेमी भएता पनि जीवनका अमूल्य वर्षहरू धार्मिक आचरणमा ओरलेर प्रगति नाप्ने गरिएका भगीरथ प्रयत्न सम्भदा पनि अहिले कामज्वरो आउन थाल्छ । असलमा मठमन्दिरमा विराजमान

भगवानले भन्दा पनि अजेय कालिगढका अजम्वरी सिर्जनाले मोहित तुल्याउँदै लगेको हुनाले मैले त्यहाँ धर्मका नाममा भए गरिएका पाखण्डी आचरण र पैशाचिक प्रवृत्तिभन्दा बेसी लाभदायी तत्व केही भेटिन ।

भन्नत धर्मगुरुहरू एकाग्र मनले उपासना गरे ईश्वर भेटिन्छ भन्छन् । एकाग्र मनले उसासना गर्दा ईश्वर भेटिन्छन्, भेटिन्नन्, त्यो त थाहा भएन । एकाग्रमनले उपासना गर्दा असल सिर्जना भने अवश्य भेटिने रहेछ र त पुर्खाहरूले असल सिर्जनाका लागि वनबासी भएर दीर्घ अराधना गर्दै जीवन उत्सर्ग गरेका रहेछन्। अमर सिर्जनाका लागि अचेल वन पस्न पनि नरभक्षीले चिथोर्लान् भन्ने डर, घर बस्न पनि व्यवहारका बाठमष्टाले मुर्कुट्ट बनाउलान भन्न डर । जिन्दगी जर्जर र जीर्ण हुन पुगेको अवस्थामा अजम्बरी सिर्जनाको आस गर्नु पनि आकाश अर्थात् मेघ गर्जदा हुटिट्याउँले उत्तानु परेर सगर थेग्न खोजेसरह नै हुँदै गइरहेको छ।

अँ ! त, भन्दै थिएँ- एकाग्र मनले उपासना गरे ईश्वर भेटिन्छन् भन्ने कुरा । ईश्वर भेटिने भए, कसैले भेटेका भए ईश्वरको स्वरूप कस्तो हुन्छ त आजसम्म कसैले भन्न सकेका छैनन्। संसारमा पाइने सम्पूर्ण मन्दिर र शिलालेखमा पाइने/ देखिने ईश्वरको आकृति नै मान्छेको विकृतरूप हो । टाउकोमा किरिट लगाउना साथ दाहिने हातको औंलामा कामीको खलाती भैलाग्ने घुर्रो घुमाउना साथ र देब्रे हातमा मुसल भिर्नासाथ मान्छे ईश्वर हुने भए आजका शक्तिशाली शासकहरू ईश्वर हुन पटि नलागेर दैत्य अवस्य पनि हुने थिएनन् होला ।

आज हामी जुन युगमा बाँचेका छौं यस युगमा डाइनोसरको सजीव अस्तित्वलोप भएको पनि पाँच करोड वर्ष पुगिसकेको छ। छेपारो आकृति भएको कुनै भीमकाय जीव देखापरे यो डाइनोसर हो भनेर हामी सजिलै चिन्न सक्छौं। किनभने त्यसको इमेज अहिले पनि ताजै छ हाम्रो मानसिकतामा । आठहात हुने जीवलाई हामी अक्टोपस भन्छौं । जाँतो जस्तो मासपिण्डमा अगाडि पट्टि आँखा मुख टाँसिएका र दुईतिर ती-तीन खुट्टामाथि सनासा जस्ता लामा हात हुने जीवनलाई गंगटो भन्दछौं। थुतुनोमा सुँड हुनेलाई हात्ती भन्दछौं। सिङ पुच्छर नहुने जीवनलाई चिम्पान्जी भन्दछौं। र, यो भू-मण्डलमा जेजति जीव छन् तिनीहरूको स्वतन्त्र र सजीव अस्तित्व पनि छ र आकृति पनि छ। त्यही आकृतिको पहिचानले प्रत्येक प्राणीको आ-आफ्ना नाम छन् र हामी उनीहरूको नाम सुन्ना साथ त्यस किसिमको आकृति आफ्नो मानसिकतामा तानी हाल्छौं। तर गजवको कुरो चाहिँ के देखिन्छ भने यो चराचर जगत हाँकेर हिंडेको छ भन्ने ईश्वर भनाउँदो जीवको कुनै ठोस र सजीव आकृति मैले आजसम्म देख्न पाएको छैन ।

मर्यादा पुरुष श्रीराम परमात्मा भए मूर्छा परेको भाइलाई ब्युँताउन पाजी बाँदरलाई गुहार्ने नै थिएनन् । दैवीशक्तिका अगाडि दानवी शक्ति परास्त भएका पौराणिक गाथा हामीले पढेता पनि तिनै पुराणकथाहरूमा कैयौं चोटी शक्तिशाली दानवहरूले अजम्बरी ठानिएका देवताहरूलाई तुरतुर छेराउँदै लखेटेका पनि छन् । दैवीशक्ति देवताहरूमा भए अवश्य पनि धोती कछाड भिजाएर डुङडुङी गन्हाउँदै कन्दरामा कुचुर्किन पुग्दैनथे होलान् देवताहरू । जरासन्धले कैयौं चोटी धुलो चटाएको छ कृष्णलाई । जालन्धरले शिव विष्णुजस्ता शक्तिशाली महापुरुषहरूको पुरुषार्थलाई दगल्याएको छ । वृकासुरजस्तो वलिष्ठ दैत्यले स्वास्नी उडाउँदा पनि छुलछुली मुतेर कन्दरा पसेका छन् देवेन्द्र ।

सृष्टि सञ्चालक र संहारक ईश्वर नै भएका भए पातकीले झैं आफ्नू पतित अनुहार लुकाएर हिंड्नु नै पर्दैनथ्यो । आखिर उनीहरूले आफ्नो असली स्वरूप भनौं व्यभिचारी कुरूप थुतुनु नरलोकमा देखाउँदा उनीहरू सखाप त हुने थिएनन् होला ?

पश्चिमाहरूले देउतै मान्दैनन् । गौमातालाई च्वाट्ट काटेर त्यो पनि अभक्षपेय



पदार्थका साथ स्वाद मानीमानी मासु खाँदा उनीहरूलाई गौहत्याको पाप लागेर सुकेनास लाग्नुको साटो झन् सु-संस्कृत र सभ्य हुन पुगेका छन् र तिनीहरूको जूठा भाँडा र कोपरा माझ्न यहाँका अधिकांश धर्मभिरुका सन्तानहरू ज्यान छोडेर लागिरहेका छन् ।

ईश्वरको कल्पना ढोंगी र पाखण्डीहरूको मनगढन्ते कुरा मात्र हो र पुरुषार्थीहरूको अविभाज्य पराक्रमको लिप्सात्मक अनुराग मात्र हो । मान्छेको आकृतिमा दुई चार वटा फूल बुट्टा भर्दै कृतिम स्वरूप खडा गर्दै ईश्वरको नामाकरण गरेर मान्छेलाई छक्याउनु सिवाय त्यसमा कुनै अरु सत्य तत्व जीवित हु नसक्दैन । आँखा, घाँटी, मुख नाकलाई जहाँसुकै राखे पनि टाउको फ्याँके पनि मान्छे, खुट्टा नराखे पनि मान्छे । मुर्कुट्टो पनि त मान्छेको अर्धआकृति हो नि ? हैन र ?

ईश्वरीय अंश भएका नाग नै भए पनि, गन्धर्भ नै भए पनि, यक्ष नै भए पनि, दक्ष नै भए पनि सबै मानिसका विकृत आकृतिहरू हुन् । एउटा चतुर कलाकारले लिङ्गको टुप्पामा पाँचवटा मानवाकृति कुँदेर एउटा छुट्टै इमेज ईश्वरको दिन खोजेको त थियो तर त्यसको दूरदर्शी प्रभावकारिताको धरातल त्यति ठोस हुन नसकेको कारण त्यो त्यति दह्रोसँग परिभाषित हुन सकेन । बरु भोट तिब्बतीयनहरूले ड्रेगनको का(ल्पनिक आकृति खडा गरेर अलि कति फरक ईश्वरको इमेज देखाउन खोजेका त हुन् तर त्यो पनि सरिसृप वर्गभित्रको आकृति झैं लागेको हुनाले सबैले आफ्नो आस्था त्यसमाथि अर्पण गर्न सकेनन् ।

संसारमा सबभन्दा शक्तिशाली, सबभ(न्दा चतुर, सबभन्दा सुन्दर, सबभन्दा विवेकी, सबभन्दा वाचाल सर्वगुण सम्पन्न प्राणी जगतको उच्च र विशिष्ट प्राणी नै मान्छे हो भन्ने जान्दा जान्दै पनि हाम्रो आहारिसे, डाढे, कृपणि स्वार्थी सोच र पुरुषार्थ विना नै तुरुन्तै केही चिज पाइहाल्ने पतित लालषा र भन्न नमिल्ने र लुकाउन नसकेका जघन्य अपराध पखाल्ने मीर्गमरिचिकाले गर्दा जडसूत्रवादी ईश्वरको अवधारणा प्रगतिको अचानु बनेर झनझन फराकिलो र फाँटिलो हुदै अवुर्द रोगका अदृश्य कीटाणुझैं एक पुस्ताबाट अर्को पुस्तामा सरिरहेको छ, सरिरहेको छ र त्यसको औतारी प्रभावको जाँतो मुनि हामी पिसिदै आएका छौं युगौं युगदेखि र पिसिदै जाने छौं युगौं युगसम्म पनि ।

सृष्टिकर्ता ईश्वर भए मलाई लाग्छ मान्छेको त परै जाओस् कुनै प्राणीको पनि हत्या र विनास नगर्नु पर्ने हो ईश्वरले। शास्त्रअनुसार देवताहरूले छुद्र स्वार्थ सिद्धिका निमित्त पनि धेरै मान्छेहरूको टाउको काटेर नरसंहारको कहालीलाग्दो इतिहास रचेका मात्र हैनन् परम्परा पनि बसालेका छन्। खराबभन्दा खराब आचरण भएका असुर नै किन नहुन् तिनीहरूलाई छ्वाप छ्वाप काटेर निर्मूल पार्नुभन्दा पनि असल कर्म गर्न उत्प्रेरित गरेर सत् पथमा लगाएका केही उदाहरण भए मान्नु हुन्थ्यो । त्यस्ता प्रभावोत्पादक उदाहरण नभेटे पछि, कुत्सित र कुनियतलाई पृष्ठपोषण गर्ने तत्वको खोजी भनौं उपासना गर्दै स्वीकार गर्न मलाई घिन लागेर आउँछ ।

आफ्नो चाकडी र स्तुति गर्ने चाहिँ जस्तोसुकै अधर्मी दैत्य भए पनि धर्मात्मा हुने, चाकडी र जयगान नगर्ने तर असल आचरण भएको मान्छे चाहिँ पापिष्ट हुने संकीर्ण सोच पनि धर्म हुन्छ कहीँ ? त्यो त पाखण्ड भैहाल्यो नि ! हैन र ?

मान्छेहरूको कुटिल चाल र आसुरी प्रवृत्ति देखेर नै राजा भर्तृहरिले भनेका रहेछन्-

"साहित्य संगीतकलाविहीन : साक्षात्पशुः पुच्छविषाणहीनः
तृणं न खादन्नपि जीवमानस्तद्भागधेयं परमं पशूनाम् ॥"

निर्मोहीनगर
चन्द्रनिगाहपुर-१, रौतहट ।

# "कविता सिद्धान्त र नेपाली कविताको इतिहास" कविताका बारेमा लेखिएको एउटा मानक ग्रन्थ

लक्ष्मणप्रसाद गौतम

इतिहास लेख्नु अत्यन्तै जटिल, कठिन, श्रमसाध्य र चुनौतीपूर्ण एवं अपजसिलो काम हो । त्यसैले साहित्यको इतिहासलेखनमा कलम चलाउनेहरू अत्यन्त थोरै छन्। अझ त्यसमा पनि साँचो कुरा गर्नुपर्दा समग्र नेपाली साहित्यको इतिहास लेखनका सन्दर्भमा लेखिएबाहेक विधागत इतिहास लेखनका दृष्टिले भने नेपाली साहित्य निकै पछाडि छ । विश्वविद्यालयस्तरीय पाठ्यप्रयोजनका लागि पाठ्य वा सन्दर्भपुस्तकका रूपमा लेखिएका विविधतामय र अन्योलग्रस्त सामग्रीबाहेक विधागत इतिहासको कुनै ठोस, वैज्ञानिक, वस्तुगत र व्यवस्थित अध्ययन-लेखन नभइरहेको सन्दर्भमा डा. खगेन्द्रप्रसाद लुइँटेलद्वारा लिखित कविता सिद्धान्त र नेपाली कविताको इतिहास नामक ग्रन्थ एउटा आधिकारिक र मानक ग्रन्थका रूपमा आएको छ । यस ग्रन्थले एकातिर कविता विधाका समग्र सैद्धान्तिक पक्षको गहन विश्लेषण गरेको छ भने अर्कातिर कविताविधाको विधागत साहित्यिक इतिहास लेखनका क्षेत्रमा पहिलो र सशक्त फड्को मारेको छ ।

**पृष्ठभूमि र विषयप्रवेश**

नेपाली समालोचना, भाषाविज्ञान, कोशविज्ञान, शोधविधिलगायतका विभिन्न क्षेत्रमा कलम चलाएर अढाई दर्जनभन्दा बढी ग्रन्थहरू लेखिसकेका डा. खगेन्द्रप्रसाद लुइटेल वस्तुवादी समालोचक हुन् । कविताको संरचनात्मक विश्लेषण शीर्षकमाविद्यावारिधि गरेका संरचनावादी समालोचनाका प्रवर्तक- उन्नायक डा. लुइटेलको सद्यः प्रकाशित अर्थात् अहिलेसम्मको पछिल्लो कृति हो- "कविता सिद्धान्त र नेपाली कविताको इतिहास (२०६०)" । नेपाली राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित यो कृति विधागत साहित्यिक इतिहास लेखनका क्षेत्रमा नेपाली कविताको एउटा ऐतिहासिक दस्तावेज हो र नेपाली काव्यिक इतिहासमा केन्द्रित अहिलेसम्मको प्रामाणिक र मानक ग्रन्थसमेत हो ।

नेपाली साहित्यमा विधागत इतिहासको निर्माण त भएको छ, तर त्यसको व्यवस्थित अध्ययन-विश्लेषण भने अत्यन्त कम भएको देखिन्छ र एउटा एउटा विधाको सम्पूर्ण पुस्तकको अभावप्रायः नै छ । यस्तो परिस्थितिमा नेपाली साहित्यका सचेत पाठक र साहित्यका सम्पूर्ण अध्येताहरूका लागि डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित "कविता सिद्धान्त र नेपाली कविताको इतिहास" ग्रन्थले ठूलो अभावको पूर्ति गरेको छ। जुनसुकै भाषाको साहित्यमा पनि कविता नै सबैभन्दा समृद्ध र विकसित विधा हो । नेपाली साहित्यमा पनि कविता विधा नै समृद्ध र विकसित छ । यति हुँदाहुँदै पनि नेपाली कविताका बारेमा सिद्धान्तदेखि विकासक्रमसम्मको समग्र अद्यावधिक र व्यवस्थित अध्ययन भएका ग्रन्थको नितान्त अभाव भइरहेका सन्दर्भमा डा. लुइटेलको प्रस्तुत कृति एउटा महत्वपूर्ण आधार ग्रन्थका रूपमा रहेको छ ।

**ग्रन्थभित्रका उपकरणहरू**

डा. खगेन्द्रप्रसाद लुइँटेलद्वारा लिखित "कविता सिद्धान्त र नेपाली कविताको इतिहास" शीर्षकको प्रस्तुत कृति मुख्यतः कविताका दुई पक्षमा केन्द्रित देखिन्छ र शीर्षकबाट पनि यो कुरा स्पष्ट हुन्छ । यस ग्रन्थको पहिलो खण्ड वा सिद्धान्त खण्ड मात्र पनि सिङ्गो ग्रन्थ हुनसक्छ । यस खण्डमा वस्तुगत ढङ्गले कविताको सैद्धान्तिक चिनारी दिइएको छ। यसक्रममा कविताको परिभाषा, वर्गीकरण, संरचना र संरचक घटकहरूका बारेमा व्यापक विश्लेषण गरिएको छ । कृतिको कविता सिद्धान्त खण्डलाई कविताको परिभाषा, कविताको परम्परित वर्गीकरण, कविताको आधुनिक वर्गीकरण, कविताको संरचनाको पहिचान र कविताका संरचक घटकहरू गरी पाँचवटा मूल शीर्षकहरूमा वर्गीकरण गरिएको छ ।

कविताको परिभाषा शीर्षकभित्रका पाँचवटा उपशीर्षकहरूमा कविताको परिचय र संस्कृत साहित्य, पश्चिमी साहित्य एवं नेपाली साहित्यका प्रमुख कवितासम्बन्धी परिभाषाको उल्लेख गर्दै निष्कर्षसमेत प्रस्तुत गरिएको छ । पूर्वीय-पाश्चात्य कवितासम्बन्धी परिभाषामा पनि पूर्ववर्ती अध्ययन-विश्लेषणभन्दा भिन्न रूपमा प्रतिनिधि परिभाषाहरूको चयन गरी व्यवस्थित रूपमा सङ्गठित गरिएको छ र ती परिभाषाहरूको संस्कृत एवं अङ्ग्रेजीको मूलपाठ पनि समावेश गरिएको छ । जसले गर्दा पाठकलाई तिनको तुलनात्मक अध्ययन गर्न सजिलो हुने देखिन्छ । नेपालीका प्रमुख कवितापरिभाषाहरूको उल्लेख गरी निष्कर्षमा आफ्नै किसिमले कवितालाई परिभाषित गरेर चारवटा बुँदाहरूमा आबद्ध गरी ती बुँदाहरूको व्याख्याद्वारा त्यसलाई पुष्टि गरिएको छ ।

कविताको परम्परित वर्गीकरण मूलशीर्षकभित्रका तीनवटा उपशीर्षकहरूमा पूर्वीय र पश्चिमी साहित्यका कवितासम्बन्धी वर्गीकरणलाई व्यापक रूपमा प्रस्तुत गरी निष्कर्ष दिइएको छ । कविताको आधुनिक वर्गीकरणमा भने मुख्यतः कविताका प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचनाका आधारमा प्रगीतात्मक कविता, आख्यानात्मक कविता र नाटकीय कविता गरी तीन किसिमले वर्गीकरण गरेर तिनका विभेदक अभिलक्षणहरूलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै कविताको संरचनाको पहिचान शीर्षकभित्रका उपशीर्षकहरूमा संरचना र कविता संरचनाको परिचय प्रस्तुत गरी संरचनात्मक विन्यासक्रमलाई प्रस्तुत गरिएको छ । कविताको विन्यासक्रमको नयाँ अवधारणा यस कृतिको विशेष उल्लेखनीय पक्ष हो ।

कविताका संरचक घटकहरू शीर्षकभित्रका विभिन्न उपशीर्षकहरूमा कविताका लघुसंरचक घटक वा तत्वहरूको उल्लेख गरेर तिनको व्याख्यासमेत गरिएको छ। कविताका संरचक तत्व वा घटकहरूका बारेमा विविधताका कारण सचेत पाठकहरूसमेत अलमलिने गरेका सन्दर्भमा कविताका वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीय विन्यास गरी छवटा मूल संरचक घटक मानेर तीअन्तर्गतका विविध तत्वहरूको व्याख्या गरिएको छ। कविताको सैद्धान्तिक निरूपणका दृष्टिले मानक, व्यवस्थित, समग्र र वस्तुगत किसिमको अध्ययन-विश्लेषण यस ग्रन्थमा मात्र पाइन्छ भन्नु अत्युक्ति हुँदैन।

नेपाली कविताको इतिहासलाई यस ग्रन्थको दोस्रो खण्डका रूपमा लिन सकिन्छ। नेपाली साहित्यमा कालविभाजनका प्रयासहरू, नेपालीकविताको प्राथमिक काल, नेपाली कविताको माध्यमिक काल, नेपाली कविताको आधुनिक काल र नेपालबाहिर नेपाली कविताको परिदृश्यजस्ता मूलशीर्षक, तीभित्रका विभिन्न उपशीर्षक, सहायक शीर्षक र दुई सय छयानब्बे पृष्ठको आयाममा विस्तारित यो दोस्रो खण्ड नै कृतिको महत्वपूर्ण र खोजमूलक पाटो हो। यस खण्डको पहिलो शीर्षक नेपाली साहित्यमा कालविभ(ाजनका प्रयासहरूमा विभिन्न विद्वान्हरूद्वारा गरिएका कालविभाजनका प्रयासहरूको उल्लेख गर्दै तिनका केन्द्रीयतामा नेपाली कवितामा देखापरेका कालविभाजनसम्बन्धी मतमतान्तरहरूको तर्कयुक्त खण्डन-मण्डन गर्दै निर्णयात्मक ढङ्गले सर्वमान्य निष्कर्ष प्रसतुत गरिएको छ। त्यसपछिका विभिन्न शीर्षक र उपशीर्षक/सहायक शीर्षकहरूमा नेपाली कविताको विकासक्रमलाई व्यापक रूपमा अध्ययन-विश्लेषण गरिएको छ र कविताको अद्यावधिक इतिहास निर्माणको विशिष्ट बाटो र पाटाको निर्माण गरिएको छ।

**ग्रन्थको विशेषता र महत्व**

"कविता सिद्धान्त र नेपाली कविताको इतिहास" ग्रन्थको मुख्य विशेषता भनेको नै स्पष्ट सैद्धान्तिक निरूपण र व्यापक ऐतिहासिक सर्वेक्षण हो। नेपाली कविताको यही ऐतिहासिक सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन नै यस ग्रन्थको विशेष प्राप्ति पनि हो। नेपाली कविताको प्राथमिक कालदेखि आधुनिक कालको समसामयिक धारासम्मका कविप्रतिभा र प्रवृत्तिको प्रभावपूर्ण निरूपण यस ग्रन्थमा भएको छ। तीनवटै कालका प्रमुख धारा, उपधारा र तिनका प्रवृत्तिगत विशेषताका साथै एउटा मात्र पनि काव्य/कविताकृति प्रकाशित गरेका कविहरूको समेत समाविष्टि यसग्रन्थको अर्को गहन कार्य हो। प्राथमिक कालको वीरधारादेखि आधुनिक कालको समसामयिक धारासम्मका एक हजार दुई सयभन्दा बढी कविहरू र तिनका काव्यकृतिहरूलाई एकै ठाउँमा जम्मा गरेर सबै कवि एवं ती सबैका सिर्जना एवं योगदानको कदर गरिएको छ। यीमध्ये पनि नेपाली कविताको प्रत्येक काल र धाराका विशिष्ट, प्रतिनिधिमूलक र विशेष योगदान दिने कविहरूका बारेमा व्याख्यात्मक र विश्लेषणात्मक रूपमा तिनका कवित्वको निरूपणसमेत गरी विशेष चर्चा गरिएको छ। यसरी विस्तृत चर्चा गरिनेहरूमा प्राथमिक कालका बीसजना, माध्यमिक कालका पैंतीसजना र आधुनिक कालका एकसयनौ जना गरी जम्मा एक सय चौसट्ठीजना कविहरू रहेका छन्। जम्मा(जम्मी एक हजार दुई सयजनाभन्दा बढी कविहरू र तिनका प्रथम कृतिप्रकाशनको कालक्रमलाई आधार बनाएर उल्लेख गरिएकाले र पहिलो कृति प्रकाशनको स्रोत नभेटाएकालाई अन्य वैकल्पिक विधि अवलम्बन गरेर राखिएकाले कृतिका सबै तहमा नियमबद्धता र एकरूपता पाइन्छ। जसले गर्दा कृतिको सूचनामा कहीँ पनि अस्तव्यस्तता पाइँदैन। यसबाट कवि स्वयंले सजिलैसँग आफ्नो स्थान निर्धारण कहाँनेर भएको रहेछ भन्ने कुरा थाहा पाउँछ र उसले आफ्नो कवित्वको मूल्यसमेत थाहा पाउँछ।

नेपाली कवितासम्बन्धी समग्र अध्ययनका लागि नेपालका कविहरूको मात्र चर्चा नगरी नेपालबाहिर पनि नेपाली कविताको राम्रो स्थिति छ भन्ने कुरालाई ग्रन्थकार डा. लुइटेलले यस ग्रन्थमा चर्चा गरेका छन्। नेपालबाहिर नेपाली कविताको परिदृश्य शीर्षकमा एक सयभन्दा बढी प्रवासी नेपाली कवि र तिनका काव्य/कविताकृतिको उल्लेख गरिएको छ।

यी सबै दृष्टिबाट पनि प्रस्तुत ग्रन्थ अहिलेसम्म नेपाली कविताका सम्बन्धमा लेखिएको विशिष्ट ग्रन्थ हो र डा. लुइटेलको यस ग्रन्थलाई नेपाली कविताको सम्पूर्ण इतिवृत्त वा नेपाली कविताको मिनी इन्साइक्लोपेडिया भन्न सकिन्छ, किनकि यस ग्रन्थमा–

- कविताको समग्र सैद्धान्तिक निरूपण स्पष्ट र वस्तुगत छ।
- कवितासम्बन्धी पूर्वीयपाश्चात्य र नेपाली मान्यताको व्यवस्थित सङ्गठन, मन्थन र मूल्याङ्कन छ।
- कतिपय सैद्धान्तिक मान्यताको नवीन व्याख्या छ।
- नेपाली कविताको विकासक्रमको व्यवस्थित विवेचना छ।
- अस्पष्ट र अव्याख्येय कुराहरूको स्पष्ट व्याख्या छ।
- आधुनिकतासम्बन्धी पाश्चात्य अवधारणाको विकास, व्याख्या र तुलना प्रतितुलनाका माध्यमबाट स्पष्ट पारिएको छ।
- आधुनिकतासम्बन्धी नेपाली अवधारणाको व्याख्या, यससम्बन्धी विभिन्न मतमतान्तरहरूको तर्कपूर्ण खण्डन-मण्डनका साथ ठोस निर्णयात्मक सर्वमान्य निष्कर्ष प्रस्तुत गरी आधुनिकताका मूल अभिलक्षणहरूलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ।
- नेपाली कविताका तीनवटै कालखण्ड र ती कालखण्डअन्तर्गतका धारा-उपधाराहरूको विश्लेषणका साथै ती धाराभित्र रहेर लेख्ने सम्पूर्ण कविहरूको नाम र तिनका कृतिको उल्लेख छ।
- प्रत्येक धाराका प्रतिनिधिमूलक र विशिष्ट योगदान दिने कवि, तिनका कृति र प्रवृत्तिको समेत व्याख्या छ।
- प्रत्येक धाराहरूको पृष्ठभूमिगत सन्दर्भ प्रस्तुत गरी नेपाली कविताका सन्दर्भमा व्याख्या गरिएको छ।
- समसामयिकता र आधुनिकताका बीचको भिन्नता देखाई समसामयिकताको नवीन व्याख्यासमेत गरिएको छ।
- ग्रन्थलाई सकेसम्म सर्वाङ्ग र पूर्ण

बनाउने प्रयास छ ।

उपर्युक्त बुँदाहरूका आधारमा "कविता सिद्धान्त र नेपाली कविताको इतिहास" ग्रन्थ नेपाली कविताका सम्बन्धमा लेखिएको अहिलेसम्मको सम्पूर्ण पुस्तक हो ।

**ग्रन्थ निर्माणपद्धति र इतिहासलेखनको फड्को**

डा. खगेन्द्रप्रसाद लुइँटेलद्वारा लिखित कविता सिद्धान्त र नेपाली कविताको इतिहास शीर्षकको प्रस्तुत ग्रन्थमा कवितासम्बन्धी सामान्य सूचनादेखि लिएर विस्तृत व्याख्या-विश्लेषणसम्मका कुराहरू रहेका छन् । कविता विधामाथि मात्र केन्द्रित भएर सम्पूर्ण सूचनाहरू सङ्कलन गरी झन्डै पाँच सय पृष्ठको वृहद् ग्रन्थ तयार गर्नु कष्टसाध्य काम हो । यो ग्रन्थ निर्माणमा विशेषतः आवश्यकताअनुरूप सबै किसिमका अनुसन्धान विधिहरू अवलम्बन गरिएको छ तापनि विवरणात्मक, व्याख्या-विश्लेषणात्मक, संरचनात्मक, ऐतिहासिक आदि अनुसन्धानपद्धतिहरूको बढी प्रयोग गरेर ग्रन्थलाई वैज्ञानिक बनाइएकाले यस ग्रन्थमा वैज्ञानिक अनुसन्धानपद्धतिका विशेषताहरू प्राप्त गर्न सकिन्छ ।

ग्रन्थभित्रका विषयवस्तुको व्याख्या, स्पष्टीकरण, निरूपण आदिका क्रममा पनि भाषिक जन्जालद्वारा प्रस्तुतिलाई जेलेर जबर्जस्ती ग्रन्थलाई गरुङ्गो बनाउने प्रवृत्तिबाट ग्रन्थकार डा. लुइटेल पूर्णतया मुक्त छन् । त्यसैले ग्रन्थलाई शब्दाडम्बर र भाषिक सञ्जालले गरुङ्गो नबनाई विषयवस्तुको ठोस, वस्तुगत, स्पष्ट र तर्कपूर्ण प्रस्तुतिले ग्रन्थ आफैं गरुङ्गो, महत्वपूर्ण र गरिमायुक्त बनेको छ । अस्पष्ट, सन्दिग्ध, द्वयर्थक र घुमाउरो किसिमका भाषिक प्रयोगबाट टाढा रहेको यो ग्रन्थ नेपाली कविताको इतिहासलेखनको एउटा महत्वपूर्ण र विशिष्ट फड्को हो । यस ग्रन्थमा कविका प्रवृत्ति र कृतिका सन्दर्भको चर्चाका क्रममा प्रतिनिधिमूलक सर्वेक्षण पद्धतिलाई अवलम्बन गरिए पनि नेपाली कविताको समग्र ऐतिहासिक विवरण र हालसम्मको समग्र सर्वेक्षणसमेत गरिएकाले यस ग्रन्थले नेपाली कविताका बारेमा आधिकारिक र प्रामाणिक ढङ्गले समग्र सूचना प्रदान गर्दछ भने विश्लेषण र मूल्याङ्कनले नेपाली कवि र कविताको स्थिति, प्रवृत्ति र दिशानिर्धारणसमेत गर्दछ । यस अर्थमा पनि यो ग्रन्थ यससम्बन्धी पूर्वाध्ययनका सापेक्षतामा एउटा ठूलो फड्को हो ।

**निष्कर्ष**

प्रखर समालोचक डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित "कविता सिद्धान्त र नेपाली कविताको इतिहास" ग्रन्थ एकातिर भएका सामग्रीहरूको कुशल व्यवस्थापनयुक्त सङ्गठन पनि हो भने अर्कातिर मौलिक र नवीन सिद्धान्तको प्रतिपादन, व्याख्या र विश्लेषण पनि हो । कविता सिद्धान्त र नेपाली कविताको अथ-इति थाहा पाउनका लागि एउटा आधारग्रन्थ र गुरूग्रन्थका रूपमा पनि यो कृति मूल्याङ्कित हुन्छ । साहित्यका सामान्य विद्यार्थीदेखि अन्य पाठक, प्राध्यापक र अनुसन्धानकर्ताहरूका लागिसमेत सयौं ग्रन्थ पल्टाउनुपर्ने झन्झटबाट यस ग्रन्थले मुक्ति दिन्छ र सबैका लागि यो ग्रन्थ अत्यन्त सङ्ग्रहणीय र पठनीय देखिन्छ । अझ स्पष्ट रूपमा भन्नुपर्दा "कविता सिद्धान्त र नेपाली कविताको इतिहास"का बारेमा लेखिएको एउटा तयारी ग्रन्थका रूपमा यस कृतिलाई लिन सकिन्छ ।

– भरतपुर, चितवन



• बालगीत

## बुद्धि बढ्ने, बल बढ्ने

श्यामप्रसाद शर्मा

बुद्धि बढ्ने, बल बढ्ने
खेल पो'त राम्रो
जिउ, लुगा फोहर हुने
खेल केको राम्रो ?

अक्षर, अर्कै चिनाउने
गोटी, गुच्चा राम्रो
जन्तु, चरा चिनाउने
तास पनि राम्रो ।

नौला कुरा झन्झन् धेरै
थाहा हुने राम्रो
लेख्ने, पढ्ने, बोल्ने ढंग
सिकाउने राम्रो ।

चित्र लेख्न सिकाउने
खेल कति राम्रो
नाच्न, गाउन सिकाउने
अझ धेरै राम्रो ।

(२०३८ साल)

• कविता

## अभ्यर्चना

गोविन्दराज विनोदी

हे मुमा शारदा ! गर्दछौं अर्चना !
चित्त यो शुद्ध होस् यै छ है प्रार्थना !

शब्दका फूल यी पाउमा अर्पंदै
भक्तिको भावका अक्षता छर्कंदै
यो मनैको दियो प्रेमले बाल्दछौं
मूठ छौं भारती ! आरती गर्दछौं ।

नाश होस् है छिटो भित्रको शत्रुता
गाँसियोस् लोकमा स्नेहिलो बन्धुता
दृष्टि जेमा परोस् त्यो स्वयं रम्यहोस्
भावना स्वस्थ होस् लक्ष्य यो गम्य होस् ।

हाँस्न हामी सकौं फक्रँदो फूल झैं
भो नघोचौं मुटु सृष्टिको थुल झैं
ज्ञानले, सीपले, कर्मले प्रीतिले
स्वर्गजस्तै बनोस् यो धरा शान्तिले ।

– नवलपरासी

# तीन मुक्तक

✍ ज्ञानुवाकर पौडेल

(१)
सवा दुई करोड नेपालीको भाग्य फुटेपछि
शासनसत्ताका ठेकेदारहरूले शान्ति लुटेपछि
त्राहीमाम छन्, जनताहरू चिच्याउँदैछन्
के सप्रेला र यो मुलुक लुट्नेहरू जुटेपछि

(२)
द्वन्द्वको यो कस्तो विकास देखेँ
मानवता आज सर्वत्र निराश देखेँ
कस्तो होला भोलि दुनियाँको नक्सा ?
संदीग्ध आज देशको इतिहास देखेँ ।

(३)
मान्छे भइकन मान्छेलाई म ठग्न सक्तिनँ
आस्थाको बन्दी हुँ म सिद्धान्तबाट ठग्न सक्तिनँ
लाचार छु म आज मणि हराएको सर्प भएको छु
भावुक छु र पनि खै बाँसुरीझैं बज्न सक्तिनँ ।

– गौशाला, काठमाडौं-९

# एक साहसी भूमिपुत्र

✍ शशी लुमुम्बू

रगत रोपेर बगरमा
सुनगाभा फुलाउँछु भन्छ
मुटु खोपेर ढुंगामा
लोकगीतजस्तै देश जन्माउँछु भन्छ
भत्काएर उबडखाबड भूगोल
समुद्रझैं सम्याउँछु भन्छ
पहाडजस्तो छाती उसको
चन्द्रमाको आँखाले हेर्छ
बजाउँदै नदीको बाँसुरी

अन्धकारको घाँटी निमोठ्छ
युगौंको जरुवा अँध्यारो उडान
आँधी भएर आउँछु भन्छ
पाखापखेराभरि
उषा ओर्लन्छु भन्छ
किरण बगिदिन्छु भन्छ
तिमी/हामी कसैले चिन्नै नसकेको
ऊ नेपाली भूमिको एक साहसी भूमिपत्र !

❑





# हो त्यही कथा हो यो

✍ ललिता 'दोषी'

पुस माघको समय काठमाडौं खाल्डोलाई टम्म हुस्सुले ढाकेको थियो । जाडो पनि कठिङ्ग्रयाउने नै थियो । लगलग काम्दै भए पनि मान्छेहरू गन्तव्य भेट्न हिंड्दै थिए । त्यही भीडमा ममता ठूलो-ठूलो फड्का मारेर अफिस जादै थिइन् । एक्कासि मेघ गर्जेझैं आएको आवाजले ममता झसङ्ग भइन् । बौलाही भन्दै थिई - "ए वेश्या ! किन मेरो लोग्नेलाई खोसिस् हँ ? रन्डी मित्रताको नाममा कलङ्क हा...हा मेरो भाग खोसेर टन्न अघाइस् हैन ? हेर, तेरो जस्तो रूप, यौवन, गुप्ताङ्ग, सब मेरो पनि छ । थुक्क रखौटी थुक्क ..... । जा पापिष्ठ जा मोज गर । मेरो सडकको बास गराइहालिस् । वा ! वा !! त्यो मन त्यो मुटु .... ।

बौलाहीको मुखबाट त्यस्ता शब्दहरू सुनेर ममता छक्क पर्दै उभिन्छिन् ।

बौलाही आक्रोशित हुँदै भन्छे अझ उभिन्छेस् तेरो आँखा-साँखा झिकिदिऊँ ? लबस्तरी माग्ने कङ्गाल ।

ममता बौलाहीसँग डराउँदै अगाडि बढ्छिन् । बौलाही पुनः अर्को पुरुष छायालाई झम्टिदै भन्छे- "ए ! पातकी मभित्र कति पीडाका गुजुल्टाहरू छन् हेर्छस् ? मैले त तँलाई आफ्नै प्राण सम्झेकी थिएँ । तैले तँ मेरो फक्रेको यौनव नै किचिमिची पारिस् । त्यरो हृदय नै विषाक्त छ । तँ विष होस्, विष, ए ! ढुङ्गा त आफूलाई मान्छे भन्छस् ? तँ, तँ हिंसक पशु होस् पशु.... । बौलाही पुनश्य सडक थर्किने गरी कराउँछे । यतिबेला उसको अगाडि कुनै नारी आकृति पुगेको हुनुपर्छ । ममता बौलाहीको गाली सुनेरै अनुमान गर्छिन् ।

ममताले यदाकदा ती बौलाहीलाई पुतलीसडक, बागबजार, रत्नपार्क आदि ठाउँमा देखेको चाहिँ हुन् । बौलाहीसँगको जम्काभेट भने पहिलो पल्ट नै थियो । ममता सोच्छिन् - "बौलाही उर्लिनु कुर्लिनु र सबैलाई कपटी देख्नुको कारण उसले अवश्य ज्वालामुखी निलेको हुनुपर्छ । नत्र सिंगो परिवेशलाई नै कालो-कहालीलाग्दो देख्दैनथी ऊ । हुनसक्छ ऊ प्रत्येक प्रतिविम्बमा आफूलाई पीडा दिनेहरूको छाया देख्छे अनि आफूभित्रका आवेगका ज्वारभाटाहरू छताछुल्ल पार्न नै ऊ उर्लिन्छे । कठै ! कसले शूल रोप्यो होला उसलाई ? यस्तै प्रश्नहरूले ममतालाई कोपरी रहन्छ । बौलाहीसँग एकपल्ट जम्काभेट हुनेहरू तर्किएर हिंडेझैं ममता पनि तर्किएरै हिंड्छिन् ।

वर्षातको समय एकरात आकाशबाट मुसलधारे पानी पर्‍यो । सडकमा घुँडा-घुँडासम्म आउने गरी पानी जम्यो । बिहानी पख भने आकाश खुल्ला भयो । सधैंझैं ममता घरबाट निस्केर अफिसतर्फ लम्कँदै थिइन् । पुतली सडकबाट डिल्लीबजार जाने सडकमा मान्छेहरूको भीड देखेर ममता पनि के भएको होला भन्दै त्यतै मोडिइन् यस्सो भीड पन्छाएर हेरिन् । त्यही चिरपरिचित बौलाही छिपछिपे पानीमा मस्त निदाएकी थिई । उसका अगाडि त्यत्रो

नारी- पुरुष उभिंदा पनि ऊ मौन थिई । ममताको छाती पट्ट फुट्ला जस्तो भयो । हुलबाट कोही मान्छे भन्दै थिए- “कठै ! बिचरीले चोला नै फेरि । यसले जति गोता त सायद ढुङ्गा माटोले पनि पाएन होला ।

अर्काथरि मान्छेहरू यसो पनि भन्थे- बल्ल सडकले शान्ति पाउने भयो । मोरी सबै पुरुषहरूलाई आफ्नै जार सम्झिन्थी । नारीहरूलाई सौतै सम्झिन्थी । पार्नसम्म वाक्कै पारेकी थिई । बल्ल हाइसन्चो हुने भयो ।

कोही दाहसंस्कारको कुरा गर्दै भन्थे- “त्यत्रो खान्दनकी छोरी त्यसमाथि उही बेलामै बीए पास गरेकीको यो हरिविजोग देख्नुपऱ्यो । दाहासंस्कार समेत नपाउने भई । अब पुलिसलाई लास लैजान डाक्नुपर्ला । त्यतिकैमा एउटा वृद्धाले आँखाबाट बलिन्द्रधारा आँसु झार्दै बौलाहीलाई बडो स्नेहका साथै मुसार्दै भनिन्- “उनको दाहासंस्कारको लागि सबै व्यवस्था भइसक्यो कसैलाई डाक्नुपर्दैन ।” नभन्दै उतिखेरै चालिस पचास जना युवा वृद्धहरू आउँछन् । खट तयार गर्छन् । बौलाहीलाई मानौं नव दुलाहाझैं बनाएर आर्यघाट लैजान्छन् । जति बौलाहीका आफन्तहरू आए ती सबैका आँखामा आँसु टिलपिलाई रहेको थियो । बौलाहीलाई सुमसुम्याउँने वृद्धा भने बडो शोकग्रस्त देखिन्थिन् । वृद्धा जान लागेपछि ममताले बडो विनम्र श्वरमा भनिन्- “कृपया मलाई बौलाहीको बारेमा केही बताइदिनु हुन्छ कि ?”

वृद्धाले ममतालाई माथिदेखि तलसम्म हेर्दै भक्कानिएको श्वरमा भनिन्- “बहिनी अहिले घाउमा खाटा लाग्न दिनोस् । केही समयपछि यति नम्बरमा फोन गरेर आ( उनोस् ।” यति भन्दै वृद्धा लर्खराउँदै हिंडिन् ।

ममता फोन नम्बर नोट गरेर घरतिर फर्किन् । बौलाही को हो ? कसरी सडकमा झरी आदि इत्यादि सोच्दा सोच्दै ममताले बडो मुस्किलले महिना दिन बिताइन् । महिनादिनपछि वृद्धाले दिएको नम्बरमा फोन गरिन् । वृद्धाले ममतालाई घरमा आउन आग्रह गर्दै घरको लोकेसन सबै बताइदिइन् । ममता पनि लोकेसन अनुसार वृद्धाको घर ठहिँटी पुगिन् । वृद्धा ममताकै प्रतिक्षामा रहिछिन् । ममताले नमस्कार गरेपछि नमस्कार फर्काउँदै बडो सत्कारका साथ ममतालाई आफ्नो भव्य महलको सुन्दर बैठकमा लगेर बसाल्दै भनिन्- “बहिनी ! बौलाहीलाई कैयौंले देखे । कोही सुर्ताएको देखिन । बरु दुर्वाच्य बोल्छे राँड भन्दै उनीमाथि खन्निएकै देखें तर तपाईं भने यहाँसम्म आएर उनलाई बुझ्न चाहनुभयो ।”

अरुले जे भने पनि मलाई चाहिँ यस्तो लाग्यो “बौलाहीलाई ठूलो बज्रपात परेर नै ऊ विचेतन अवस्थामा पुगी ।”

वृद्धाले लामो सुस्केरा हाल्दै भनिन् - “तपाईंले ठीक सोच्नुभयो । ज्ञानु अर्थात् बौलाहीको स्वप्निल संसारमा डँढेलो सल्केर नै उनी विच्छेद भएकी हुन् । यी आँखाहरूले विश्राम नपाएको पनि चालीस वसन्त भएछ । ज्ञानुको दर्दनाक वृत्तान्त कसको सामु पोखौं झैं लागेको थियो । यो पनि एउटा संयोग नै मान्नुपर्छ हामी दुईको भेट भयो । ल सुन्नुस्, त्यो विशुद्ध मन भएकी ज्ञानु कसरी बौलाही भई ।”

“जब म पद्मकन्या क्याम्पसमा छिरें मलाई बकुल्लाको बथानमा कौवा पुगेझैं गरी सबैले एक्लो नितान्त एक्लो पारे । मसँग नयाँ धोती र ब्लाउज किन्ने हैसियत थिएन । फूपुले दिएकै पुरानो क्याम्पसको धोती र पुरानै ब्लाउजमा क्याम्पस गएँ । सबैले मलाई पखिनी, माग्ने, फोहोर्नी आदिको संज्ञा दिंदै धक्का लाउँदै हिंड्थे । कक्षाकोठामा पनि मसँग कोही बस्न मान्दैनथे । म पछाडिको वेञ्चमा एक्लै बस्थें । अगाडि बस्नेहरू मतिर फर्केर पिच्च, पिच्च थुक्दै नाक थुन्थे । म सबै मान्छेसँग आजित भएर मनमनै क्याम्पस नै नपढ्ने निर्णय गरेर डेरामा फर्कन लाग्दा एउटी बैंसले उन्मत्त भएकी युवतीले मलाई जानी-जानी खुट्टामा छिड्किनी लगाएर नराम्रोसँग लडाईं । म नाथ्री फुटेर रक्ताम्मे भएँ । सबै विद्यार्थीहरू ताली पिट्दै हाँस्न थाले । त्यही भीडबाट बत्तीस लक्षणले युक्त एउटा छायाँ फुत्त निस्कियो । उनले मलाई काखमा सुताएर रुमालले नाक थुन्दै मुन्टो ठाडो गर्न आग्रह गरेपछि सबै विद्यार्थीहरू अलि डराएझैं गरी तितरबितर भए । उनले मलाई त्यसरी माया गरेको देखेर मैले झट्ट आमाले भनेको परीको कथा सम्झें र उनलाई मनमनै नमस्कार गरें । म भावविभोर भएर घुक्क-घुक्क रोएँ । उनले मेरो आँखाको आँसु पुच्दै भनिन्, “हत्, रुँने हो ? अब त म छँदै छु नि । मनभित्रको कुरूता पो फेर्न सकिदैन । यी कपडाहरू त फेर्न सकिहालिन्छ । धेरै मान्छेहरू सुन्दर कपडालाई प्रेम गर्छन् । त्यसैले म यिनीहरूलाई कपडा प्रेमी भन्छु ।”

म ज्ञानुको मधुमय बोली सुनेर लट्ठ भएँ । उनले मलाई डोराउँदै पसलमा लगेर धोती, ब्लाउज, जुत्ता, ब्याग सबै किनिदिइन् र नाम सोध्दै भनिन्- साँच्ची तिम्रो नाम के हो ? घर कहाँ हो ? मलाई बुझ्न चाहन्छ्यौ भने मेरो नाम चाहिँ ज्ञानु हो म इन्द्रचोकमा बस्छु ।”

मैले आफ्नो नाम सरोजा हो र आफू ओखलढुङ्गाबाट आएको हुँ । असनमा दाइसँग डेरामा बस्छु भनें । त्यसदिनदेखि मेरो र ज्ञानुको मित्रता मौलाउँदै गयो । मैले राम्रो कपडाहरू लाएर गएपछि कसैको अपमान सहनु परेन । कपडा प्रेमीहरू मित्रताको हात बडाउँन आफैं आए । धेरैपछि थाहा पाए ज्ञानु त अति सम्पन्न लप्टनकी छोरी रहिछिन् । तीन दाजुभाइ मुनिकी एक बहिनी भएर पनि अत्ति शालीन थिइन् । कहिलेकाहीँ त मलाई विश्वास नै गर्न गाह्रो हुन्थ्यो के उनी साँच्चै मान्छे त हुन् । कठै ! उनले त हाम्रो दयनीय अवस्थालाई मात्र होइन । मेरो दाइ, दिपेशलाई पनि प्रेम गर्न थालिछन् । दिपेशले उनलाई मन नपराउँने प्रश्नै थिएन । मैले पनि ज्ञानुको साहिला दाई बासुदेवलाई मन पराएँ । वहाँले पनि मलाई मन पराउनुभयो । हामी चारै जना मायाको तलाउमा छलाङ्ग मार्दै अति गहिराइमा पुग्यौं । त्यहाँबाट उत्रने सम्भव विहिन, स्वार्थ विहिन, त्याग र समर्पणको थियो । ज्ञानुका बाबु-आमाले ज्ञानुको विवाह डाक्टरसँग गर्न लाग्दा ज्ञानुले दिपेशसँग विवाह गर्ने निर्णय सुनाइन् । बासुदेवले पनि मसँग विवाह गर्ने निर्णय सुनाउनुभयो । ज्ञानुको बाबु-आमाले कुनै नाइनास्ती नगरी दिपेशले जागिर खानुपर्ने शर्त भने राख्नुभयो । यसैबीच हाम्रो सम्बन्ध गोरखाकी बिनुसँग भयो । ऊ पनि अति नै सुन्दरी थिई । खानबस्न धौंधौ परेकोले ज्ञानुले आफ्नै घरमा आश्रय दिइन् । दिपेशलाई ज्ञानुको बाबुले नै भनसुन गरेर सुब्बाको जागिर दिलाइदिनुभयो । ज्ञानुले पनि किताब खानामा जागिर खाइन् । त्यसपछि हाम्रो विवाह बडो धुमधामका साथ भयो । ज्ञानुलाई दाइजो स्वरूप डिल्लीबजारमा घर पनि दिइयो । हामी सबै झिलीमिली संसारमै रमाएका थियौं । कसैलाई झिनो शंकासम्म थिएन दिपेश र बिनु बीचमा कुनै नराम्रो सम्बन्ध छ भन्ने ।

एकदिन ज्ञानुलाई धेरै टाउको दुःखेछ। उनी अफिसबाट चाडै घर फर्किछिन् । घरको ढोका खोल्न लाग्दा भित्रबाट आएको गुनगुन आवाजले उनी ढोकामै उभ्भिएर भित्रका कुराहरू सुनिछन् । दिपेश र बिनु सधैंझैं निष्फिक्रीसाथ एक-अर्काको अँगालोमा बाधिएर अश्लील कुराहरू गर्दोरहेछन् । "हेरन, एकान्तमा यसरी अँगालोमा बेर्दै बस्नेले ज्ञानुको अगाडि यस्सो आँखा उठाएर हेर्नेसम्म हैन। तिमी त चलाख पनि अति चलाख छौं । उता ज्ञानु जस्ती सोझी पत्नीको सम्पत्तिको भोग पनि गरेको छ। यता मेरो शरीरको भोग पनि गरेको छ। तिम्रो त दुबै हातमा लड्डु छ । भनन प्रियतम् यसरी कति दिन लुकीलुकी मोजमस्ती गर्ने यो खेलको किनारानै लगाऊ नत्र म भोलिदेखि आउँदै आउन्न।" बिनु घुर्की देखाउँदै भन्छे।

दिपेश बिनुको गालामा चुम्बन गर्दै भन्छ- "धन्दा नै नमानन मैयाँ मलाई पनि तिम्रो आलिङ्नबाट टाढा हुन कहाँ मन छ र ? देख्दादेख्दै पनि बुज्रुक नभएझैं गर्छ्यौ । स्लो प्वाइजन खान दिएकै छु। त्यसले एक्कैचोटी कहाँ असर गर्छ त ? त्यस्ती सोझीलाई पन्छाउन किन हतार गर्नू ? उसलाई खुसी पार्न मीठो बोलिदिए पुग्छ । तिमीलाई तन, मन, धन सबै दिएकै छु। बिचरी ज्ञानुलाई के थाहा हामी भेडाको छाला ओढेका ब्वाँसो हौं भन्ने । ऊ हामीलाई नौनीजस्तो मन भएका मान्छे सम्झिन्छे। हा......हा....नौनी जस्तै..... ।"

बिनु कुरा थप्छे- "सरोजा भने ठ्याक्कै ज्ञानु जस्तै छे। ज्ञानुको लागि सरोजा प्राण नै दिन परे पनि हिचकिचाउँदिन। हामी भने ज्ञानुकै छातीमा टेकेर रजाई गरिरहेछौं । उसले नै हामीलाई यो रङ्गीचङ्गी दुनियाँ दिई । अब प्राण नै दिई भने निर्धक्कसँग निदाउँनु हुन्थ्यो ।" ज्ञानु यो भन्दा बढ्दा सुन्न सक्दिनन्। आवेगमा झ्यालको सीसा फुटाएर हेर्दा बिनु र दिपेशलाई सर्वाङ्ग नाङ्गो अवस्थामा देखेपछि उनी मुर्छा पर्छिन् । हस्पिटल लगेको धेरै बेरपछि होस्, खुल्दा उनले आफ्नो सम्पूर्ण अतीत गुमाइसकेकी हुन्छिन्। उनलाई पहिलेकै अवस्थामा ल्या( उन राची, अमेरिका, जापान सबै ठाउँमा लागियो । कुनै डाक्टरले पनि उनी सद्दे नहुने दाबी गरे। घरमा बस्नै नमानेर उबद्रो गरेपछि उनलाई घरबाट छोडिदिएका हौं। उनैको पीरले सासु-ससुरा चाडै बित्नु भयो । हामी सम्पूर्ण आफन्त पनि जिउँदै मरेका छौं ।

ममताले आँखा ओभानो पार्दै भनिन्- "दिपेश र बिनु चाहिँ कहाँ छन् त ? सरोजाले पनि आँसु पुच्दै उत्तरदिइन्- "ज्ञानु मुर्छा परेकै राती सम्पूर्ण लैजान मिल्ने सामान जति लट्टीपट्टी पारेर दार्जलिङ्ग तर्फ भागे। भागेको, केही समयपछि नै बिनुलाई एउटा युवकले माया गरेको बाहाना गरी वेश्या कोठीमा बेच्यो रे । दिपेशलाई सबै आफन्तहरूले उतै मर नेपाल फर्किने आँट नगर भनेपछि अहिलेसम्म नेपाल आएको छैन । पहिला कुल्लीकाम गर्दै खान्थ्यो रे । अहिले दार्जलिङ्गमै माक्कल बाबाको मन्दिरमा भोक माग्छ रे। हेर्नोस् बहिनी ! दिपेश जस्तो गोमन साँपको डसाइमा ज्ञानु जस्ती आदर्श नारी परिन् । किन दैब ज्ञानु जस्तालाई अग्निकुण्डमा धकेल्छ ? कतै तपाईंलाई यस घटनाले छोएको भए यो यथार्थलाई मूर्तरू दिनु भन्दै सुइय्य सुस्केरा हाल्छिन् सरोजा।

ममता ज्ञानुको विषयमा कथा लेख्ने बाचाका साथ सरोजाको घरबाट बाहिरिन्छिन्। हो त्यही ज्ञानुको कथा हो यो। हो त्यही कथा .... ।

– बुद्धनगर, काठमाडौं





# आगोमाथि उभिएको मान्छे

गोवर्द्धन पूजा

आँखाभरि जलेको घरको खरानी बोकेर
कोट्याउँदै, बल्झाउँदै पोलेका खतहरू
आक्रोशको आगोमा समयको तेल हालेर
म आगोमाथि उभिएको मान्छे
आगै खाएर हुर्किएको मान्छे
तिमीहरूभन्दा पृथक छु
पानीका ठेकेदारहरू हो ।
तिमीहरूलाई तिर्खाको अर्थ थाहा छैन
आगोसँग नखेल्नु
आगोसँग नजिस्किनु

आगोको पोखरीमा नुहाउँदाको
दुःखद् अनुभूति अर्को छैन संसारमा
आगोको बगरमा पैताला डढाउँदाको
अर्को पीडा छैन संसारमा
हावाको झोक्काले बढेको लप्का
वचनको असिनाले बढाएको ताप
घृणाको तुसारापातले हुर्काएको भुङ्ग्रो
ओहो !
मुटुभरि शब्दका कोइरालाहरू सङ्गाली
बसेको छु
आगै पिएर बाँचेको मान्छे म
तिमीहरूभन्दा पृथक छु।

शब्दको माला बुन्थैं कसैका लागि
विचारको खेती लगाउँथैं कसैका लागि
सुकुल बनेर थिचाइको मीठो पीडासँगै
काँडाबीचको फूल मगमगाउँथैं कसैका
लागि

चुँडेर फालिएँ नालीभरि
चुँडिएर रोएँ आलीभरि
कसैले मायाको मल्हम लगाएन
कसैले प्रेमको तस्बिर सम्झाएन
फालिएँ/गालिएँ/ढालिएँ
बालिएँ/चालिएँ/कहालिएँ
कसैले सुनेन/मनको चित्कार
सुन्दै सुनेन ।

मान्छेहरू !
मन बलेपछि खरानी हुँदैन मुस्लो हुन्छ
सपना जलेपछि खरानी हुँदैन भुङ्ग्रो हुन्छ
सल्काएर कलिलो मुनालाई
किन सिकाउँछौ आगोसँग खेल्न

म आगोमाथि उभिएर भन्दै छु
आगोले पोलिएरै आगो भएको मनलाई
कहिल्यै निभाउन सकिँदैन
पानीका ठेकेदारहरू हो
आगोसँग नखेल्नू
आगोसँग नजिस्किनू ।

– चितवन

# इन्टरनेट सभ्यता

✍प्रमोद स्नेही

टुँडिखेलको जङ्गबहादुर
ब्युँझन्छ मध्यरातमा
र तरुनी समयलाई
आफ्नो निरङ्कुश वीर्यदान गर्छ ।
जन्मिन्छ तरुनी समयबाट
आधुनिक जङ्गबहादुर ।
ऊ कुनै नौलो कोतपर्वको
सूत्रधार बनेर होइन ।
ठमेलको कुनै रेस्टुराँमा कसैलाई
फसाउन षड्यन्त्र गर्छ ।
प्रत्येक रात नशामा मात्तिएर
कुनै डिस्कोथेकबाट
कुनै वेश्याको विटुलो
अँगालोमा
जङ्गबहादुर विदेश पलायन
हुने सपना बुन्दैछ ।

इमेलबाट साटेर प्रेमपत्र
अनुभूतिहीन कृतिम सन्दर्भमा
गर्व गर्छ जंगबहादुर
इन्टरनेट सभ्यतामा हुर्केको
जङ्गबहादुर
आफ्नो चतुरता
आफ्नो कुटिलता
कम्प्युटरको डिस्केटभित्र
कैद गर्दै ।
कम्प्युटरमा आफ्नो भावी
योजनाहरू तर्जुमा गर्दैछ ।
मानौं ऊ कुनै कोतपर्व/भण्डारखालपर्व
भन्दा पनि भयावह कुनै
अर्को पर्वको षड्यन्त्रमा
व्यग्र छ । उत्सुक छ ।
इतिहासलाई ठमेल परिसरमा
कैद गरेर ।
प्राचीन खण्डहर मन्दिरपछाडि
जङ्गबहादुर
ब्राउन सुगर/स्म्याकको धूँवामा
उडाइरहेको सभ्यतालाई स्वीकार
गरिरहेछ क्रमशः
हरेक दिन इन्टरनेट चाटमा आफूलाई
अल्झाएर व्यस्तताको भ्रममा
आफ्नो संस्कारको सगरमाथा
भत्काइरहेछ ।
जङ्गबहादुर
तिम्रो बीर्यबाट जन्मिएको
आधुनिक जङ्गबहादुर
किन यतिविघ्न दुःखद् दुर्घटना बनिरहेछ ।

– वर्तमानबस्ती, पुतलीसडक





# एक्काइसौं सदीका बामपन्थीमागहरू

✍विष्णु प्रभात

बामपन्थी भनेका राता र ताता मान्छे हुन् । उनीहरू थरि-थरिका छन् भनी धेरै धेरैले धेरैपटक लेखिसकेका छन् । बामपन्थी भनेका कम्युनिस्ट हुन् भनेर जान्ने र मान्ने मान्छेहरू माझ मेरा भनाइ अलि भिन्न छन् । बामाङ्गभन्दा बुझिने कुरा बामाङ्गी भन्दा बुझिने कुरा पनि भिन्नभिन्न छन् । कसै कसैले त बामाङ्गीप्रियहरू नै बामपन्थी हुन् भन्ने निष्कर्षसमेत निकालेका छन् । हुन पनि आइमाई जातिलाई लोग्ने जातिसँग सरोबरी बनाउने र अंशको हकदिने कुरा उराल्नेमा बामपन्थीहरू नै मुख्यत जिम्मेवार रहेका छन् । वंश परम्परालाई छोराबाटै चलाए पनि अंशको हकदार छोरीलाई समेत बनाउने विचार हाम्रो समाज र संस्कृतिका सन्दर्भमा अलि रातो मुख पार्ने तातो कुरा नै हो त्यसो भएर नै संसद्मा विधेयक प्रस्तुत भएर पनि त्यसै तुर्लुङ्गिएर अड्केको छ । कतिपय बामाङ्गीहरूले नै अंश चाहिँदैन पढाई दिए पुग्छ भन्दै वक्तव्य दिएर विरोध गरे । मैले भने आर्जन कर्ता जो छ त्यसको स्वेच्छामा आधा र बाँकी आधा छोरी-छोरा दुवैलाई दिंदा मिल्दो-जुल्दो होला भन्ने ठानेको छु । किनभने हाम्रो इतिहासका ज्ञानीपुरुष गौतम बुद्धले मध्यममार्ग उत्तम हुन्छ भनेको कुराले मलाई फकायो । बुद्ध स्वयं बामपन्थी थिए । उनले आफ्नो जमानामा चलेका रीतिथितिको विरुद्धमा, कर्मकाण्ड र पूजापाठका विरुद्धमा विद्रोह गरे । सामुहिक जीवन शैलीमा मेलमिलापका साथ बस्नु र सत्मार्गको कमाई खानुभन्दै धनभन्दा ज्ञान उत्तम भन्ने विचार अघि सारे । अहिलेका बामपन्थीहरूले पनि पूँजीभन्दा श्रम महान् छ भन्दै समाजवादी विचार व्यक्त गर्दै छन् । त्यति भएर पनि बुद्ध कम्युनिस्ट बन्न सकेनन् । उनी राता र ताता मान्छेको पंक्तिमा मिसिनुभन्दा पहेंला र चीसा मान्छेको पंक्तिमै रमाए ।

कम्युनिस्ट भनेका कम्युनमा निष्ठा राख्ने जमात हो । कम्युन भनेको सामुहिक जीवनशैलीमा आवद्ध समानतामूलक समाजको इकाइ हो । सबै समान र सम्मानित अवस्थामा रहने हुँदा यसले साम्यभावमा सञ्चालित समाजलाई बुझाउँछ । त्यसो भएर नै कम्युनमा निष्ठाराख्ने कम्युनिस्टहरूलाई साम्यवादी पनि भनिन्छ । तर कम्युनिस्ट भनेको कर्मनिष्ठ मानिसहरू पनि हुन् । उनीहरू कामलाई सम्मान गर्दछन्, श्रमलाई मनितो गर्दछन् । वास्तवमा यो शास्त्रीय व्याख्यामा कतिपयलाई चित्त नबुझ्न सक्छ । बीसौं शताब्दीसम्म चलनचल्तीमा रहेको भए पनि यो व्याख्याले एक्काइसौं सदीका कम्युनिस्टहरूको भावना र आवश्यकतालाई समेट्न सक्दैन । त्यसकारण आजका एक्काइसौं सदीका बामपन्थीहरूको बारेमा अलिकता चर्चा गर्न चाहान्छु ।

पहिलो कुरा-एक्काइसौं सदीका बामपन्थी भन्नाले मूलतः नेपाली कम्युनिष्टहरूलाई बुझाउँछ । कम्युनिस्टहरू ती सहर-बजारका सुकिल-मुकिल हुन् अथवा जंगल-कन्दराका पुष्पकमलहरू हुन् केही फरक पर्दैन । माझको बाटो पक्रेका हुन् अथवा छेउको, दोस्रो धार हुन् वा तेस्रोधार सबको आधार मार्क्सदेखि माओसम्मका

बुद्धहरू रहेका छन् । सिर्जनात्मक प्रयोगका नाममा चारपण्डितका तर्क सरह उनीहरूले तर्क गर्न सक्दछन् र आधार खोतल्दै आधार नै गुमाउन समेत पछि पर्दैनन् । हाम्रो देशका सन्दर्भमा भने विचार बिनाका बुद्धहरू पनि कम्युनिस्ट नेता बन्न पुगेका छन् र यो नै यहाँको मौलिकता बनेको छ ।

दोस्रो कुरा- एक्काइसौं सदीका कम्युनिस्टहरू जो छन् वा भनिन्छन् ती परम्परागत जडसूत्रवादी छैनन् । उनीहरू निकै आधुनिक छन् र कतिपय त उत्तरआधुनिकसमेत छन् । अल्लारे गफ गर्नेहरूले उनीहरूलाई दक्षिणध्रुवमा धकेलेर केही फरक पर्नेवाला छैन । आखिर ग्लोबीकरणका जमानामा अन्तर्राष्ट्रिय आचरण अँगाल्नु नराम्रो काम पनि त होइन । सदैंभरि के को राष्ट्रियताका गफ गर्नु ? पुर्खाले उहिल्यै बसुधैब कुटुम्बकम् भनेको भुल्ने भुलक्कडहरू जति भुतभुताए पनि कुनै लछारपाटो लाग्दैन । त्यसकारण नेपाली कम्युनिस्टलाई एक्काइसौं सदीतर्फ डोऱ्याउने हो भने वैदिकमन्त्रवादबाट उनीहरूको मन-मस्तिकलाई मुक्त गर्नैपर्छ ।

तेस्रो कुरा हो- एक्काइसौं सदीका नेपाली कम्युनिस्टका के-कस्ता आवश्यकता छन् र कस्तो आदर्श मूल्य निर्धारण गर्नुपर्ला ? मलाई लाग्छ यो ज्यादै महत्वपूर्ण विषय पनि हो । हाम्रो जस्तो भू-बनौटको विकटता भएको देशमा कम्युनिस्टहरूलाई काम गर्न निकै गाह्रो छ । त्यसैले एक्काइसौं सदीका नेपाली कम्युनिस्टहरूलाई दर्जाहेरी देहायबमोजिमका आवश्यकता परिपूर्ति हुनुपर्छ र एउटा अत्याधुनिक प्राविधिक मानिसका रूमा उसको आदर्श मूल्यलाई स्थापित गरिनुपर्छ ।

देहाय जो छ त्यो यसप्रकार छ- उच्चस्तरका कम्युनिस्टहरू जति छन् तिनीहरूका निम्ति भौगोलिक विकटताले जनसम्पर्कमा बाधा नपारोस् भनी यातायात र सञ्चारका लागि एक थान हेलिकोप्टर, मोबाइल फोन, फ्याक्स, इन्टरनेट, कम्प्युटर जरुरी हुनेछ । सेवा शुल्क स्वरूप कम्तिमा पच्चीसहजार रुपियाँ तलब र आरामदायी २१ कोठे घर, सुसारे र श्रीमती दुवैको व्यवस्थासँगै नीला निर्मलजलको समुचित प्रबन्ध हुनुपर्छ । नेतापिच्छे अखबार, रेडियो स्टेसन र टीभी केन्द्र भएन भने सूचनाको हक कुण्ठित हुने खतरा पैदा हुन्छ । त्यसकारण बहुभाषिक समाजसँग एकाकार हुन जहाँ मन लाग्यो त्यहाँ जान, खान र गर्न छुट हुनैपर्छ, त्यसरी नै मधयमस्तरका लागि- पजेरो अनिवार्य हुनेछ र मोवाइल, फ्याक्स र कम्प्युटर सुविधा स्वाभाविक मात्रामा उपलब्ध गराइनुपर्छ । कम्तिमा पन्ध्रहजार सेवाशुल्क आर्थत् तलब र रातो निर्मल जलको सुविधासँगै 'विचार आफ्नो-आफ्नो' भन्ने छुट मिल्नुपर्छ । निम्नस्तर सबै भन्दा धेरे संख्यामा हुने भएकाले सबैलाई मोटर साइकल, मोवाइल फोन र एक एक थान डण्डा उपलब्ध हुनुपर्छ । डण्डा झण्डाको बहानाका रूमा प्रदान गरे पनि आवश्यकता पर्दा शान्तिपूर्ण कुटपिटमा प्रयोग गर्न सकिनेछ । सबै तहमा अंग्रेजी भाषा अनिवार्य हुनेछ र चिनियाँ तथा फ्रेन्चसँगै नेवारी, मगरी, लिम्बू र तामाङ भाषा जान्नुपर्ने छ । नेपाली भाषा बोल्न पाइने छैन र संस्कृतमा पूजापाठ गर्ने छुट कुनै हालतमा दिइने छैन । मलाई लाग्छ एक्काइसौं सदीका बामपन्थी माग यस्तै हुनेछन् ।

२०५७/८/१४


# तपाईं पनि बन्ने होइन सहभागी ?

**नव प्रज्ञापन पुस्तक कार्यक्रम २०६२ मा सहभागी बनौं,**
**नयाँ-नयाँ पुस्तकहरू बढौं र ज्ञान बढाऔं ।**






# जीवनका उज्यालो पाटो देख्नेहरूसित

**सम्झना**

दुःख, पीडा, बेदना, आँसु चारैतिर यस्तै छ । संसार हेर्ने आँखा आ-आफ्नो । गहिरिएर हेर्दा यहाँ जीवनको अर्को पाटो पनि अनुभूत गर्न सकिन्छ । यसो सोच्दछु, माया, दया, करुणा, स्नेह संसारमा दिनेहरूको कमी छैन । यो अस्पताल र आश्रयमा (अस्पतालका लागि बनाइएको धर्मशाला) यहाँ आउने हरेकमा जीवनको माया छ, बाँच्ने आशा छ । जीवनको उज्यालो पाटो नहुँदो हो त संसार कस्तो हुन्थ्यो होला ?

आमा-बाबुहरू बिरामी छोराछोरी लिएर आएका छन् । छोराछोरीहरू बिरामी बा-आमा लिएर आएका छन् । लोग्नेले बिरामी स्वास्नी लिएर आएको छ । स्वास्नी बिरामी लोग्नेको साथमा आएकी । साथै माया गर्ने इष्टमित्रहरू त छँदैछन् । धन, प्रेम, आशा, विशवास नहुनेहरू त यहाँ आउने कुरै भएन । यताउता जता हेर्दा पनि स्नेहको (कर्तव्य आफ्नो ठाउँमा छ।) सागर नै उर्लेको जस्तो । हेर्नुस् न....

देहरादूनबाट आउनभुएको जोडी आज चार महिनापछि घर फर्कदै हुनुहुन्छ । खाना खाने समयमा श्रीमतीले आफूहरू घर फर्कने कुरा खुसीसाथ सुनाउनुभयो । डाक्टरले भनेअनुसार उपचार गर्नु त आफ्नो ठाउँमा छँदैछ । त्यसबाहेक बिरामीकी श्रीमती बाहिर बगैंचामा बसेर के-के पाठ गर्थिन् । श्रीमान्लाई बराबर मन्दिर पनि लान्थिन् । त्यो उनको विश्वासअनुसारको थप प्रयास हो । (मलाई माया गर्ने कसैले मेरो लागि गुहेयश्वरीमा लाल-मोहन चढाएजस्तो, मलाई भने यस्ता कुरामा पटकक विश्वास लाग्दैन । हुने भए त्यो लालमोहन आफैं खान्थेँ ।)

काठमाडौंबाट आउनुभएको भट्टराई जोडी झनै उर्जापूर्ण । डेढवर्षदेखि कोलनको क्यान्सर भएको श्रीमान्लाई सम्हाल्दै आउनुभएकी श्रीमती भट्टराई खुबै आँटी लाग्यो । बिरामीचाहिँ डाक्टरसँग 'मलाई धेरै बाँच्न मन छ' भन्नुहुँदोरहेछ । विद्यावारिधि गर्दै । क्या जोश, आँट । मर्नु त एक दिन छँदैछ ।

जम्मूबाट स्तन-क्यान्सरको उपचार गराउन आउनुभएकी महिला पनि रमाइली हुनुहुन्छ । उहाँसँग छोरा, श्रीमान् र बहिनी पनि साथै आउनुभएको छ । एकदिन लौ मेरी बहिनी हराइन् खोज्न जाउँ भनेर मलाई घिच्याउँदै हुनुहुन्थ्यो । मैले नौ बजेसम्म बाटो हेर्न अनुरोध गरें । नौ नबज्दै बहिनी बजारबाट थुप्रो सामान किनेर फर्किन् । हामीले खोज्न जान परेन । आफू बिरामी हूँ भन्ने त हेक्का नै छैन । अधबैंसे बहिनी हराउँछे भन्ने पीर । आफ्नो कर्तव्यप्रति सजग । उनका छोरा र मचाहिँ खिसी गरीगरी हाँस्यौं । उनलाई जिस्क्याउने एउटा मसला भयो, बहिनी खोइ ? भनेर ।

चन्दीगढबाट आउनुहुने पञ्जाबी जोडीको भाषा म बुझ्दिनँ । (हामी प्रायः महिलाहरू महिलासँग र पुरुषहरू पुरुषसँग कुरा गर्छौं ।) श्रीमतीचाहिँ बिरामी । हातको इसारा गरेर पनि म उनीसँग गफ गर्छु । घरमा आठ र चौध वर्षका छोराहरू छन् रे । अब त म ठीक हुँदैछु चाँडै घर जान्छु भन्दै

थिइन् । जीवनप्रति सकारात्मक सोचाइ ।

काठमाडौंबाट आएका चौबीस पच्चीस वर्षका सौरभको अवस्थ राम्रो थिएन । डयूडेनमको क्यान्सर रे । उनका आमा-बा ज्यादै चिन्तित हुनुहुन्थ्यो । दुई रात मात्र आश्रयमा बसेर उहाँहरू काठमाडौं फर्किनुभयो । तीन महिनापछि फेरि आउने रे । जीवनप्रति आशा छ ।

बिकानेरबाट आउनुभएकी चन्द्रकलाको परिवार र मेरो घनिष्ठता भएको छ, श्रीमान् र छोरी प्रियंकासाथ । उहाँ स्तन-क्यान्सरको उपचार गराउन आउनुभएको । साँझमा हामी तल आँगनमा एक डेढ घण्टा गफ गर्ने, खेल्ने (गट्टाजस्ता बच्चाका खेलहरू र कथा हाल्ने गर्छौं । अस्ति हामीले सँगै फोटा खिच्यौं । चन्द्रकलाजीको कपाल लामो राम्रो छ । उपचारको क्रममा त्यो झर्नुभन्दा अगाडि नै उहाँ फोटो खिच्न चाहनुहुन्थ्यो ।

नजिकको सहरबाट आएकी युवतीले आज हामीलाई क्या भनिन् । साँझमा हामी तीन-चार महिना आँगनमा हावा खाँदै थियौं । आजमात्र आश्रयमा आइपुगेकी उनले भनिन् "आन्टि, तपाईंहरू त यो उमेरमा पुगेर (प्राय: जसो ५० वर्षको नजिक छौं) बिरामी हुनुभयो । ठीकै पनि छ । म त भर्खर सत्ताइस वर्ष भएँ । चार वर्षकी छोरी छ । मलाई त अझै बाँच्नु छ ।" बिचरी, मनको कुरा प्वाक्क निकालिन् । किशोरी प्रियंका उनको कुराले रिसाइन् । तर संयमी उनले कुनै नराम्रो प्रतिक्रिया भने देखाइनन् । हामी प्रौढहरू भने मुखामुख गरेर हाँस्यौं मात्र । बाँच्नु त हामीलाई पनि छ ।

मैले यहाँ भन्न खोजेको कुरा सबैको जीवनप्रति सकारात्मक सोच छ । लौ खत्तम भन्नेहरू त यहाँ अस्पतालमा आउने कुरै भएन । उपचार हुन्छ, केही राम्रो गर्न सकिन्छ भनेर नै त यहाँ आइन्छ ।

हिन्दी, उर्दू, पञ्जाबी, बङ्गाली, नेपाली जुन भाषा बोल्ने भए पनि प्राय: भेट हुँदा हाँस्ने वा नमस्ते गर्ने गरिन्छ । हामी कोही पूर्वपरिचित होइनौं तर पनि परिचितजस्तै व्यवहार गरिन्छ ।

गम्भीर खालका धेरै नबोल्नेहरू केवल हाँस्ने वा नमस्ते मात्र गर्दछन् । मजस्ता मान्छेहरू अरुले कुरा बुझे पनि नबुझे पनि आ-आफ्नो मनको कुरा पोखेर हलुका हुन्छौं । यहाँ आफ्नै किसिमको रमाइलो छ ।

चुप लाग्न नसक्ने मेरो बकबके स्वभाव जान्नेहरूले मलाई 'लौ काठमाडौं आउँदासम्म लाटी हुने होला' भन्नुहुन्थ्यो । तर कहाँ ? आ-आफ्नो स्वभाव हो काठमाडौं होस् वा दिल्ली ।

२००४, जुलाई १४, नयाँदिल्ली


विजयादशमी, दीपावली तथा छठ पर्व

**२०६२ को सुखद् अवसरमा सम्पूर्ण गाउँबासीहरूमा शान्ति, समृद्धि, उन्नति र उत्तरोत्तर प्रगतिका साथै हार्दिक मंगलमय**

**शुभकामना !**

**डुमरवाना गाविस, परिवार**

**बारा**






# एकाएक बरबराएर

**राम विनय**

मानिसहरू
एक आपसमा बोल्दैनन्
सरसल्लाह पनि गर्दैनन्
बेदनाको आँसुमा
सम्बेदना पोख्दैनन् ।
चहराइरहेको घाउ लिएर
चिच्याउन पनि खोज्दैनन् ।
रीस उठेपनि
रीस देखाउँदैनन्
सपना हराएको देशमा ।

खोला बग्नुपर्ने हो
बाढी चल्नुपर्ने हो
यो मौसममा
खडेरी राम्रो लक्षण होइन
बाली लगाउने बेलामा
प्रवाहले चुम्नुपर्ने किनारलाई
किन गति रोकिएको हो ?
गतिशील मोडमा
समय हराएको देशमा ।

मानिसहरू
वसन्तमा फूल पनि हुन नसकेर
बज्रपातमा काँधा बन्न नसकेर
किन संवेदनहीन भएर
मुकदर्शक बन्छन् ?
बगरको ढुङ्गा बनेर
प्यासको आभास नगरेर
सपना हराएको देशमा ?
सपना हराउनु
सुखद् कुरा होइन ।
निस्क्रियताको साङ्गलोमा बाँधिनु
मुर्दा शान्तिको सिरकमा हराउनु
गतिलो लक्षण होइन ।
कतै सपनाको मृत्यु त हुने होइन ?
ए मेरा देशका कविहरू ?
तिमी कुन देशको कुरा गरी रहेछौ ?
के यो मेरो देशको कुरा हो ?
स्वयं भन–
तिमी के भन्न खोजिरहेछौ ?
यो सपना हराएको कुरा गरेर
समय हराएको कुरा भनेर
तिमी कुन देशको कुरा गरिरहेछौ ?
एकाएक बरबराएर ।

## ढुई टुक्रा

**चेतनाथ धमला**

१.
जूनको जुलुस
चौतारीमा बेवारिसेछ
नूनको जुलुस जुत्ता चम्काउँछ

२.
आहा स्वर्णाक्षर भाँचेपछि
ती ठेकेदारहरू
कहाँ जालान् 'कालकुट' खोज्न

# के हो जीवन ?

**मधुमल्लिका**

जीवनसम्बन्धी अनेकन लेखहरू पढेको छु। भविष्यमा लेखिने जीवनसम्बन्धी दर्शन पनि क्रमशः पढ्न पाइन्छ होला । अचेल जति पढे पनि म झन् एउटै उल्झनमा अल्झन पुग्छु, वास्तवमै के हो त जीवन ? झन् झन् निर्वोधगम्य हुनपुग्छ अश्पस्ट र धुमिल रेखाचित्र झैं । अमूर्तता र मूर्तताको दोधारमै जीवन लट्किरहेको पाउँछु म बेलाबेलामा । जीवनसम्बन्धी लेख्नेहरूले जीवनलाई समान तरिकाले व्याख्या विश्लेषण गरेर परिभाषित गरेका छैनन् । सबैको परिभाषामा भोगाईका गन्ध प्रशस्तै पाइन्छन् । मलाई लाग्छ जीवनलाई परिभाषित गर्नु भनेको अन्धाहरूले हात्तीलाई छामेर हात्तीको बारेमा बताए जस्तै हो । जीवन जीवनको प्रमुख गुण हो । चेतनशील प्राणी भएको नाताले जीवनसम्बन्धी उत्सुकता मानवमा नै बढी हुन्छ जस्तो लाग्छ । मानिसले आफ्नो बुझाईमा दृश्य अदृश्य कुराहरूलाई समाहित गर्न परिभाषाको विकास गरेका हुन्छन् जसले ती कुराहरूको पहिचान प्रस्तुत गर्दछ । मत्यैकता दुर्लभ कुरा हो । त्यसैले जीवनको परिभाषामा प्रशस्तै विविधता पाइन्छ । जीवनलाई परिभाषित गर्ने क्रममा कैयौं शास्त्र र ग्रन्थहरू नै लेखिएका छन् । तर ती कुराहरूको सीमाभित्र जिन्दगी अटाएन र असंख्य परिभाषा पाएर पनि जीवनको एउटै सग्लो पहिचान छैन कहिलेकाहीँ त म छक्क पर्छु । कवि भन्छन् कविता को जीवन । गायक भन्छन् गीत हो जीवन । चित्रकार भन्छन् चित्र हो जीवन । संगीतकार भन्छन् संगीत हो जीवन । राजनीतिज्ञ भन्छन् राजनीति हो जीवन । मूर्तिकार भन्छन् मूर्ति हो जीवन । कलाकार भन्छन् कला हो जीवन । भक्त भन्छन् भक्ति हो जीवन । यस्तै यस्तै परिभाषाहरू व्यक्तिले आफू बाँचेको पृष्ठभूमिलाई आधार बनाएर प्रतिपादित गरेका हुन् भन्ने कुरामा दुई मत छैन । सबैले जीवनलाई आफ्नै पेवा सम्झेर परिभाषित गरेको प्रतीत हुन्छ ।

जनजिब्रोमा झुण्डिएको जीवनको परिभाषाहरू पनि फरक फरक छन् । मैरै हजुरआमाले दुईदिनको जिन्दगी "आज कि भोलि हो, हामी त डाँडामाथिको घाम" भन्नुभएको पनि निक्कै भइसक्यो । उहाँको आयु अहिले ७० बाट उकालो लागिसकेको छ । मेरो कामना छ अझै दीर्घजीवी हुनु होस् मेरो हजुरआमा । मलाई ताज्जुब लाग्छ ७० वर्ष भन्दा बढी बाँचिसक्दा पनि उहाँले २ दिनको जिन्दगी भन्नलाई छोड्नु हुन्न । उहाँले त ७०×३६५ दिनको जीवन भनेर भन्नुपर्ने होइन र ? एकदिन मैले हजुरआमालाई सोधें किन दुइदिनको जिन्दगी भनेर भनेको ? उहाँले बडो सरल तिरकाले सम्झाउनु भो मलाई जिन्दगीलाई "दुई दिन भनेको एकदिन जन्मिने अर्को दिन मर्ने दुवै मिलाएर दुई दिन भएन त ?" म छक्क परें यही परिभाषा एउटालाई भने म मान्न तयार छु । हुन पनि जीवन भनेको नै जन्म र मृत्युबीचको अवधि नै हो । म अहिले सम्झिरहेको छु एउटा अंग्रेजी साहित्यकारले व्यक्त गरेको Life is a jorney from womb to tomb



भन्ने अभिव्यक्तिलाई । परिभाषाले जीवनलाई कति हदसम्म समेट्न सकेको छ, त्यो आफ्नै ठाउँमा छ । मैले जीवनलाई दुःखसुख, घामपानी, घामछाया, दिनरातसँग तुलना गर्ने गरेको पाएको छु । घाम हेर्नेले घामै जीवन, जुन हेर्नेले जुनै जीवन, यस्तै एकतर्फी परिभाषा छ जीवनको । सुखीलाई सुखै जीवन, दुःखीलाई दुःखै जीवन । जसको भागमा जे पर्‍यो त्यही जीवन । जसले जे देख्यो त्यही जीवन । जसले जे भोग्यो त्यही जीवन । छक्क पर्छु बहुरूपीजीवनदेखि । अनगिन्ती अनुभूति जीवनको । पृथकपृथक पहिचान र परिभाषा जीवनको । जीवन यात्रा हो, जीवन नदी हो, जीवन सागर हो, जीवन फूल हो, जीवन काँडा हो, जीवन के के हो के के.... । जीवन फूल हो र जीवन काँडा हो भन्नेहरूको मुखमा बुझो मार्न कवि तथा साहित्यकार भीम 'विराग' ले "फूलैफूल मात्र पनि होइन रैइछ जीवन, काँडाबीच फुल्ने फूलरेछ जीवन" भन्दै जीवनको परिभाषालाई मिठा शब्द र सुमधूर संगीतमा निरन्तर गाइरहनु भएको छ । जीवनलाई एउटै कोणबाट हेरिनु हुन्न भन्ने सन्देश निरन्तर-निरन्तर बाँडिरहनु भएको छ ।

जीवनमा पैसाले खेल्ने अहम भूमिकाप्रति वाक्क लागेर होला सायद युवा साहित्यकार अमर त्यागी आफ्नो 'अनुभूतिको जुलुस'मा जिन्दगीलाई डेबिड-क्रेडिट नमिलेको केरमेट वासलत भनेर जीवनसम्बन्धी आफ्नो दर्शन व्यक्त गर्नुहुन्छ ।

एउटा साहित्यिक जमघटमा एउटा साहित्यको पारखीले गजलकार डा. घनश्याम 'परिश्रमी' लाई सोधेका थिए

"सर, गजल भनेको के हो ?"

डा. घनश्याम 'परिश्रमी' ज्यूको "गजल जिन्दगी हो" भन्ने जवाफप्रति ठट्याउलो पारामा आपत्ति जनाउँदै साहित्यकार निर्मोही व्यासले सोध्नुभयो "गजल मात्र जिन्दगी हो भने घनश्याम भाइ अरु चाहिँ के हो ? कविता, कथा, गीत, निबन्ध चाहिँ के जिन्दगी होइन ?" म सुनिरहेकी थिएँ चुपचाप, यो रोचक कुराकानी र प्रसंगलाई । त्यही बेलादेखि ममा पनि जीवन के हो भन्ने प्रश्न घुमिरहेको छ । जीवनको ठेट अर्थ अझै पनि बुझिनसकेको अवस्थामा छु म । सबैले आफ्नो जीवनलाई आफैंले परिभाषित गर्ने जमर्को गरेको पाइएको छ । लाग्छ जीवन कच्चा पदार्थ हो अभिव्यक्तिको । गिलो माटो हो जसलाई इच्छाएको रूप प्रदान गर्न सकिन्छ । कहिलेकाहीँ त लाग्छ जीवन आवश्यकता हो, सबैको लागि अनुकूल छ जीवन । मानिसले चाहेको रूपमा आफूलाई परिभाषित गर्दै जीवन सबैको प्रिय बनेको छ । जीवन नैसर्गिक छ, जीवन सर्वप्रिय छ र जीवन सर्वव्यापक छ । जीवनको सर्वव्यापकतामा धर्ती आकाश सृष्टि, सौन्दर्य सबै एकाकार भएको छ । विविधतामा एकता हो जीवन । सबै कुरा जीवन हो र जीवन सबै कुरा हो । हात्ती र हात्ती छाप चप्पल जस्तै हो जीवन र जगत । साहित्यकार शब्दमा जीवन लेख्छ, गायक रागमा जीवन अलाप्छ, चित्रकार रंगहरूले जीवन कोर्छ, मुर्तिकार छिनो र हथौडीले जीवन कुँद्छ । जताततै जीवन छ्याप्छ्याप्ती पाउँछु म एउटा अन्तहीन उपस्थिति जीवनको । सबैलाई प्राप्य छ जीवन, आफ्नो चाहना मुताविक । जीवनको सिंगो र सग्लो स्वरूप प्राप्त गर्न कठिन छ । त्यसैले म पनि जीवनलाई यसरी परिभाषित गर्छु, जीवन दृष्टि हो, जीवन अनुभूति हो र जीवन सृष्टि अनि सन्तुष्टि हो ।

– निजगढ, बारा

# आवेगमा

✍ साम्ब ढकाल

नसम्झेर भन्नुपर्ने कुराहरू,
बिर्सेर नभन्नुपर्ने कुराहरू अतिगरिए
सबै एकै चोटी भयो यसरी नै
जसरी सबथोक हुन्छन् आवेगमा ।

गज्याङ्ग भज्याङ्ग नै सही देखिएका बाटाहरू
हिँडिदिएको भए हुन्थ्यो-
अक्कर र पच्याङ्ग नै किन नहोस्
डोरिए पनि हुन्थ्यो-
आखिर अलिनु मनस्तापले अल्मलिनुभन्दा
टुङ्गोमा पुगिन्थ्यो कि कतै
दोधार मात्रै भइरह्यो धेरैबेर आवेगमा ।

पृथ्वीबाट देखिने दुर्लभ मङ्गल ग्रहको पटाक्षेप दृश्य झैं
मेरो आँगनमा शान्तिको अवतरण पनि त्यसैगरी हुने भो
एकदम विरलै
फेरि अँध्यारोले लपेटिरहेछ मेरो प्रदेश
र उकुसमुकुसको गुजुल्टोमा भविष्य अल्झिरहेछ ।

रगत मुछिएको पाखाहरू सुकेजस्तो लाग्थ्यो
गाउँ कोकोहोलो । कोलाहलबाट ब्युँझियोहोला जस्तो लाग्थ्यो
भयाक्रान्त दृष्टि निलाम्मे आकाश हेरेर भन्ने गर्थ्यो
अब त केही दिन अरु बाचिने भो !
उफ ! के हुन्थ्यो र त्यस्तो निर्दयी झुण्डहरू सल्बलाए फेरि आवेगमा ।

आवेग संरचना र संहार दुवै हो
आवेगको गति यतिसम्म म भन्नै सक्दिन
आवेगले कतिसम्म गर्न सक्छ, त्यसको परिसीमा म तोक्नै सक्दिन
हुनत आवेगमा संयम हुनै पर्ने होइन र ?
संयमबिनाको आवेगले बनाउने र बिगार्ने मापन गर्नै सक्दैन
जे पनि हुन सक्छ आवेगमा ।

सबै एकैचोटी भयो त्यसरी नै
जसरी सबथोक हुन्छन् आवेगमा ।

– हेटौंडा, मकवानपुर





# काम

✍प्रोल्लास सिन्धुलीय

हरि सुवेदीले घर छाड्यो । घर छाड्ने बेलामा उसलाई लाग्यो - ऊ सधैँको लागि घर छाड्दै छ । भर्खर उड्ने प्रयास गरिरहेको रुपीको बच्चा आँगनको बकैनाको सबैभन्दा तल्लो हाँगामा बसेर कराइरहेको थियो । कराउँदा त्यसको पूरै जीउ थरथरी कामिरहेको थियो । हरि सुवेदीले सोच्यो - त्यो चराको बच्चा पनि हरि सुवेदी नै हो, अलिअलि पखेटा लाग्नासाथ गुँड छाडेर उडेको । तर चरो हरि सुवेदी र मान्छे हरि सुवेदीमा त धेरै फरक छ नि ! पखेटा पूरै उम्रनासाथ, स्वरमा परिपक्वता आउनासाथ चरो हरि सुवेदी स्वतन्त्र हुन्छ तर मान्छे हरि सुवेदी विचराले कहिले स्वतन्त्रता पाउने ? पढाइ सिध्याऊ, जागिर खाऊ अनि घरका यावात् समस्याहरू निम्ट्याउँदै जाऊ । बा-आमा, भाइ-बहिनी, नातागोता, जहान-छोराछोरी, समाज ............ आदिआदिमै उसको सारा जीवन चौपट हुन्छ ।

हरि सुवेदीले पढ्न पसेको ठाउँलाई काठमाडौं, विराटनगर, पोखरा, जनकपुर केही नभनूँ, सिर्फ यति भन्दा कफी हुन्छ कि ऊ गाउँबाट शहर झरेको थियो । किनकि हरेक शहरको रङ एउटै हुन्छ । जुन रङ हरि सुवेदीजस्ताको लागि सधैँ बिरानो लाग्छ । त्यो रङलाई मान्छेहरूले के नाम दिए भन्ने कुराको के अर्थ रहन्छ र ?

हरि सुवेदीले पढाइ सिध्यायो । साह्रै दुःख गरेर पढ्यो उसले । आखिर दुःख गर्नेले नै त हो नि पढ्ने पनि । हरि सुवेदीजस्ताले दुःख गरेर पनि नपाउने कुरा भनेको जागिर रहेछ । जागिर खाएर प्रगति गर्न नसकिने रहेछ भन्नेहरूको अघिल्तिर हरि सुवेदी चै उन्नति गर्न नसकिने त्यही जागिर प्राप्त गर्ने स्थानमा पुग्न सकेन ।

पढाइ सिध्याएपछि हरि सुवेदीलाई बाबुले ऋण काढेर पठाएको खर्च खाएर बस्न लाज भयो । अनि उसले झुटको खेती गर्‍यो, झुटको फसल उब्जायो र तिनै सपनाहरू चिठीभित्र अटाइनअटाइ खाँदेर गाउँमा पठाउन थाल्यो । चाहे क्षणिक नै सही ती सपनाका फसलहरू ओल्टाउँदै पल्टाउँदै उसको घरमा खुसी र सन्तुष्टिको मीठो झेक्का भित्रियो । हरि सुवेदीले चिठीहरूमा मात्र जागिर खायो, चिठीहरूमा मात्र प्रगति गर्‍यो । गाउँमा जाने चिठीहरूमा मात्रै उसले एउटा सफल मान्छे बन्न पायो । यथार्थमा चै हरि सुवेदी चिनजानकै एकजना मजदुर दाइसमक्षमा रोयो, जो त्यही रङ्गिन शहरमा रङहीन रिक्सा चलाउँथे । रिक्साचालक रामदाइको पनि यो शहरमा आफ्नो भन्नु सिर्फ त्यही एउटा रिक्सा थियो, दिनको ३० रुपैयाँ भाडा तिरेपछि मात्र उनको हुन्थ्यो । हरि सुवेदीले रामदाइको सानो राज्यमा शरण पायो । आफ्ना प्रमाणपत्रका प्रतिलिपि बाँढ्दाबाँढ्दै हरि सुवेदीले रिक्सा चलाउन सिक्यो । जागिरको लागि अस्वीकृति आउँदाआउँदै उसले रामदाइको काममा अंशवण्डा गर्‍यो । थोरै नै सही छोराको मनको लड्डु बूढाबूढीले मीठो मानी खान पाउन थाले । हरि सुवेदी दिनभरि रिक्सा चलाएर थाकेका औंलाले जागिरको उन्नतिको खबर लेख्न पोख्त भयो । झुट नै सही ती तपस्वि बूढाबूढीलाई रुवाउनु त भएन नि ! संयोग नै मान्नुपर्छ कि हरि सुवेदीले जागिर खाइरहेको कुनै परिचित आँखाले

देखेनन् अथवा देखे पनि पत्याएनन् ।

हरि सुवेदीले एक दिन रामदाइ र आफूबीचको भिन्नताको बारेमा गम्भीर भएर सोच्यो । उसको पढाइ र भोगाइबाट यो कुरामा सन्देह बाँकी रहेन कि काम गरेर खान लाज हुँदैन । तैपनि रामदाइहरूले जसरी नै खुरुखुरु काममात्रै गर्ने हो भने उसले प्राप्त गरेको डिग्रीको के मतलब भयो ? कुनै सिर्जनशील कार्य गर्न सकेन भने उसले हासिल गरेको ज्ञानको के औचित्य रह्यो ? रिक्सा चलाउनु त छँदै छ, त्यही काममा पनि कुनै उपाय निकालेर नयाँपन दिन सकियो भने .......... आखिर कुन मानिस नयाँ कुराप्रति आकर्षित नभइ रहन सक्छ र ?

आफ्ना प्रमाणपत्रहरू पोको पारेर हरि सुवेदी रिक्सामालिकलाई भेट्न गयो । रिक्सामालिक अर्थात् एक धनाढ्य अर्थात् रङ्गिन शहरको एकजना रङ्गिन मान्छे, जसलाई यसभन्दा अघि हरि सुवेदीले कहिल्यै देखेको थिएन । ऊ त हरिकिसन प्रसादलाई नै असली रिक्सामालिक ठानिरहेको थियो, जो रिक्साको भाडा उठाउँथ्यो र एक दिन दिन ढिला गऱ्यो भने तथानाम गाली फलाक्थ्यो ।

निकै दिनको कसरतपश्चात् हरि सुवेदीले असली रिक्सामालिकसँग दर्शनभेट पायो । तर पनि रिक्सामालिक नाथे रिक्साचालकसँग कुरा गरेर आफ्नो अमूल्य समय बर्बाद गर्न अनिच्छुक थियो । उसलाई लागेको थियो कि यो खाइलाग्दो केटो उसको सयभन्दा बढी रिक्साचालकहरूबीचमा नेतागिरि गर्न खोजिरहेको छ । रिक्साचालकहरू सङ्गठित भ एभने उसको नाजायज हैकमहरूको अन्त्य हुने निश्चित थियो । त्यसैले ऊ आफूभित्रको डरलाई दबाएर नडराएको देखाउने प्रयास गरिरहेको झैँ देखिन्थ्यो । यदि उसले यस्तो नसोचिदिएको भए हरि सुवेदीले उसलाई भेट्ने अवसर नै पाउने थिएन होला ।

के भन्नुछ छिटो भन, सायद हरि सुवेदी नै पहिलो रिक्साचालक थियो जसलाई रिक्सामालिकले यति धैर्यताका साथ भेटघाट दिएको होस् । अन्यथा हरिकिसन प्रसादले समेत हरेक रिक्साचालकलाई तँभन्दा माथिको शब्द प्रयोग गर्दैनथ्यो, भेटघाटको कुरा त कहाँ हो कहाँ !

म रिक्सामा डिग्री पास मजदुरको रिक्सा लेख्न चाहन्छु, हरि सुवेदीले विनम्र भएर भन्यो ।

डिग्री पास मजदुरको रिक्सा ?? साहुलाई मानौ झड्का लाग्यो । तँ डिग्री पास छस् ? उसले आश्चर्यचकित हुँदै सोध्यो ।

हजुर सर !, हरि सुवेदीले उत्तिकै नम्रतापूर्वक उत्तर दियो, मानौँ साहु झस्किएको मानौँ उसले देख्दै नदेखेको होस् ।

हजुर त्यस्तैत्यस्तै हो, म यो समाजमा उदाहरण बनेर देखाउन चाहन्छु, हरि सुवेदी हैन ऊभित्रको आत्मविश्वास बोल्यो ।

खैखै हेरूँ त !, साहुले उसका प्रमाणपत्रहरू ओल्टाइपल्टाइ नियालेर हेऱ्यो, ठीक त्यसरी नै जसरी हजारका जाली नोटलाई उसले हेर्ने गरेको थियो ।

यो त साँच्चै डिग्री पास छ, उसका आसेपासेहरूले घाँटी तानेर उसको हातमा भएको प्रमाणपत्र नियाले ।

हरि सुवेदी बिल्कुलै चुपचार रह्यो, आँधीपछिको समुद्रझैँ ।

तिम्रो कुरामा म विचार गर्छु, काम गर्दै गर म आफैँ तिमीलाई खबर गरुँला, साहु हिँड्यो ।

हरि सुवेदीका आधी आशा पानीमा फ्याँकियो । आखिर नामै लेखिदिने कुरा त थियो नि ! भाडा त म तिरिहाल्ने थिएँ, हरि सुवेदीले सोच्यो । सोच्दासोच्दै उसलाई



थकाइ लाग्यो । केही काम नगर्दा पनि कहिलेकाहीँ थकाइ लाग्दोरहेछ ।

चौथो दिन हरिशरण प्रसाद हतारिँदै हरि सुवेदीकहाँ आयो - तिमीलाई सरले बोलाउनु भाछ, उसले पनि यसपटक हरिसुवेदीलाई तिमी सम्बोधन गऱ्यो ।

तिमी हामीकहाँ कहिलेदेखि काम गरिरहेका छौ ?, साहुले हरि सुवेदीसँग भेट हुनासाथ सोध्यो

हजुर त्यस्तै पन्ध्र-सोह्र महिनाजति भयो होला ।

मैले तिम्रो बारेमा धेरैजनासँग कुरा गरिसकेँ । तिम्रो जति त मैले पनि पढेको छैन । यत्ति पढेलेखेको मान्छे भएर पनि तिमीलाई रिक्सा चलाउनुमा गर्व छ, यो त चानचुने कुरा होइन । अहिले मैले तिमीलाई बोलाएको पनि यसै विषयमा छलफल गर्न हो । म चाहन्छु तिमी एउटा पत्रकार सम्मेलन गर ।

पत्रकार सम्मेलन ? हरि सुवेदीले नसोचेको विषय साहुले देखाइदियो ।

डराउनुपर्दैन, आफ्ना कुरा भन्ने त हो नि । जे जति खर्च लाग्छ सबै व्यवस्था म गरिदिउँला ।

हरि सुवेदीले मुन्टो हल्लायो । उसले सोचेको पनि थिएन कि एउटा धनाढ्य व्यक्ति नाथे रिक्साचालकको लागि यत्तिका सबै गर्न तयार छ । पढेर पनि त्यसको उचित सदुपयोग गर्न नपाएकोले नै होला हरि सुवेदीलाई डिग्री पास गर्नु ठूलो कुरा नलागेको ।

केही दिनमै पत्रकार सम्मेलनको आयोजना गरियो - राम्रै खर्च गरेर राम्रै हलमा । सहभागिता पनि कत्ति नि ! पत्रकार हरूमात्रै ८०-८५ जना, अरू मान्छेहरू त झन् टनाटन, बस्ने ठाउँ नभएर उभिएका ।

रिक्सामालिकले आफ्नो रिक्साचालक उदाहरणीय मान्छे भएकोमा गर्व गऱ्यो । गर्वमात्रै गरेन, त्यही समारोहमै हरि सुवेदीलाई एउटा नयाँ रिक्सा उपहार दिने घोषणा पनि गऱ्यो । उसको घोषणाअनुरूप तुरुन्तै रिक्सा पनि समारोहमै झिकाइयो ।

तालीको गड्गडाहटबीच रिक्सा साहुले रिक्साको साँचो हरि सुवेदीलाई हस्तान्तरण गऱ्यो ।

हरि सुवेदी दङ्ग पऱ्यो । के सोचेको थियो, केके भयो, भयो । हरि सुवेदीका साथीहरूलाई पनि साहुले एक हप्तासम्म भाडा नलिने कुरा सार्वजनिक गऱ्यो ।

हरि सुवेदी आफैँ रिक्सामालिक भयो ।

हरि सुवेदीले रिक्साको चारैपट्टि आकर्षक अक्षरले लेखायो - डिग्री पास मजदुरको रिक्सा, र अगाडि फलामको फ्रेम बनाएर आफ्नो प्रमाणपत्रको प्रतिलिपि झुण्ड्यायो ।

जब हरि सुवेदी रिक्सा लिएर सडकमा निस्कियो, त्यतिबेलासम्म धेरै पत्रपत्रिका, रेडियो, टीभी आदिले उसको बारेमा लेखिसकेका भनिसकेका, फोटो र अन्तर्वार्ता छापिसकेका थिए । झन् स्पष्ट रूपमा रिक्सामै लेखिएकोले नसुन्ने/नदेख्नेहरूको नजरमा पनि हरि सुवेदी परिहाल्यो ।

हरि सुवेदीको रिक्सा चढ्न चाहनेहरूको भीड नै लाग्न थाल्यो । तँछाडमछाड गर्दै सबै उसको रिक्सा चढ्न थाले । हरि सुवेदी चर्चाको पात्र बन्यो । उसको रिक्सामा चढ्नु एक प्रकारको मनोरञ्जन र प्रतिष्पर्धाको विषय बन्यो । यो आफ्नो पढाइप्रतिको सम्मान हो कि गरेको कार्यप्रतिको अपमान ? - हरि सुवेदीले बुझ्न सकेन ।

हरि सुवेदी रङ्गिन शहरमा आफ्नो रिक्सा हाँकिरह्यो, हाँकिरह्यो । पालो गरेर मान्छेहरू उसको रिक्सा चढ्दै रहे ।

तर कसैलाई पनि हरि सुवेदीको रिक्सा चढेर कहीँ पुग्नुपर्ने थिएन ।

– सिन्धुली

# डायरी च्यातेँ

**वासुदेव अधिकारी**

पोहोर मैले कोलम्बोमा समुद्र देखेँ
समुद्रको छाल देखेँ
के चाहियो लेकालीलाई ?
म मोहित भएर पानीमा पग्लेँ
अग्लिएँ छालहरूसँग
चूपचाप घोरिएँ गहिराइसँग
मैले समुद्रमा हिमाल देखेँ
अथाह माया देखेँ
पाब्लोका कविता देखेँ
चुम्बनको मीठो प्रतिबिम्ब देखेँ

मैले समुद्र देखेँ
मैले छालहरू देखेँ
मैले छालै छालको डायरीले लेखेँ

समुद्र पनि
डायरीको समुद्र पनि
क्या सुन्दर, क्या मनमोहक ?
क्या मायालु, क्या सम्मोहक ?
मायै मायाको पानी
हितै हितको खानी

एक जूनको बिहान
जब एसियाली पृथ्वी हल्लियो
समुद्र बुसभन्दा चर्को रिसायो
ऊ आगो भएर उठ्यो
जेट भएर कुद्यो
सुनामीको नाममा
उसले ठूलो गर्जन गऱ्यो
बस्ती गयो
फनक्क रेखी हाल्यो
र मृत्यु वर्षा गऱ्यो
ऊ प्रलय भयो
किनाराका हजारौँहजार अँगालो बगायो
लाखौँलाख चुम्बन बगायो
बस्ती बगायो
बंश बगायो
र बित्यासको गीत गायो

हिमालको काखबाट मैले
छालको अँगालोमा बेरिएको जीवन हेरिरहेँ
पलभरमै तिनको मृत्यु रूपान्तरण हेरिरहेँ
चिताउनासाथ
पछार्न सकिन मैले छाललाई समुद्रमा
बेरिनासाथ छालबाट
आफूतिर थुत्न सकिन मैले मानवलाई
हेरिरहेँ बित्यास
गनिरहेँ लाश
झारिरहेँ आँसु

काँडा भएर आयो समुद्र मलाई घोच्न
तूफान भएर आयो छाल मलाई लिन
समुद्रका प्रत्येक छाल सुनामी भयो
समुद्रका प्रत्येक जलकण बद्नाम भयो
असह्य भयो
अतिसार भयो
मैले पोहोर लेखेको सामुद्री डायरी च्यातेँ
डायरीमा उल्लिखित उमंग
भुइँमा झारिदिएँ

– धादिङ





# अँध्यारोमा जुनकीरी खोज्दै

**इन्द्रकुमार श्रेष्ठ 'सरित्'**

सहर पसेर धेरै पढ्ने, धेरै पढेर राम्रो आम्दानी हुने जागीर खाने, राम्रो जागीर खाएर आमाबाबुलाई सहरमा ल्याएर सुखमा पाल्ने सपना बोकेर प्रत्युष सहर पस्यो । कहिले होटलमा भाँडा माझेर त कहिले रिक्सा ठेलेर भए पनि उसले स्नातक तहको परीक्षा उत्तीर्ण गऱ्यो । ठूलो पदको जागीर खाएर एकमुठी प्राण धान्ने उसको सपना झनै मनमा धपधपी बल्न थाल्यो । त्यसमाथि गाउँमा बस्नै नसकिने अवस्था भएको खबर पाउँदा बाबुआमालाई पनि सहरमै ल्याएर राख्ने उसको अभिलाषा( लाई मूर्तरूपदिन पनि उसलाई अब राम्रो जागीरको झनै आवश्यकता परेको थियो ।

सहरको भित्री गल्लीको अँध्यारो र दुर्गन्धित कोठाबाट निस्किँदा जहिले पनि प्रत्युषले यो कहालीलाग्दो जीवनबाट छुट्कारा पाउने कामना गर्दै सुन्दर जीवनको मीठो सपना देखेको हुन्थ्यो । दिनभरि जागीर खोज्नका लागि ऊ आधारातमा उठेर अर्काको ट्याक्सी धुन्थ्यो र आधा रातसम्म फेरि ट्याक्सी नै धोइरहेको हुन्थ्यो ।

अन्तर्वार्ता सकिएर परिणामको प्रतीक्षा गरिरहँदा प्रत्युष दंग परेको थियो । किनभने विद्यालयको शिक्षकका लागि चाहिने योग्यता, अनुभव र तालिम ऊसँग सबै थियो । तर परिणामले उसलाई साथ दिएन । मनमा ठेस लाग्यो । उसको आँखा भरियो आँसुले । त्यही तोडमा ऊ प्रिन्सिपल भएको ठाउँमा पुग्यो । तर प्रश्नात्मक उत्तर पायो उसले ।

– के तिमी रिसाएर आएका अभिभावकहरूलाई लाली पोतिएको ओंठमा मुस्कान ल्याएर रिझाउन सक्छौ ?

- वरपरका टोलका नानीहरूद्वारा यो विद्यालयमा विद्यार्थीहरूको संख्या बढाउन सक्छौ ?

– के तिमी हामीले सोचेझैं-खोजेझैं महिला शौचालय प्रयोग गर्ने हौ र हामीले तिमीलाई जागिर दिनुपर्ने .... ? ??? !!!" ।

– सम्पादक 'अयन'

• कविता

## हराएको शान्ति

**चन्द्रमान माली**

धेरै वर्षदेखि शान्ति हराएको छ
यताउती सबैतिर खोजेँ
कतै भेटिएन शान्ति
छरछिमेकमा सोधेँ
वल्लो घर पल्लो घर खोजेँ
कतै भेटिएन शान्ति ।
अखबारमा सूचना प्रकाशित भयो
शान्ति हराएको
रेडियो र टेलिभिजनमा पनि
सूचना प्रसारित भयो
शान्ति हराएको
तर अझैसम्म फेला परेन
हराएको शान्ति ।

– बुंगमती, ललितपुर

# शिष्टाचार

✍ आर.आर. चौलागाईं

ऊ गुरू रामनाथलाई निकै आदर गर्थ्यो। भन्ने गर्थ्यो "रामनाथ गुरू मेरा श्रद्धेय पात्र हुनुहुन्छ । वहाँबाटै मैले साउँ अक्षर सिकें। वहाँले नै मलाई छात्रवृत्ति मिलाइदिनु भो। जीवनभरको निम्ति म वहाँप्रति ऋणी छु।" त्यसैले ऊ गुरूलाई जहाँ भेटे पनि दुई हात जोडेर दण्डवत गर्थ्यो।

उसले प्रवेशिका उत्तीर्ण गऱ्यो र कलेज पढ्न थाल्यो। अब भने उसमा अलि( अलि परिवर्तन आउन लाग्यो । गुरूलाई भेट्दा पहिला दुई हात जोडेर नमस्ते गर्ने मान्छे अब एउटै हातले काम चलाउन थाल्यो। उसले स्नातक गऱ्यो। अब एउटा हात पनि उठाउन छोडेर मुखले मात्रै नमस्ते भन्न थाल्यो। डिग्री सिध्यायो। ऊ गुरूलाई मुखले पनि नमस्ते भन्न छोड्यो र भेट्दा पनि नचिनेझैं गर्न थाल्यो।

अचेल ऊ ठूलो प्रोजेक्टमा काम गर्छ । महिनामा पचासौं हजार खान्छ । ठूलो घर छ । सुन्दर श्रीमती छे । कार चढेर हिंड्छ। मोबाइल बोक्छ। ऊसँग के छैन ? सबथोक छ।

धेरै वर्षपछि उसको भेट गुरूसँग भयो । उसको उन्नति देखेर गुरू खुसी देखिन्थे । तर उसले गुरूलाई चिनेर पनि चिनेन। गुरूसँग बोल्दा आफ्नो इज्जत जाने कुरा सोच्यो। कुनै वास्ता गरेन। मुन्टो बटारेर हिंड्यो। बेलुकी श्रीमतीसँग भन्दै थियो - "म यति ठूलो मान्छेलाई भेट्दा पनि नमस्ते नगर्ने ? साला रामनाथे !"

– हेटौंडा

---

# अभिनय

✍ जुनु क्षेत्री

वरपिपलको चौतारीमा मानिसहरू भेला भएका छन्। ऊ पनि त्यहाँ पुग्छ। एक भलाद्मी धुमपान-मदिरापानले जीवनमा पार्ने असर र खतराको बारेमा चेतनाप्रद कुराहरू माइकमा भन्दै हुन्छन् । उनको पालो सकिएपछि अर्को सुकिलो पहिरन भएका शान्त र गम्भीर देखिने भलाद्मीले पनि धुम्रपान-मदिरापानले स्वास्थ्यमा पार्ने हानीलाई बडो रोचकतासाथ उजागर गर्छन्। साथै धुम्रपान-मदिरापान बेचबिखनमा रोक लगाउनुपर्ने इच्छासमेत प्रकट गर्छन् । उनीहरूका कुराहरू सबै मान्छेले ध्यानपूर्वक सुन्छन्। उसलाई पनि उनीहरूका कुराहरू राम्रा लाग्छन् । ऊ धुम्रपान-मदिरापान कसैले पनि नगरोस् भन्ने कामना गर्छ।

साँझमा बजारबाट घर फर्कदै हुन्छ । उसका आँखाहरू दुईजना मानिसमाथि टक्क अडिन्छन् । आफ्ना आँखाहरू राम्ररी मिचेर अझ गौर गरेर हेर्छ। दिनमा चौतारीमा धुम्रपान-मदिरापान विरुद्ध भाषण दिने ती दुई भलाद्मी अस्वाभाविक रूमा हल्लिँदै, लर्खराउँदै र बकबकाउँदै हिंड्दै गरेको देख्छ। एकले अर्कोलाई सहारा दिए पनि दुवै असमर्थ देखिन्छन् । आफै ढलूँला झैं हुन्छन् । एउटा कुकुर तिनीहरूलाई भुक्दै हुन्छ । ती दुई भलाद्मी चुरोटको धुवाँ उडाउँदै उसकै अगाडिबाट जान्छन्। ऊ तिनीहरूले चौतारीमा धुम्रपान-मदिरापान विरुद्ध गरेको अभिनय सम्झेर फिस्स हाँस्छ।

– कलैया, बारा





# उज्यालो अँध्यारो एक निमेष

✍ प्रतिरोध कार्की

उज्यालोतिर मनमस्तिष्क फर्किएर बसेको छ । रातको निष्पट्ट अँध्यारो पनि उज्यालोमा परिवर्तन हुन्छ । दिन त आफैमा छँदैछ । कहिलेकाहीँ दिन पनि अँध्यारोतिर हान्निएको आभाष हुन्छ । आकाशमा कालो धब्बा देखिएको बेला पहाडी रानी शिर झुकाएर लजाउँछे। त्यही मौकामा आकाशले पर्दा हाल्दा दिन निष्पट्ट भएको देखिन्छ।

मानिसको मस्तिष्क अँध्यारो कुनामा रहँदैन । निस्सासिएको घ्याम्पामा पेलिएर झरेको रसमा कति साह्रो भुलेको भनेर कसैले प्रश्न गऱ्यो भने त्यतिबेला उसले जवाफ दिनेछ- म भुलेको होइन मेरो अँध्यारो मन भुलेको । रनबनमा धुनले लागिपर्छ निस्सार किराहरूझैं एकलासमा कराउँछ आकाशतिर फर्किएर तड्पी तड्पी । पत्तो छैन मनको बास कहाँ गएर अड्किने वा अल्झिने हो । हुलिया नचाहने हो भने अनकण्टारमा हराउँछ जसरी यतिबेला उज्यालोको प्रतिक्षामा बसेको त्यो सारा जंगलको सपना एक्लै एक्लै भौंतारिरहेछ त्यसरी नै भौंतारिन्छ उसको कोमल छाया-प्रतिछाया।

अँध्यारोहीन उज्यालोतिर लम्केका पदचाप गडपगडप अगाडि बढ्छन् । 'सम्मो' समथर वा खाडल अचाक्ली जस्तो छ त्यस्तै नाघ्छन् तर फर्कदैनन् पछाडि कुर्कच्चा फर्काएर मुर्कुट्टाजस्तै। जो अदृश्य छ- हामीमा अदृश्यताको सीमाङ्कन भएको छैन तापनि रेखाङ्कन भएको मान्नुपर्छ। विशालतामा बाँधिएका कल्पनातिररंगहरू कैद गर्ने यो दुनियामा आफैभित्रको रंगहीन मैदान निराकार भएको आभाषमा कति निष्पट्टताको संवेदना खेपिइरहने ?

लाकोसेराहरूलाई अँध्यारो उज्या( लोको लेखाजोखा, हिसाब किताब हुँदैन । चमेरालाई पनि दिनमा रात, रातमा दिनको अनुभूति भइरहन्छ। मानिसलाई दिन पनि उज्यालो रात पनि उज्यालो चाहिन्छ । कृतिम उज्यालो चाहिन्छ । दिउँसो निराकार बादल छायो भने अर्थात् कोठामा मुक्त उज्यालो छैन भने उसले चमकदार वस्तुको प्रयोग गर्छ-गर्छ । चिरहरण गर्न खोजिएकावस्तुलाई त झन् उसले सदाका लागि उज्यालोमा प्रदर्शनी गरिदिन्छ । अँध्यारो उज्यालो, उज्यालो अँध्यारो एक सिक्कका दुईपाटा हुन् । प्राकृतिक र ध्रुव सत्य यी दुई वस्तुलाई मानिसले एकै रूपमा प्रयोग गर्न चाहन्छ। जसका कारण रातोदिन उज्यालोकै खोजीमा उसको मन मस्तिष्क दौडिराखेको हुन्छ। पुष्पक विमान र अहिले रेलगाडीजस्तै छ्याक छ्याक दौडिरहन्छ । रेलको लिग कहिलेकाहीँ तलमाथि हुँदा रेल ठूलै दुर्घटनामा पर्छ। त्यतिबेला मानिसले खोजेको दिलचस्पी उज्यालोको महिमाले बाटो बिराउँछ, दुर्घटना हुन्छ, सयौं हताहत हुन्छन् तर विचलित हुँदैहुँदैन । एक अठोट निश्चित गरिराख्छ- गरिराख्छ । त्यसैमा खबरदारी गरिरहेको हुन्छ- 'बलात्कार नगर्नु लाटीलाई कुनै दिन अंश मात्र हैन वंश पनि आफ्नो

वशमा पार्न सक्छे ।'

आवाज स्वतन्त्र रहन्छ । उज्यालोको आवाज आवाजको भन्दा स्वतन्त्र र उन्मुक्तरहन्छ । नसुनिएको सुरिलो आवाज जमा प्रकटिकरण भयो भने पनि आश्चर्य मान्नुपर्दैन रूपरचना र विम्ब प्रतीक पुरक हुनसक्छ । उज्यालो आउने प्रतिक चाहिँ रातमा नै गर्भाधान भइसकेको हुनुपर्नेछ । जसका निम्ति प्रसूतिमा कुनै अन्याय सहनु नपरोस् । अमूर्त कला संरचना संरक्षित होस्, जहाँबाट निन्याउरो उज्यालो होइन हँसिलो-टाठिलो उज्यालो झुल्कियोस् । हामी अमूर्त हेर्न चाहँदैनौं- देख्न सक्दैनौ, छुन र टिप्न पनि जाँदैनौं बरु वर्षौंसम्म पेटीकै बास बस्छौं अँध्यारो नै सहन्छौं आँखा चिम्लन्छौं उधारो उज्यालो लिँदैनौं । सापटी उज्यालो माग्दैनौं स्वाभिमानमा दृढ छौं । एकै छिन कल्पना गर्नुसत महोदय रातले पनि हार खाएको छ । ट्युवलाइटसँग विस्तारै पराजित हुन्छ-हुन्छ । साँच्चै हामी कल्पना गरौं त रातलाई सदाका लागि उज्यालो बनाउन गैंती, खन्ती र कुटोले मात्र पुग्छ कि साधनस्रोत सम्पन्न मस्तिष्क पनि चाहिन्छ ?

यसको मान सम्मान पद्वी खुलाउँदा हिम्मतीलो हृदयलाई परिचालित गर्नुपर्छ जसरी पहाडी रानीले रातै पारेर गुराँस फुलाउँछे र रातलाई दिनमा परिणत गरिदिन्छे । त्यतिबेला लाटकोसेरो पनि आएर झुम्मी झुम्मी पहाडी रानीको गाला मुसार्छ । त्यतिबेलाको चरित्र देखेर तपाईंलाई इर्ष्या लाग्छ भने रातसँग संघर्ष गर्न ट्युवलाइटले जस्तै विस्तार विस्तार कदम अगाडि बढाउनुपर्छ । जहाँबाट हामीले सुदूर उज्यालोको आशा गर्न सकिन्छ ।

– चौंलाखर्क-३, सोलुखुम्बु

## गजल

भागवत आचार्य

निरन्तर उज्यालोको आश जिन्दगानी
यथार्थमा एक मुठी सास जिन्दगानी ।

जीवन फुल्न जान्नुपर्छ फल्न जान्नुपर्छ
कला जाने ईश्वर हो खास जिन्दगानी ।

अन्धो मान्छे खोज्छ पद-पैसा-सुरा-सारी
यही जीवनसार सोचे भास जिन्दगानी ।

शरीर नै 'म' हुँ भन्ने भ्रममा बाँच्छ मान्छे
'आत्मा' चिन नत्र मनको दास जिन्दगानी ।

व्याधा बालमिकी भए, सिद्धार्थ ती बुद्ध
रावण कंश बाँचे हुन्छ नाश जिन्दगानी ।

स्वच्छ सफा मन भए यै धर्ती हो स्वर्ग
नत्र ज्युँदै मरे सरी लास जिन्दगानी ॥

– खोटाङ





# निंद्रा र वर्तमान

मणि कोइमी

ओछ्यानबाट
लथालिङ्ग हराएको निंद्रा
धुइँधुइँती दुरुस्त खोजिरहेछ वर्तमान
बरोबर
खुम्च्याएर निधारको आयतन ।

यतिखेर
वर्तमानलाई निंद्रा खोज्नु
एकमुखे रुद्राक्ष खोज्नु बराबर भैसक्यो
निंद्रा भेट्नु
एकलाश जंगलको मलम्दिमा भैसक्यो

कसुरले/विनाकसुरले
गाउँमा
कसैको ज्यान गुम्नु/गुमाउनु
भगिरथ होइन लाग्छ
अलिकति जेथो
एकसुर्को जमिन हराउनु
महाभारत होइन लाग्छ

तर आफ्नै ओछ्यानबाट
एकाकार जस्तै लाग्ने
अक्षुण्ण निंद्रा
अचानक गायव हुँदै जानू
सम्पूर्णता हराउनु भएको छ
यसअघि
बाह्रहातको टाङ्गोले भेट्न नसक्ने
निंद्रा खोजेर
काकाकूल बेहोरिरहेछ वर्तमान
प्रत्येक रात हरप्रहर
अनिंदो पहाड सुतिरहेछ वर्तमान ।

– बाँस्बोटे-५, उदयपुर

## गजल

गोविन्द ढकाल 'ढुङ्गेली'

धेरैपछि सपनीमा तिमी आयौ किन होला ?
मेरा सामु नछुट्टिने कसम खायौ किन होला ??

विपनीमा एकै झल्को देख्न पनि गाह्रो भयो
सपनीमै ओठ चुमी प्रित लायौ किन होला ?

बिर्सिएको मायाजाल बल्झिदियो आज फेरि
निस्सासिंदो रातमा तिमी एक्लै आयौ किन होला ?

रानीवनको न्याउलीले आफ्नो भाका फेरि-फेरि
गाए जस्तै विरही गीत धेरै गायौ किन होला ?

छाडी जाँदा टुक्रिएको हाम्रो मुटु जोडौं भनी
हात पसारी सपनीमै मनमा छायौ किन होला ?

हाल : सिराहा जिल्ला अदालत, सिराहा

# गजल

**राधा कँडेल**

पहाडको काखै मुनि एउटा घर सानु थियो
आफैँ सरे पाइलाहरू मलाई कतै जानु थियो

जेठको घाम आफू एक्लै घाँटी सुक्यो प्याक्क प्याक्क
पाएदेखि अलिकति पानी पनि खानु थियो

कति राम्रो कति सुन्दर घर कुन्नी कस्ले बनाएछ
माटाका ती भित्ताहरू खरको छानु थियो

ढुंगे धारा घर छेउमा कल कल बगिराको
पोतिएका भित्ताहरू बलेसी ओभानु थियो

मुस्काउँदै आयो एउटा नौजवान भित्रबाट
परिचय दियो आफ्नो नाम उसको ज्ञानु थियो

बोलौं भने के ठान्ने हो कतै केही भन्ने हो कि
अलिकति आफ्नै जस्तो धेरै बि'रानु थियो ।

– छत्रेदेउराली धादिङ

# गजल

**रश्मि असफल**

आफ्नै ठानी मायालुलाई बोलाएको छैन अझै
एकान्तमा एक्लै बसी टोलाएको छैन अझै

पर्खिरा'छ यी नयन बाटाभरि सधैं सधैं
अझै पनि जागै बस्छु लोलाएको छैन अझै

मनभित्रछ आत्मविश्वास मिठा सपनी पनि
रहरलाई थाँती राखी डोलाएको छैन अझै

दुःखमा त हाँसिरैछु पीडामा नि हाँसिदिन्छु
कसैको मीठो यादले मुटु पोलाएको छैन अझै

आफ्नै ठानी मायालुलाई बोलाएको छैन अझै
एकान्तमा एक्लै बसी टोलाएको छैन अझै

हाल : काठमाडौं





# मेरो माया : एक सम्झना

**श्रीमती कमल भण्डारी**

मेरो हृदयको स्पन्दन
तिम्रो त्यो दिव्य अनुहार
सधैं हेरिरहूँ हेरिरहूँ जस्तो लाग्छ
त्यो मुटुसँग यो मुटु साट्न पाऊँ
तिमीसँगको निरन्तर यात्रामा
अनन्तसम्म मित्रता गाँस्न पाउँ
हो, यस्तै यस्तै लाग्छ ।

२मेरो हृदयको देवता हौ तिमी सायद
त्यसैले
मायाको आगमनमा हरेक विहानीहरू
हाँस्छन्
चराको चिरबिरसाथ मधूर गीत गुन्जिन्छन्
जीवनमा हरियाली छाउँछ
विश्व ब्रम्हाण्ड सारा संसार
अनि तिम्रो मेरो मात्र हुनेछ ।
तिमी मेरो जीवन यात्राको साँच्चै आधार
फूलहरू तिम्रै लागि फुलेका छन् मुस्कान
छर्न, बासना छर्न
प्रकृतिको सौन्दर्य
मनको सुन्दरता
अनि तिमी र म
दुई मुटु एक हुँदैछन् ।
साँच्चै हो मैले बिर्सेकी छैन ।

सहायक प्राध्यापक (अंग्रेजी)
बालकुमारी कलेज, नारायणगढ

# गीत

**अच्युत रिजाल**

आज फेरि बिर्सिएको कथा याद आयो
धेरै धेरै भुल्न खोजें फेरि याद आयो ।

सम्झनाको परेलीमा अतीतको पाटो
छोपिएको थियो खेल जीवनको साटो
दिन ढली सबैतिर कालो रात छायो ......

एकै बनी बग्यौं कैले छुट्टिएर बग्यौं
जीवनको भेलसँग आफैलाई लग्यौं
शून्यमात्र समयले आज हात लायो.....

समयले फालिदियो यथार्थको बगरमा
तल तल तल गिऱ्यौं आपसको नजरमा
भन्छन् अरू आज भोलि बल्ल स्वाद
पायो.....

पोखिएर छताछुल्ल बगूँ भन्छ मन
सुनिदिने कोही छैन समयको धून
बग्यो भेल आँखाबाट जति बाँध लायो......

बिर्सिएरहाँसे पनि सुख छैन ज्यून
रोए पनि सकिंदैन क्यारे विष प्यून
बरू मनै भरि पीरै पिर खात लायो....

चाह थिए, मनभरि फूल सरि फुल्ने
अजम्बरी माया गाँसी बिहानीमा खुल्ने
जले खुसी सबै चिहानीको साथ पायो.....

– धादिङ

# गजल

✍ 'राज पाखे'

नयनका खुस्बु हेर मोतीजस्ता दाना आहा
सुख दुःख मिसिएका जीवनका पाना आहा ।

हरियाली यो देशको गुन्यु चोली थियो पहिले
फेसनले छोट्याएको यो देशको नाना आहा ।

पौष्टिक तत्व खाई बाजे हृष्टपुष्ट हुने गर्थे
फेसनले मगाएको चिकेन चिल्ली खाना आहा ।

कोकिल कण्ठे झ्याउरे गीतमा रमाउथे सबैजना ।
फेसनले बनाएको हिप्हप् डाङ्डुङ् गाना आहा ।

सीतापाइला-१, काठमाडौं ।

# गजल

✍ जरा सुवेदी

पसिना पसिना भएँ साथी ताप बढ्दै जाँदा
पाक्नुसम्म पाकेँ साथी राप बढ्दै जाँदा

बाँच्नेहरूलाई कठिन श्रमको संघर्ष गर्नुपर्ने
निर्धा सोझा मरिहाल्छन् चाप बढ्दै जाँदा

हो मा हो मिलाउने देखि जति सतर्क भए पनि
गति छाड्छन् हुत्तिहाराले पिठ्यूँमा धाप बढ्दै जाँदा

बढाइँ हुन्छ बढ्नेहरूको, उचाइ नभए पनि
सान्दाइलाई पिर हुन्छ सन्तानको नाप बढ्दै जादा

# आमा

✍ लक्ष्मी थापा

आमा तिमी धरती हौ
आमा तिमी आकाश हौ
स्वच्छ हिमाल पनि तिमी
निर्मल सागर तिमी नै हौ
सीता, बुद्ध जन्माउने
देवी पनि तिमी नै हौ
वीर योद्धा हुर्काउने
महान् नारी तिमी नै हौ

देवी दुर्गा सरस्वती
जति जे छन् तिमी नै हौ
प्रेम वर्षा वर्षाउने
बादल पनि तिमी नै हौ
आमा तिमी धरती हौ
आमा तिमी आकाश हौ

विश्रामपुर-९, रौतहट





# एउटा जिन्दगी

✍ प्रमोद पाण्डे

पखेटा नभएको पंक्षीजस्तो
न उड्नसक्छ
न त चुम्न सक्छ वनपाखाका सप्तरंगी
पालुवा
तथापि बाँचिरहेछ, बाँच्नको लागि ।

पहिरोले लान लागेको घरजस्तो
न रोक्न सकिन्छ, न त सकिन्छ छेक्न नै
कुनबेला हराउने हो
त्रासैत्रासमा बाँचिरहेको छ आस्था ।

भँगालोको बीचमा लरबराएको मान्छेझैं
न पारी तर्न सक्छ न सक्छ वारी फर्कन
कुन बेला डुब्नी हो कुन्नी ? थाहा छैन
होस-हवास गुमाएर पनि बाँचिरहेछ ।

कुमारी आमाको अवस्था
न इज्जत छ, न त सम्मान नै
केबल, घृणैघृणा र अपमानको खात बोकेर
बाँचेको अभिनय गरिरहेछ निरीहता ।

बौलाएको हात्तीझैं
ध्वंस र विध्वंसमा रमाउने
सधैं त्रास मात्र काखी च्याप्ने
ऊ ! कति घिनलाग्दो.....।

रेबिजद्वारा बौलाएको कुकुरझैं
टोक्नुमा नै रमाएर
मानवियता सबै गुमाइसकेको
पागलजस्तै बनिरहेछ ।

धमिरे माटोको विशालु च्याउजस्तो
सधैं सधैं जीवन झुक्याइरहने
विश्वास मार्नमा विश्वस्त
छ्या-छ्या ! कति नमिठो ।

सर्पले आधा निलेको भ्यागुताझैं
पुतली तान्न जिब्रो हल्लाउने
मृत्यु पर्यान्त लोभैलोभमा रमाउने
यही त भोगिरहेछ वर्तमान ।

पाखामा छटपटाइरहेको
पानीबिनाको माछोजस्तो
न आँखा देख्न सक्छ न सक्छ चिम्लिनै
बन्दी आँखामै चहराइरहेको
पीडायुक्त एउटा जिन्दगी ।

– ठूलोपर्सेल-२, काभ्रे

**विजयादशमी-२०६२ को उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासी एवं नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**रामविलास चौरासिया**
**सभापति एवं**
**जिल्ला विकास समिति, परिवार, बारा**

• कविता

# हामी नेपाली

✍ **गणेश रिजाल**

नेपालमा जन्म्यौं हामी भयौं नेपाली
हिमाल, पहाड, तराईका हामी नेपाली
फलाउँ फुलाउँ यै देशलाई एकजुट भई
भेदभाव गर्न छाडौं स्वस्थ विचार लिई
सीता जन्मिन् यै धर्तीमा बुद्ध जन्मे यहीं
जनकपुर र लुम्बिनीमा विभेद छैन केही
अम्बर सिंह र बलभद्रका सन्तान हौं हामी
अघि अघि बढ्दै जान्छौं हट्न हुन्न पछि
बुद्धबर्कत, पौरख जम्मै यही माटोमा छरौं

माटो राखी मुटुमाथि हाँसी हाँसी मरौं
नेपाल हाम्रो भातृभूमि यसको रक्षा गरौं
जहाँबाट जसले सक्छ सक्दो दुःख हरौं
सगरमाथा शिरहाम्रो तराई सबल पाउ
मेचीकाली सिङ्गो शरीर यसलाई जोगाउँ ।
नेपाल रहे हामी हुन्छौं सच्चा नेपाली
हिमाल, पहाड, तराईमा बस्ने नेपाली ।

– स्वाभिमानवस्ती डुमरवाना, बारा

---

• लघु कथा

# मानवसेवा

✍ **दीपक गौतम**

"आदरणीय महानुभाव !

हामीले हाम्रो अमूल्य जीवन त्यसै खेरै फाल्यौं भने जीवनको कुनै अर्थ रहँदैन । त्यसकारण सच्चा हृदयले मन, वचन र कर्मले मानवसेवामा लाग्नु नै मानव भएर ज्युनुको सार्थकता हो । आउनुस्, आजैदेखि एकआपसमा हातेमालो गर्दै दुःखी, दरिद्री, असहाय अनि आपद्‌विपद्‌मा परेकाहरूको उद्दार गरौं ।"

एउटा वरिष्ठ महानुभाव कोट, पाइन्ट, टाई, अनि सानदार जुत्ता लगाएर रेडक्रस दिवसका अवसरमा भाषण दिइरहेको थिए । भाषण मलाई अति नै राम्रो लाग्यो । सोचें विश्व बन्धुत्वले ओतप्रोत भएका भावनाहरू प्रष्फुटन गरेर मजस्ता सैयौं दर्शक अनि स्रोताका माध्यमबाट टाढिएका ती महानुभाव एक वरिष्ठ व्यक्तित्व रहेछन् ।

हामीबाट छुट्टिएर ती महानुभाव पजेरोमा चढेर गन्तव्यतर्फ लाग्दै थिए । म पनि मेरो कामविशेषले ती महानुभाव गएकै बाटो जाँदै थिएँ । बसमार्फत् केही पर पुगेपछि देखें एउटा खाते बालक सडक छेउमा प्लाष्टिक टिपेर हिंडिरहेको थियो । अकस्मात् पजेरोमा त्यो ठोक्किन पुग्यो र टाउकामा गम्भीर चोट लायो । त्यसपछि ती महानुभावले हत्तपत्त पजेरोलाई पछाडि हटाई पुनः बालकको शरीरमाथिबाट हुइँक्याएर अघि बढे । यो दृश्य हेरिरहेको मलाई ती महानुभावको मानवप्रतिको सेवाभावको तारिफ गर्न मन लाग्यो ।

–छतिवन-६, मकवानपुर



# गजल

✍ **शोभा थापा**

ननाच्नु कहिल्यै तिमी पराई गीतको तालमा नानी
फस्लाउ फेरि चरी सरी शिकारीको जालमा नानी

मिठो खाने राम्रो लाउने सबलाई हुन्छ एउटै धोको
लोभ गरे बिना किस्मत परिन्छ नि खालमा नानी

हिरोइन हुने जागीर खाने भन्ने धेरै मैयाँहरू
साव्है बिजोग भोगी रहेछन् हेर्न नसकिने हालमा नानी

जीवन बाँच्न सकिन्छ न मृत्यु साँच्न सकिन्छ
पहिले छटपटिंदै आत्मा मर्छ एड्सको महाकालमा नानी

लगाई पापी गिद्धे दृष्टि कोइली बनी गीत गाउँछ
नाच्ने रहर गर्नु हुन्न मारुनीको चालमा नानी

जति कुकुर भुके पनि स्याल ढुक्न छोड्या छैन
आफन्तै च्याल काढ्छन् बेइमानीको मालमा नानी ।

**विजयादशमी-२०६२ को उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासी एवं नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**शम्भुप्रसाद चौरसिया**
सभापति एवं
**जिल्ला विकास समिति, परिवार, पर्सा**

**विजयादशमी-२०६२ को उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासी एवं नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**ध्रुवराज लामा**
सभापति एवं
**जिल्ला विकास समिति, परिवार, रामेछाप**

**विजयादशमी तथा दीपावली -२०६२** को उपलक्ष्यमा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अम्बिकाप्रसाद रेग्मी**
जिल्ला शिक्षा अधिकारी एवं
**जिल्ला शिक्षा कार्यालय परिवार, दोलखा चरिकोट**

**विजयादशमी तथा दीपावली -२०६२** को उपलक्ष्यमा सम्पूर्ण उपभोक्ताहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राधेश्याम सिवाकोटी**
तथा
**हलखोरिया साझेदारी वन व्यवस्थापन तदर्थ समिति**
डुमरवाना, बारा

**विजयादशमी तथा दीपावली -२०६२** को उपलक्ष्यमा सम्पूर्ण ग्राहकहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**MICRO CONCERN**
G.P.O. Box : 10692, Putalisadak, Kathmandu, Nepal
Tel : 4244753, 4244228, Fax : 977-1-4244228
Email : smc@ccsl.com.np
SP Deals in Computer ink, Toner, Ribbon @ Stationeries

LEXMARK
HEWLETT PACKARD
Panasonic Canon
imation
NEC EPSON
mita OKI

**विजयादशमी तथा दीपावली -२०६२** को उपलक्ष्यमा सम्पूर्ण ग्राहकहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ओमप्रकाश अग्रवाल**
**पाइप एन्ड फिटिङ सप्लायर्स**
लाजिम्पाट, काठमाडौं

**विजयादशमी तथा दीपावली -२०६२** को उपलक्ष्यमा सम्पूर्ण ग्राहकहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**निप्पोन स्टेशनरी एण्ड सप्लायर्स**
Ram Shah Path, Putalisadak, Kathmandu, Nepal, Tel : 4243069

*Dealing with all kinds of Stationeries, Office items, Computer Accssories, Toners, Cartridges etc.*



**साझा प्रकाशनको बृहत प्रदर्शन तथा बिक्रीकक्ष तपाईंले हेर्नु भएको छ ?**

हरेक तहका पाठ्यपुस्तक तथा साहित्य, कला, संस्कृति, इतिहास, कानुन, व्यवस्थापन, शब्दकोष, ज्ञानविज्ञान तथा नेपाली वाङ्मयका साथै विदेशी पुस्तकहरूको अत्याधुनिक प्रदर्शन तथा बिक्रीकक्ष प्रदर्शनी मार्ग (विश्वभाषा क्याम्पस भवन) काठमाडौंमा खुलेको छ ।

**साझा प्रकाशन**
फोन नं. ४२२२२७२

**विजयादशमी तथा दीपावली -२०६२** को उपलक्ष्यमा सम्पूर्ण ग्राहकहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दुर्गाबहादुर श्रेष्ठ**
अध्यक्ष एवं
**नेपाल हिमालय सीमापार व्यापार संघ, महाबौद्ध काठमाडौं**

**विजयादशमी तथा दीपावली -२०६२** को उपलक्ष्यमा सम्पूर्ण ग्राहकहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गोपाल थापा**
प्रबन्धनिर्देशक
**त्रिशक्ति ओभरसिज सर्भिसेज**
नयाँबानेश्वर, काठमाडौं

**विजयादशमी तथा दीपावली -२०६२** को उपलक्ष्यमा सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावकहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शोभाकर दवाडी**
प्रधानाध्यापक एवं
**नमूना मच्छिन्द्र माध्यामिक विद्यालय, परिवार, लगनखेल**

# मानवता र मुक्तिका कवि गोकुलप्रसाद जोशी

कृष्णप्रसाद घिमिरे
नेपाली केन्द्रीय विभाग त्रि.वि.

जनकप्रसाद हुमागाईं (१९९४ असोज २८) काभ्रेको बलथलीमा जन्मेर साहित्य साधनामा समर्पित रहेका व्यक्ति हुन् । उनले कविता-काव्य, लेख-निबन्ध, बालकथाहरू लेखी प्रशस्तै पत्रिकाहरूको सम्पादन पनि गरेका छन् । समाजका अयथार्थ र भ्रमित कुराहरूलाई हटाई यथार्थ तथा तथ्य जीवनका पक्षहरूको उल्लेख गर्नमा उनको कलम चलेको पाइन्छ । भरखरै लामो समय र साध( नाको कोसेली नेपाली वाङ्मयका पाठकलाई पस्केर उनले आफ्नो अन्वेषक व्यक्तित्वको पहिचान गराएका छन् । उनको सो कृति हो- "मानवता र मुक्तिका कवि गोकुल जोशी ।"

तनहुँ जिल्लाको राइपुर खोलाखेत गाउँमा माता मनरूपा र पिता हरिलाल पोखरेलका माइला छोरा बनी गोकुलप्रसाद पोखरेलको जन्म वि.सं. १९८७-२०१८ हुन्छ । उनका तीन दिदी र एक दाइ छन् । सानैदेखि जोसिलो सङ्घर्षशील भएका कारण साहित्यिक रूपमा देखिंदा गोकुल जोशीको नामले चिनिएका हुन् । जोशी उनको थर होइन, साहित्यिक उपनाम हो । उनी त पानी पाखरेल हुन् । उनको थर पोखरेल भएको प्रमाण उक्त कृतिको पृ. २१-२२ मा हुमागाईंले प्रस्तुत गरेका छन् ।

यसरी गोकुल जोशीको बारेमा उनको जीवनका महत्वपूर्ण पक्षलाई उत्खनन् गरी जनकप्रसाद हुमागाईंले जनसमक्ष प्रस्तुत गरेका छन् । श्यामप्रसाद शर्माको प्रेरणाले यस कार्यमा लागे तापनि उनको अथक साधनाको समष्टि स्वरूप हो- "मानवता र मुक्तिका कवि गोकुल जोशी" पुस्तक । यसमा हुमागाईंको दीर्घ साधना, अटूट आस्था र विश्वास सत्रवटा आलेखहरूबाट छचल्किएको देखिन्छ । गोकुलको बाल्यकाल कसरी बित्यो ? उनी भारतको कुन-कुन ठाउँमा गई अध्ययनलाई अगाडि बढाउँदै जनचेतना जगाउने काममा सक्रिय रहे । २००७ पछिको परिवर्तनले गर्दा नेपालका विभिन्न भू-भागहरूको भ्रमण गर्दै गोकुलले के-के सिर्जना गरे ? आदि प्रश्नहरूको सटिक उत्तर उक्त कृतिमा पाइन्छ ।

महाभारतको कथामा "जेठो छोरो कान्छो नानी, माइँलो साहिँलो आनामानी" भएर गरिब ब्राम्हणको माहिलो छोरो बलिका लागि लगिएझैं गोकुलले नेपाली जनताको दुःख हटाउन आफूलाई समर्पण गरे । उनका बलिदानी जीवनकथाको रेखाङ्कनले नेपाली जनताप्रति समर्पित भएर लागिपर्ने हरेकलाई सजग गराएको छ । हुमागाईं स्वयम् स्रष्टा व्यक्तित्व भएकाले स्रष्टाको समस्यालाई समीचीन रूपमा समातेका छन् । उनले यसमा सरल व्यवहार र बोली वचनका धनी गोकुलको साहित्यिक व्यक्तित्वलाई द्रष्टा बनी सर्वेक्षण गरेका छन् । राम्रो काम गरेर पनि मृत्यु पछिका धेरै वर्षसम्म अपरिचित रहेका गोकुल जोशीलाई उत्प्रेरक व्यक्ति ठानेका छन् ।

गोकुल जोशीका बारेमा २०३९ सालदेखि बढी चर्चा हुन थालेको प्रसङ्ग कोट्याउँदै धेरै कविहरूले उनको विषयमा लेखेका कविताहरू पनि यहाँ सङ्गृहित गरिएका छन् । जसले उनलाई होचो कद भएका, मिजासिला, गरिबी उन्मूलन गर्न कसिएका, सरल व्यवहार मन पराउने, नेपाली जनताका प्रतिनिधि व्यक्तिको रूपमा रहेको देखाएका छन् । उनका कृतिहरूको सङ्क्षिप्त अनुशीलन गर्दा पनि कविहरूको भनाइमा यथार्थता पाइन्छ । सुकुम शर्माले 'गोकुल जोशीका सङ्कलित रचनाहरू २०५९" सम्पादन गरी प्रकाशन गरेको र सो कृतिमा उनका विषयमा जान्न चाहने जो कोहीलाई मीठो परिकार छ । त्यसैले व्यक्तिले होइन, संस्थागत रूपमा गोकुल जोशीका कृतिको अन्वेषण तथा प्रकाशन गरी पाठकसमक्ष ल्याउनुपर्छ भन्ने आन्तरिक मर्मलाई यसले उद्घाटित गरेको छ । असल समाजको निर्माणमा केन्द्रित व्यक्ति/संस्था र संस्कृतिको जगेर्नामा तल्लीन रहनु हामी सबैको दायित्व हो । यसलाई आफ्नो कर्मद्वारा केही मात्रामा हुमागाईंले देखाउनुभएको छ जुन प्रशंसनीय छ ।

# आर्यावर्त : एक प्रदक्षिणा

रमेशमोहन अधिकारी

टिएन् गोपीकृष्ण अधिकारीद्वारा रचित सत्रसर्गीय आर्यावर्त महाकाव्य मानिसमा बढ्दै गएको नीतिहीनता, व्यभिचारीपनप्रति इङ्गित तथा मानवकल्याणप्रेरित छ । पूर्वीय दर्शन प्रभावित यस महाकाव्यमा धर्मनिष्ठ शान्ति र धर्म पुत्र अप्राप्तिका पीडाले मर्माहत छन् । पूर्वजन्मका कारणले सन्तान प्राप्ति हुन नसकेको हो भन्ने पुरातनवादी सोच छ उनीहरूको । तसर्थ उनीहरू दुवै पुत्रप्राप्ति हेतु ईश्वर आराधना गर्दछन्, पुत्रेष्टि यज्ञ गर्दछन् तथा प्राप्त गर्न सफलसमेत हुन्छन् । पुत्र आर्यावर्त विस्तारै बढ्दै विवाहयोग्य वयमा प्रवेश गर्दछन् औ ध्रुव तथा शीलापुत्री गङ्गासँग गङ्गाकै रोजाइले दाम्पत्य सूत्रमा बाँधिन्छन् । विवाहपश्चात् देशाटन क्रममा उज्जयिनी पुग्दछन् । उज्जयि( नी नरेश सत्यब्रत उनीहरूको सल्लाह लिई शासन गर्दै रहन्छन् । समयक्रममा मुण्ड-मुण्डालनामक असुरहरू सेनासमेत प्रवेश गरेर उज्जयिनीबासीका राज्य, नीति, आचार, संस्कृति सब कुरा तहसनहस गरिदिन्छन् । परामर्श लिँदै निकै सोचेर-गमेर कदम चाली तिनीहरूमाथि विजय प्राप्त गर्न सफल हुन्छन् सत्यव्रत । पुनः सत्यव्रतका राज्यमा स्वावलम्बन, राष्ट्रप्रेम, धर्म तथा संस्कृति रक्षार्थ कार्यहरूले मौलाउने मौका पाउँदछन् ।

देशाटनबाट फिरेपछि आर्यावर्त नयाँ राज्यका राजा बनाइन्छन् र देशका हरेक क्षेत्रमा उन्नतिका द्वारहरू खोलिन्छन् ।

यस महाकाव्यको मूल उद्देश्य नै आ( ध्यात्मवादमा विश्वास स्थापित गर्ने भएक( ले आध्यात्मवादले मानिसलाई सत्मार्गमा डोऱ्याउँछ भन्ने कुरालाई चरितार्थ गर्दै सत्य केही समयका लागि पछि पर्नु परे तापनि एक न एक दिन पुनः सत्यको विजय भएर छाड्छ भन्ने धारणालाई पुष्टि गरिएको छ ।

निष्काम कर्मका वकिल महाकाव्यकार अधिकारी श्रमप्रति निष्ठवान् देखिन्छन् ।

व्यक्तिमा पारिवारिक संस्कारगत प्रभाव परेको हुन्छ भन्ने मनोविज्ञानजन्य कुरालाई समेत लेखकले प्रस्ट्याका छन् ।

कविले आजका मानिसलाई मातृभक्त, पितृभक्त, राष्ट्रभक्त तथा स्वावलम्बी हुन प्रेरणा दिएका छन् ।

गङ्गाको स्वयंवर गराउनुले कविले पूर्वीय वैवाहिक परम्पराको स्मरण गराउनुको साथै विवाहनिर्णयमा वधुको निर्णायक र महत्वपूर्ण भूमिका आवश्यक हुन्छ भन्ने दर्साउन खोजेका छन् ।

प्रस्तुत उपदेशात्मक महाकाव्यका रचनाकार आलङ्कारिक प्रयोगप्रति सचेत पाइन्छन् । प्रत्येक सर्ग ओमबाट सुरु गर्नु तथा एउटा पूरै सर्ग नेपाली वर्णमालाका प्रत्येक अक्षरबाट सुरु गरी टुङ्ग्याउनु उनको वैशिष्ट्य हो ।

प्रकृतिप्रति मोहित महाकाव्यकार युवासुलभ मनोविज्ञान व्यक्त्याउन पनि रसिक देखापर्दछन् ।सांसारिक मोह परित्याज्य अनुभूत गराउन खोजे पनि सांसारिक वस्तु (सम्भोग शृङ्गार) ले कविलाई चुइगमले भन्दा बढी नै लस्याएको छ । त्यसैले हुन सक्छ महाकाव्यकारले गङ्गाका अङ्ग प्रत्यङ्ग तथा गङ्गा-आर्यावर्त कामक्रिडा प्रसङ्गलाई रसिक पाराले प्रस्तुत गरेका छन् । पिता ध्रुवले गङ्गालाई घर पठाउने क्रममा दिएका अर्ती अनुशासनप्रिय हुँदाहुँदै पनि अटूट पतिभक्तिको अपेक्षा आदिकवि भानुभक्त आचार्यको ' वधूशिक्षा' लाई स्मरण गराउन सफल छ ।

कविमा कल्पनाशक्ति बेजोड छ । तसर्थ अतिशयोक्तिको आधिक्य देखिन्छ । प्रायः पूर्वीय महाकाव्यिक मान्यताबाट प्रभावित कवि टिएन गोपीकृष्ण अधिकारीले आ( जका विसङ्गत पक्षलाई औंल्याउँदै नेपाली जनमानसलाई सत्मार्गतर्फ अघि बढ्न प्रेरणा दिनु प्रशंस्य कुरो हो । आगामी दिनहरूमा कविबाट अझ परिमार्जित कृतिहरूको अपेक्षा गरिनु स्वाभाविक नै लाग्छ । अस्तु ।

चन्द्रनिगाहपुर-१, दुर्गाचोक, रौतहट

---

• लघु कथा

# प्रतीक्षा

**सविता रिमाल**

उसले अचानक भन्यो, "बुबा ! यसपाली दसैंमा चै खसी काट्ने ल । हो, यो उही मेरो छोरा कालेको अल्पकालीन आवाज थियो । उसको बोलीले विचलित तुल्यायो तर पनि मनमा आघात नपुगास् भन्ने मनसायले 'हुन्छ' भन्ने उत्तर दिएँ । आफूले खोजेको उत्तर पाउँदा काले खुसीले प्रफुल्ल भयो र त्यही खुसी बाँड्न बाटोतिर 'दसैँमा खसी काट्ने, दसैँमा खसी काट्ने' भन्दै दौडियो ।

केही छिनमा नै ऊ एउटा अप्रात्याशीत भीडमा आइरहेको रहेछ । त्यसको नेतृत्व गर्दै थिए पुराना साहु 'गीर्खबहादुर' । अचानक मनमा ज्वारभाटा चल्न थाल्यो । मैले मेरो दैलोसम्म गीर्खबहादुरको आगमनलाई प्रतीक्षा गर्न नपाउँदै, सगै रहेको बालक कालेको मानसपटलमा समेत दखल पुग्ने गरी कडा निर्देशन जारी गऱ्यो । तत्कालै कालेले जन्जीरमा बाँधिएको आफ्नो परिवारको अवस्था ध्यानमा राखी स्वयम्ले विवशताका साथ मासु खाने सपनालाई दीर्घकालीन रूपमा कुल्चियो । र कालेसाहु गीर्खबहादुरको अर्को आगमनलाई प्रतिक्षा गर्नथाल्यो ।

कक्षा : नौ, डुमरवाना, बारा